# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

विश्व पत्रकारिताको इतिहासमा नेपाललाई हेर्दा निकै नै पछि मात्र यसको विकास भएको देखिन्छ । नेपालमा छापाखानाको विकास पनि निकै ढिलो भएको हो । भारतभन्दा झन्डै तीन सयबर्ष पछाडी मात्र नेपालमा छापाखानाले प्रवेश गरेको हो । भारतमा सन् १५५० मा प्रेसले प्रवेश पायो भने नेपालमा विसं १९०८ मा १८५१ तिर जंगबहादुर राणा बेलायत भम्रणबाट फर्कदा फलामे हाते प्रेस ल्याएपछि मात्र विधिवत् रूपले प्रवेश पायो । यसैलाई गिद्धेप्रेस भनिन्छ । गिद्धको जस्तो पँखेटा र सो अंकित लोगो भएकोले गिद्धे प्रेस भनिदै आएको हो । यसरी सुरु भएको नेपाली मुद्रणकार्यमा नेपाली पत्रकारिताको प्रारम्भ भने मोतिराम भट्टद्वारा भएको हो । साहित्यको माध्यमबाट नेपाली भाषाको सेवा गर्ने भट्टले वि.स.१९५० मा सुधासागरको प्रकाशन गर्ने प्रयत्न थाले । यसै बीच उनको १९५२ मा निधन भएपनि पण्डित नरराजहरूले १९५५ मा सुधासागर प्रकाशित गरे । जुन नेपालबाट प्रकाशित पहिलो पत्रिका हो । यसअघि वि.सं १९४२ मा 'गोर्खा भारत जीवन' नामको पत्रिका मोतिराम भट्टले नै बनारसबाट प्रकाशन गरेका थिए । यस लगत्तै नेपाली पत्रकारिता सुरुवात र यस्को विकासक्रम भएको देखिन्छ । यसरी हेर्दा नेपाली पत्रकारिताको प्रारम्भिक स्थल बनारसलाई नै सम्झनु पर्दछ । नेपालमा जंगबहादुरले बेलायतबाट प्रेस ल्याएको झण्डै ५० वर्षपछि मात्र पत्रिकाको प्रकाशन भएको हो । 'सुधासागर' पछि नेपालबाटै नेपाली भाषामा प्रकाशित दोस्रो पत्रिका 'गोर्खा पत्र' हो । यो सन् १९०१ मा प्रकाशित भएको थियो । वि.सं. १९९१ सालदेखि शारदा साहित्यिक मासिक प्रकाशित भयो । यसको प्रकाशन सुव्बा ऋषिबहादुर मल्लले गरेका थिए । २००७ सालको प्रजातान्त्रिक संविधान मौलिक अधिकारका रुपमा वाक् तथा प्रकाशन स्वतन्त्रतालाई मान्यता दिएपछि पत्रपत्रिका प्रकाशनले जीवन पाएको हो । वि.सं. २००७ फागुन ७ गते राणाशासनको औपचारिक समाप्ति र प्रजातन्त्र स्थापनाको घोषणा सँगै नेपालमा पत्रकारिताको वास्तविक सुरुवात भयो । राजा त्रिभुवनले प्रजातन्त्र घोषणा गरेको भोलिपल्टै युगकवि सिद्धिचरण श्रेष्ठको सम्पादनमा नेपालकै पहिलो दैनिका रुपमा आवाज दैनिकको प्रकाशन सुरु भयो । यसपछि विभिन्न

रुपरङ्ग र लक्षित पाठक भएका अनगिन्ती पत्रपत्रिकाहरू प्रकाशित हुन थाले । राजा महेन्द्रले वि.स २०१७ पुष १ गते पञ्चायती व्यवस्थाको सुरुवात गरेपछि वि.सं. २०४६ साल चैत्रसम्म नेपाली प्रेस जगत निकै उथलपुथल भयो । फस्टाउन लागेको प्रेस जगतलाई निरुत्साहित गरियो । प्रेस स्वतन्त्रताको दृष्टिकोणबाट राणा शासनपछि पञ्चायतकाल सवैभन्दा कठोर र दमनपूर्ण कालखण्ड रह्यो (आचार्य, २०६७) । वि.स २०४६ साल चैत्र २६ गते प्रजातान्त्रिक बहुदलीय व्यवस्थाको पुनर्बहाली भएदेखि राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन सुरु हुनुपुर्वको समयमा आमसञ्चारको क्षेत्रमा व्यापक कान्ति आयो । धेरै पत्रपत्रिकाहरू प्रकाशनमा आए । यही कालखण्ड वि.सं. २०५२ साल कार्तिक ३० गतेदेखि रेडियो नेपालले फ्रिक्वेन्सी मोडुलेसनबाट आफ्नो प्रसारण सुरु गर्‍यो । वि.सं. २०६२/०६३ सालको जनआन्दोलन पछि नेपालमा सञ्चारमाध्यमको तिव्ररुपमा विकास भएको छ ।

वि.सं २००८ सालमा प्रकाशित 'महिला' मासिकबाट पत्रकारिता क्षेत्रमा सुरु भएको नेपाली महिलाको उपस्थिति वि.स २०७३ सम्म आइपुग्दा ठूलो फड्को मारेको छ । नेपाल पत्रकार महासंघको तथ्याङ्क अनुसार अहिले नेपालमा १० हजार ७७ पत्रकार छन् । यसमध्ये १ हजार ६ सय ५१ महिलाको संख्या छ (नेपाल पत्रकार महासंघ, २०७३) ।

यो नेपाल पत्रकार महासंघको कुल सदस्य संख्याको करिव १७ प्रतिशत हन्छ । पछिल्लो समयमा पत्रकार महिलाको संख्या बढ्दो छ । यसैलाई आधार मान्ने हो भने पनि पेशाप्रतिको आकर्षणको कारण पत्रकार महिलाको संख्या अझै बढ्ने क्रममा छ । रेडियो, टेलिभिजन, छापा र अनलाइन सबै सञ्चारमाध्यमहरूमा महिलाहरूको सहभागीता रहेको छ । नेपाल पत्रकार महासंघका अध्यक्ष डा. महेन्द्र विष्ट पछिल्लो समय पत्रकारिता क्षेत्रमा महिलाको आकर्षण बढ्दै गएको बताए ।

"नेपाली पत्रकारितामा महिलाहरूको प्रवेश सर्वश्री कुमारी कामाक्षी र कुमारी साधना प्रधानद्वारा सम्पादित भई वि. सं २००८ साल ज्येष्ठमा प्रकाशित भएको 'महिला' नामक नेपाली भाषाको मासिक पत्रिकाबाट शुरु हुन्छ" (देवकोटा, २०५९) । महिलाहरूद्वारा सम्पादन गरी प्रकाशन गरिएको यो नेपालको पहिलो पत्रिका हो । यहि पत्रिकाको प्रकाशनबाट नेपालमा महिलाहरूको पत्रकारितामा प्रवेश भएको हो । यो पत्रिका नेपाल महिला

संगठनद्वारा प्रकाशन गरिएको थियो । तर यो पत्रिका प्रकाशन भएको केही समयपछि बन्द भयो । (देवकोटा, २०५९) ।

लैंगिक आधारमा संगठित नेपाली महिला सञ्चारकर्मीहरूको हितमा क्रियाशिल संस्था सञ्चारिका समूह २०५४ साल वैशाखमा स्थापना भएको हो । यसको संस्थापक अध्यक्ष प्रेमकुमारी पन्त हुन् (बस्नेत, २०६४) । पत्रकार महिलाहरूकै हितका लागि भनेर सन् २००६ मा क्रियाशिल पत्रकार महिला संस्थाको स्थापना भयो । क्रियाशिल पत्रकार महिलामा आवद्ध पत्रकार महिलाहरूको संख्या ५ सयको हाराहारीमा रहेको अध्यक्ष शुभेच्छा विन्दु तुलाधरले बताइन् ।

नेपाल पत्रकार महासंघ कास्की शाखाको २०७३ को तथ्याङ्क अनुसार महासंघको कास्की शाखामा ३ सय ११ जना पत्रकार सदस्य रहेका छन् त्यो मध्ये पत्रकार महिलाको संख्या ५० रहेको छ । नेपाल पत्रकार महासंघ कास्की शाखामा ५० जना पत्रकार महिलाहरू आवद्ध भए पनि हाल सञ्चारमाध्यममा क्रियाशिल पत्रकार महिलाहरूको संख्या करिव ५० प्रतिशत मात्र रहेको छ ।

पछिल्लो समयमा एफएम रेडियोको स्थापनासँगै समाचार कक्षमा काम गर्ने पत्रकार महिलाहरूको संख्या पनि बढ्दो छ । सूचना तथा सञ्चार मन्त्रालयको पछिल्लो तथ्याङ्क अनुसार नेपालका ७५ वटै जिल्लामा ५ सय ८३ वटा रेडियोले इजाजत भएका छन् भने ५ सय भन्दा बढी रेडियोहरू प्रशारणमा रहेको सुचना तथा संचार मन्त्रालयको श्रव्य तथा दृश्य शाखाले जनाएको छ (सुचना तथा सञ्चार मन्त्रालय, २०७३) ।

कास्की जिल्लामा मात्र २४ वटा रेडियो प्रशारणमा रहेका छन् । जिल्ला प्रशासन कार्यालय कास्कीमा २०७३ असार मसान्तसम्म जिल्लामा २७ वटा दैनिक पत्रिका, ५५ वटा साप्ताहिक, १२ वटा पाक्षिक, ३६ वटा मासिक, १० वटा द्वैमासिक, १४ वटा त्रैमासिक, १ वटा चौमासिक र ४ वटा वार्षिक गरी १५९ वटा पत्रिका दर्ता भएका छन् ।

कास्कीमा पत्रकारितामा प्रवेश गरेदेखि यो पेशामा निरन्तर क्रियाशील रहेका छन् । कास्कीमा बाट प्रकाशित हुने पत्रिकाहरूमा दैनिक, साप्ताहिक र मासिकमा गरी ४ जना पत्रकार महिलाहरू सम्पादकको रुपमा क्रियाशील छन् । कास्कीबाट प्रसारण भइरहेका

एफ.एम स्टेसनहरू मध्ये तीनवटामा महिलाहरूले ब्यवस्थापकीय जिम्मेवारीमा नेतृत्व गरिरहेका छन् । जसमा एक जनाले प्रबन्ध निर्देशकको रुपमा र दुई जनाले स्टेसन म्यानेजरको रुपमा नेतृत्व लिइरहेका छन् । कास्कीमा क्रियाशील पत्रकार महिलाहरू मध्ये दुर्गा अधिकारी आफ्नै लगानी र स्वामित्वमा रेडियो सफलता स्थापना गरेर प्रवन्ध निर्देशकको रुपमा कार्यरत हुनुहुन्छ । कास्कीको पोखरा उप महानगरपालिका वडा नं ८ मा महिलाहरूद्वारा रेडियो जननी सञ्चालनमा रहेको छ । माछापुच्छ्रे एफएमका स्टेसन म्यानेजरको रुपमा कञ्चन थापा रहनुभएको छ । रेडियो तरङ्गको समाचार र कार्यक्रम प्रमुखको रुपमा रविना आले मगर क्रियाशील रहनुभएको छ । यसैगरी कास्कीमा ४ जना पत्रकार महिलाहरूले सम्पादक तथा प्रकाशकको रुपमा दैनिक, साप्ताहिक र मासिक पत्रिकामा क्रियाशील रहेका छन् (अनुसूची १)

पत्रकारिता क्षेत्रमा महिलाहरूको आकर्षण बढिरहेको छ । यसै परिपेक्षमा कास्की जिल्लामा क्रियाशील पत्रकार महिलाहरूको सहभागिताको बारेमा यो शोध अध्ययनले विश्लेषण गरेको छ । यो विषयमा हालसम्म अध्ययन अनुसन्धान नभएकोले यो विषयमा अध्ययन र अनुसन्धान गरी कास्कीमा क्रियाशील पत्रकार महिलाहरूको आर्थिक तथा सामाजिक अवस्था र चुनौतीलाई उजागर गर्नु अध्ययनको उद्देश्य रहेको छ ।

## १.२ समस्याको कथन

नेपालमा २०४६ सालको प्रजातन्त्र पुनःस्थापनापछि उदार सञ्चार नीतिका कारण ठूला आकारका ब्रोडसिट दैनिकको प्रकाशन, रेडियो र टेलिभिजनको प्रशारण र अनलाइन सञ्चारमाध्यमहरू खुल्ने क्रम तीव्र रुपमा बढेको छ । बढ्दो सञ्चारमाध्यमको संख्यासँगै यो क्षेत्रमा काम गर्ने पत्रकार महिलाहरूको संख्या पनि बढ्दै गएको छ । तर यस क्षेत्रमा क्रियाशील पत्रकार महिलाहरूले यो पेशालाई लामो समयसम्म निरन्तरता दिन भने सकिरहेका छैनन् । पेशागत सुरक्षा, रोजगारीको ग्यारेण्टीको अभाव, मासिक तलब समयमा नपाउने र काम गर्ने समय निश्चित नहुँदा पत्रकार महिलाहरूले यो पेशालाई निरन्तरता दिन नसकेका हुन् । पत्रकारिता क्षेत्रमा निर्णायक तहको जिम्मेवारी पाउने पत्रकार महिलाहरूको संख्या पनि न्यून छ । सरकार र विभिन्न क्षेत्रबाट समेत पत्रकार महिलाहरूको सीप विकास, प्रोत्साहन, रोजगारको ग्यारेन्टीजस्ता कार्यहरूका लागि पहल नहुँदा

महिलाहरूको आकर्षण पत्रकारिता पेशामा क्षणिक रुपमा मात्र देखिएको छ । पुरुष पत्रकारको तुलनामा महिला पत्रकारलाई स्वतन्त्र भएर पत्रकारिता पेशामा क्रियाशील हुन कठिनाई हुँदै गएको छ । घर परिवारलाई सन्तुलित रुपमा राख्नुपर्ने, साधन र स्रोतको पहुँच कम हुने, नियुक्तीपत्र तथा सेवासुविधा कम पाउने, संचारमाध्यममा महिला मैत्री वातावरण नहुने लगायतका कारणले महिलाहरूका लागि पत्रकारिता क्षेत्र चुनौतीपूर्ण रहेको छ । अझै पुरुषद्वारा पुरुषका लागि पुरुषकै विचार र निर्णयले पत्रपत्रिका प्रकाशित तथा एफ.एम रेडियो प्रशारित छन् । हाम्रो सामाजिक परिवेश र सोचाई संचारमा महिलाहरूको समस्याको मुल जड हो । पुरुष पत्रकारहरूको तुलनामा महिला पत्रकारहरू जतिवेला भन्यो त्यतिवेला घरबाट बाहिर निस्कन पाउँदैनन् । विवाहपछि महिलाहरूलाई पत्रकारिता गर्न झनै गाह्रो छ । जे जतिले निरन्तरता दिइरहेका छन् त्यो उनीहरूको भित्री इच्छाशक्ति बलियो भएर मात्र सम्भव भएको हो । यो पेशामा न पैसा छ, न कुनै खासै सुविधा (राणा र अन्य, २०६२) ।

"पत्रकारिता क्षेत्रमा जसरी महिलाको संख्या बृद्धि हुदै गएको छ । त्यही अनुपातमा यस पेशाका चुनौतीहरूसँग जुध्दै पेशामा निरन्तर टिक्ने सन्दर्भमा भने अहिले पनि निराशाजनक अवस्था भेटिन्छ । पत्रकारिता पेशाबाट कमाइने सार्बजनिक लोकप्रियताका कारण यस पेशामा पुरुष वा महिला सबै आकर्षित बन्न पुग्दछन् । पत्रकारिता पेशामा प्रवेश गर्न कुनै निश्चित लाइसेन्स वा विशेष मापदण्ड पुरा गर्नुपर्ने कुनै बाध्यात्मक व्यबस्था नभएको कारण उच्च शिक्षा अध्ययनको शुरुवातबाटै यस पेशामा आकर्षित युवा पुस्ता सहभागी हुने गर्दछन्" (खड्का, २०६९) ।

भनिन्छ, पत्रकारको ड्युटी चौविसै घण्टा हुन्छ । आफ्नो कार्य अवधि निश्चित समय भए पनि विशेष रिपोर्टिङको सिलसिलामा रात-बिहान नभनी खट्नुपर्ने हुन्छ । यस पेशामा प्रवेश गरिसकेका पत्रकार महिलाहरू जब वैवाहिक जीवनमा प्रवेश गर्दछन् वा बच्चाको जिम्मेवारी सम्हाल्नुपर्ने परिस्थितिमा हुन्छन् यस्तो अवस्था पछि करिव २५ प्रतिशत महिलाहरू यस पेशाबाट पलायन भई अन्य पेशा रोज्न पुग्छन् भने लामो समय पत्रकारिता पेशामा जमेर आफ्नो पहिचान बनाइसकेका केही महिलाहरू पेशाको जटिलता र आर्थिक असुरक्षाका कारण पनि राम्रा अवसरहरू आउने बित्तिकै अर्को पेशामा प्रवेश गरिहाल्छन् (खड्का, २०६९) ।

कास्कीमा पत्रकारिता पेशामा युवा महिलाहरूको आकर्षण जुन रुपले बढेको छ । त्यही मात्रामा केही वर्ष क्रियाशील भएका महिला पत्रकारहरू यो पेशाबाट पलायन हुँदै गएका छन् । विशेष गरी महिलाहरू विवाहपछि पारिवारिक र सामाजिक दायित्वका कारण पेशाबाट पलायन भइरहेका छन् । यो पेशाबाट जीविकोपार्जन गर्न सक्ने अवस्था नभएपछि पत्रकार महिलाहरू यो पेशााबाट पलायन भइरहेका हुन् । शोध अध्ययनकर्ता पनि यही क्षेत्रमा क्रियाशिल पत्रकार भएको हुँदा यो क्षेत्रमा पत्रकार महिलाहरूको आकर्षण जति बढ्दो रुपमा छ त्यही मात्रामा क्रियाशील पत्रकार महिला यो पेशाबाट पलायन हुने क्रम पनि त्यतिकै भएको पाएकी छु । यो शोध अध्ययनले कास्कीमा क्रियाशील पत्रकार महिलाहरूको आर्थिक, सामाजिक अवस्था, समस्या र चुनौतीको बारेमा विश्लेषण गरेको छ ।

## १.३. अध्ययनको उद्देश्य

कास्कीमा क्रियाशिल पत्रकार महिलाहरूको सहभागिताको अवस्था, जिविकोपार्जनको चुनौती साथै जिवनशैलीमा आएको परिवर्तनको पहिचान गर्ने शोधको उदेश्य रहेको छ ।

### सामान्य उद्देश्य

- कास्की जिल्लाको पत्रकारिता क्षेत्रमा संलग्न महिलाहरूको सहभागिताको अवस्था पत्ता लगाउनु ।

### विशिष्ट उद्देश्यः

- कास्कीमा कार्यरत पत्रकार महिलाहरूको सहभागिताको अवस्था तथा पेशागत मर्यादा बारे अध्ययन गर्ने ।
- कास्कीमा कार्यरत पत्रकारिता क्षेत्रमा संलग्न महिलाको जिविकोपार्जनको चुनौती बारे अध्ययन गर्ने ।
- पत्रकारिता क्षेत्रमा संलग्न महिलाहरूको जीवनशैलीमा आएको परिवर्तन बारे अध्ययन गर्ने ।

## १.४ अध्ययनको सिमा

यो अध्ययन कास्की भित्र रहेर पत्रकारिता पेशामा लागेका महिला पत्रकारहरूसँग मात्र सिमित गरिएको छ । कास्कीमा पत्रकारको संख्या ३ सय ११ संख्यामा रहेको भएपनि पत्रकार

महिलाको संख्या ५० रहेको छ, । यस अध्ययनमा मोर्गेन १९७० रुसेल सेन्टर कल्चरल एन्थ्रोपोलोजिको नमूना छनौट सिद्धान्त अनुसार ४४ जना महिलालाई सहभागी गराइको छ । साथै कास्कीमा रेडियो, टेलिभिजन, छापा र अनलाइनमा कार्यरत पत्रकार महिलाको सहभागिता, अवस्था, अवसर, सम्भावना र चुनौती भित्रका विषयवस्तुहरूको विश्लेषणमा अध्ययन केन्द्रित हुनेछ । शोधमा सहभागी पत्रकार महिलाहरूको नामावली अनूसुची दुईमा दिईएको छ ।

## १.५ अध्ययनको महत्व

नेपालको सञ्चार क्षेत्रमा महिलाहरूको सहभागीता केही वर्ष यता उल्लेखनीय रुपमा वृद्धि भइरहेको छ । वि.स २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना पछि उदारीकरण सञ्चार नीति र कानुनका कारण छापा, रेडियो, टेलिभिजन र अनलाइन मिडियाहरूको द्रुततर विकाससँगै यो क्षेत्रमा काम गर्न चाहने पत्रकार महिलाहरूको संख्या पनि बढ्दै गएको हो । राजधानी काठमाडौंपछिको नेपालका प्रमुख शहर मध्येको एक कास्कीको पोखरामा पनि सञ्चार क्षेत्रमा यो अवधीमा द्रुततर गतिमा विकास भएको छ । छापा, रेडियो, टिभी र अनलाइन मिडियाहरू सञ्चालनमा आएका छन् । ती मिडियामा महिलाको संख्या पनि बढिरहेको छ । कास्कीमा क्रियाशील पत्रकार महिलाहरू पत्रकारितामा लागेपछि प्राप्त गरेको अवसर, चुनौती, समस्या र अवस्थाको पहिचान हुन जरुरी छ । पत्रकार महिलाको समस्याको विश्लेषण विना समस्या समाधानका लागि पहलहरू हुन सक्दैन । त्यसैले पत्रकारिता क्षेत्रमा पत्रकार महिलाको सहभागिताको बारेमा अध्ययन हुन आवश्यक छ । यो शोध अध्ययनले कास्की जिल्लाको पत्रकारिता क्षेत्रमा संलग्न महिलाहरूको आर्थिक र सामाजिक अवस्था बारेमा विश्लेषण गरेको छ । यस्ता विषयमा हुने अध्ययन अनुसन्धानले पत्रकार महिलाको क्षेत्रमा क्रियाशिल सरोकारवाला निकायलाई योजना तर्जुमा गर्नमा र महिलामैत्री पत्रकारिता नीति-निर्माण गर्नमा सघाउ पुग्ने हुँदा यो अध्ययनको महत्व छ ।

महिला र पुरुष समाजका महत्वपूर्ण दुई पाटाको रुपमा रहेको भए पनि प्रत्येक वर्ष विभिन्न सरकारी तथा गैह्रसरकारी सघसस्थाबाट गरिएको अध्ययन अनुसन्धानले नेपाली महिलाहरूको सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक, औषत आयु पुरुषको तुलनामा अत्यन्तै न्यून स्थितिमा रहेको पाइन्छ । महिलालाई अझै पनि हाम्रो समाजमा कृषि कार्यमा

सहभागी हुनुपर्ने, विभिन्न धार्मिक, सामाजिक, सांस्कृतिक बन्धनका कारण स्वतन्त्र रुपमा बाहिर निस्कन सकेका छैनन् । राज्यको चौथो अंगको रुपमा रहेको पत्रकारिता क्षेत्रमा महिलाहरूको सहभागिता बढ्ने हो भने मात्र पनि महिलासँग सम्वन्धित समाचार तथा कार्यक्रम बाहिर ल्याउन सकिन्छ । समाजमा महिलाको वास्तविक अवस्था, शिक्षाको स्तर, प्रजनन स्वास्थ्य, संस्कार, सहभागिता बारेको जानकारी पत्ता लगाउनका लागिग समेत अध्ययनको महत्व रहेको छ ।

**यसको महत्वलाई तल प्रस्तुत गरिएको छः**

१) पत्रकारिता क्षेत्रमा महिलाको सहभागिताले समाजमा परेको प्रभावको बारेमा चासो राख्ने समाजशास्त्र मानवशास्त्र अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरूको लागि उपयोगी हुनेछ ।

२) यो अध्ययन पत्रकारितामा महिलाको सहभागिता बढाउनका लागि पारिवारीक, सामाजिक, कार्यस्थलको बातावरण कस्तो हुनुपर्दछ भन्ने कुराको जानकारी लिन सहयोगी हुनेछ ।

३) पत्रकारिता क्षेत्रमा महिलाहरूको अध्ययनमा भविष्यका अनुसन्धान कर्ताहरूको लागि उपयोगी सिद्ध हुनेछ ।

## १.६. अध्ययनको संगठन

अध्ययनको सवै भन्दा पहिला परिच्छेद एकमा परिचय शिर्षक दिएर अध्ययनको पृष्ठभूमि त्यसभित्र पत्रकारिताको इतिहासलाई केलाउने कोसिस गरिएको छ । त्यसपछि पत्रकारितामा महिला सहभागिताको विषयलाई विश्लेषण गरिएको छ । जहाँ सहभागी छन् समस्या नहुने ठाउँ हुँदैन, त्यसैले समस्याको विषयमा व्याख्या गरिएको छ । समस्या पछि अध्ययनको उदेश्यलाई सामान्य विशिष्ट उदेश्यमा छुट्याएर प्रस्टाईएको छ । कास्की जिल्लाको पत्रकारिता क्षेत्रमा संलग्न महिलाहरूको सहभागिताको अवस्था पत्ता लगाउनु सामान्य उदेश्य हो भने कास्कीमा कार्यरत पत्रकार महिलाहरूको सहभागिताको अवस्था तथा पेशागत मर्यादा बारे अध्ययन गर्ने, कास्कीमा कार्यरत पत्रकारिता क्षेत्रमा संलग्न महिलाको जिविकोपार्जनको चुनौती बारे अध्ययन गर्ने, पत्रकारिता क्षेत्रमा संलग्न महिलाहरूको जीवनशैलीमा आएको परिवर्तन बारे अध्ययन गर्ने विशिष्ट उदेश्य हो । अध्ययनका लागि

कास्की जिल्लालाई मात्र समेट्ने गरी त्यो पनि पत्रकार महासंघमा सदस्यता लिएकाहरूको मात्र अध्ययन गर्ने सिमा तोकिएको छ ।

पत्रकारिता क्षेत्रमा महिलाको सहभागिताले समाजमा परेको प्रभावको बारेमा चासो राख्ने समाजशास्त्र मानवशास्त्र अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरूको लागि उपयोगी हुने हुँदा महत्वरहेको बुझिएको छ । साथै पत्रकारितामा महिलाको सहभागिता बढाउनका लागि पारिवारीक, सामाजिक, कार्यस्थलको बातावरण कस्तो हुनुपर्दछ भन्ने कुराको जानकारी लिन यो अध्ययन सहयोगी हुनेछ ।

परिच्छेद दुईमा साहित्यको पुनरावलोकन शीर्षक दिएर त्यस भित्र विभिन्न उपशिर्षकहरूको व्याख्या गरिएको छ । अध्ययनको सैद्धान्तिक अवधारणा भित्र नेपालमा पत्रकारिताको विकासक्रम त्यसभित्र प्रजातन्त्र स्थापना हुनुअघि (२००७ साल फागुन ७ गते भन्दा अगाडिको पत्रकारिताको अवस्था त्यसपछि प्रजातन्त्र प्राप्ती पछि (२००७ देखि २०१७) सम्मको अवस्थालाई व्याख्या गरिएको छ । त्यसपछि नेपालमा रेडियो कहिलेदेखि कसरी प्रशारण भएको छ त्यसको व्याख्या गरिएको छ । जसमा पञ्चायती शासनकाल (२०१७ देखि २०४६) पहिलो जनआन्दोलन पश्चात (२०४६ देखि २०६३), दोस्रो जनआन्दोलन पछि ( २०६३ पछि ) शिर्षक दिएर रेडियो, टिभीको स्थापनाका विषयलाई समेटिएको छ ।

त्यसपछि बल्ल नेपाली पत्रकारितामा महिला क्रियाशीलता विषयको उठान गर्दै कास्कीको पत्रकारिताको विकासक्रम त्यसमा पनि छापा, रेडियो, टिभी, अनलाइनलाई छुट्टाछुट्टै व्याख्या गरिएको छ । संचारमाध्यमको विकासक्रम पछि कास्कीको पत्रकारितामा महिला क्रियाशीलताको विश्लेषण गर्दै अध्ययनसँग सम्बन्धित पूर्व प्रकाशित साहित्यको समीक्षा गरिएको छ । त्यस्तै परिच्छेद तीनमा अनुसन्धान पद्धति शिर्षक भित्र अनुसन्धान सँग सम्वन्धित विभिन्न विषयको विश्लेषण गरिएको छ । यो सोध अध्ययनका लागि सर्भेक्षण बिधि र अन्तरवार्ता बिधिको प्रयोग गरिएको छ । कास्कीमा क्रियाशिल ५० जना पत्रकार महिला मध्ये ४४ जना महिला पत्रकारलाई सर्भेक्षणमा समावेश गरिएको छ । त्यसपछि अध्ययन क्षेत्र र क्षेत्र छनौटको उदेश्यको बारेमा प्रस्टाईएको छ । तथ्याङ्कको प्रकृति र स्रोत, समग्रता र नमूना छनोट विधि तथ्याङ्क संकलन विधि, अन्तवार्ता अनुसूचि, अवलोकन विधिको व्याख्या गरिएको छ । यस अध्ययनमा पत्रकार महिला लगायत केही पत्रकार पुरुष र अन्य अनुभवी पत्रकारहरूसँग पनि समुहगत रुपमा छलफल गरि सूचना संकलन गरिएको

थियो । त्यसपछि तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण गरिएको छ । तथ्याङ्क संकलनमा प्रयोग भएका औजारहरूको समेत व्याख्या गरिएको छ । प्रश्नावली निर्माण सँगै प्राथमिक तथ्याङ्क संकलनमा प्रयोग भएका विधीहरू र तथ्याङ्क संकलन प्रकृया बारे पनि प्रस्टाईएको छ । परिच्छेद चारमा तथ्याङ्क विश्लेषण, विवेचना र नतिजाहरू प्रस्तुत गरिएको छ ।

अनुसन्धानबाट आएको विषयको व्याख्या यस परिच्छेदमा गरिएको छ । सुरुमा कास्कीको पत्रकारितामा महिला सहभागिताको शिर्षक दिएर विभिन्न उपशिर्षक क्रियाशिल पत्रकार महिला सँग गरिएको सर्भेक्षण विश्लेषणमा अध्ययनमा नेपाल पत्रकार महासंघ कास्की शाखामा आवद्ध ५० जना पत्रकार महिला मध्ये ४४ जनासँग प्रश्नावली निर्माण गरी सर्भेक्षण गरिएको विषयसँगै प्रश्नावलीमा सोधिएका प्रश्न बुझिने गरी तालिकीकरण गरिएको छ । जसमा सर्वेक्षणमा समावेश गरिएका पत्रकार महिलाहरूको उमेर, पारिश्रमिक, शैक्षिक अवस्था, पत्रकारितामा उनीहरूको संलग्नता भएको अवधि, पारिवारी स्टाटस, कार्यरत मिडियाको स्तर, पत्रकार महिलाको समुदाय, पत्रकारिता सम्वन्धित प्राज्ञिक अध्ययन, पारिश्रमिकको अवस्था, निरन्तरताको सम्भावनाको विषयमा सोधिएको छ । यस्तै सोही परिच्छेदमा दश वर्ष भन्दा कम समयदेखि क्रियाशिल पत्रकार महिलाको सर्भेक्षण विश्लेषण पनि गरिएको छ । त्यस्तै कास्कीमा एक दशकभन्दा बढी समयदेखि क्रियाशिल पत्रकार महिलासँगको सर्भेक्षण विश्लेषण, कास्कीमा महिलाहरूको पत्रकारिता प्रति आकर्षण बढ्दो, पत्रकार महिलाका जीविकोपार्जन चुनौतीको अवस्था, पत्रकारितामा महिला क्रियाशिलताले पुर्‍याएको योगदान, पत्रकार महिलाको सामाजिक अवस्था, पत्रकार महिलाको पेशागत मर्यादाको अवस्था, बदलिदो परिस्थितिमा पत्रकार महिलाको भुमिका, कास्कीमा अनुवभी पत्रकारको आँखामा महिला क्रियाशिलता लगायतका छुट्टाछुट्टै शिर्षक दिएर व्याख्या गरिएको छ । यो परिच्छेदको अन्त्यमा शोध अध्ययन को सर्भेक्षण र अन्तर्वार्ताको तथ्यांकको विश्लेषण र विवेचनाबाट पत्ता लागेका महत्वपूर्ण नतिजाहरू प्रस्तुत गरिएको छ ।

# परिच्छेद दुई

# साहित्यको पुनरावलोकन

## २.१ अवधारणागत पृष्ठभूमि

### २.१.१ समाज र सञ्चारको सम्वन्ध

मानव समुदाय पृथ्वीको सवै भन्दा सक्षम चेतनशील र योग्य प्राणी समुदायमा पर्छ । मानवले गरेका आविष्कार, खोज अनुसन्धान र चेतनाका कारण नै मानव अव्वल प्राणी भित्र पर्न सफल भएको हो । वर्तमान विश्वमा मानव समुदायको सफलता र विकासमा प्रभावकारी भुमिका निर्वाह गर्ने साधन सञ्चार हो । सञ्चारको विकासका कारण नै विश्वका मानवले एक ठाउँमा भएको विकासको जानकारी पाउनका साथै त्यसबाट थप नयाँ कुरा सिक्ने महत्वपूर्ण अवसर प्राप्त गरेका छन् ।

मानवजाति र सञ्चार लगभग दौतरी हुन् भन्दा फरक पर्दैन । मानवको उत्पतिसँगै तिनमा सञ्चारको सुरुवात भयो । वैयक्तिक होस् या अन्तर वैयक्तिक यी दुवै खालका सञ्चारको अभ्यास हुदै आयो र भई रहेको छ । एक व्यक्तिले आफैसँग अन्तरमनमा कुरा खेलाएर वैयक्तिक सञ्चार गरिरहेको हुन्छ भने दुई वा सोभन्दा बढी व्यक्तिबिच अन्तरक्रिया भएर वा विचारहरूको  विनिमय भएर अन्तर वैयक्तिक सञ्चार भई रहेको हुन्छ ।

सञ्चार प्रक्रिया हुन भाषा र इशारा बाहेक अरु माध्यमको आवश्यकता पर्दैन तर आमसञ्चार हुन माध्यम (मिडिया) को जरुरत पर्छ । समाज विकाससँगै आमसञ्चारको आवश्यकता महसुस भयो र सञ्चार सञ्च्चारमा मात्र सीमित नभई यसले आमसञ्चारको रुप लियो । विज्ञान र प्रविधिको विकासले आमसञ्चारको अवधारणालाई सम्भव बनाएको हो । आधुनिकीकरण सामाजिक परिवर्तनको एउटा त्यस्तो पक्रिया हो जसद्वारा कम विकसित समाजले विकसित समाजमा हुने विशेषता पाप्त गर्दछ (लर्नर, १९६८) ।

सञ्चारको विकासले अन्तरसांस्कृतिक सञ्चारीकरण समेत मानव समुदायमा प्रभावकारी बन्दै गएको छ ।  फरक फरक संस्कारको बारेमा मानव समुदायले एक अर्कामा साटासाट गर्ने अवसर पाएको छ (अहुजा, २००५ : १८९) ।

सञ्चार भन्ने वित्तिकै हामी गतिशिलताको अनुभूति गर्न पुग्छौ । नियमित गतिशिलता र चालको कारण संचारले एउटा शक्ति र प्रभावको सृजना गर्दछ । सुचना र जानकारी एक ठाउँबाट अर्को ठाउँमा अथात् एक व्यक्तिबाट अर्को व्यक्तिमा जुन उपायहरू र संरचनाहरूबाट आदान प्रदान हुन्छ त्यसलाई सामान्य अर्थमा सञ्चार माध्यम भनेर भनिन्छ ।

ह्मम्रो समाज विस्तारै आधुनिकता तर्फ उन्मुख हुँदै जाने क्रममा परम्परागत संचार संरचना तथा माध्यमहरूको सट्टामा आधुनिक सञ्चार माध्यमहरूको पहुँच बढ्दै गएको छ । आधुनिक संचार संरचनाहरूले परम्परागत संरचनाहरू विस्तारै विस्थापन गरिरहेका छन् । विश्वव्यापी रुपमा भएको सुचना र संचारको द्रुततर एवं चमात्कारिक विकासको प्रभाव हाम्रो शहरी क्षेत्रमा पुर्ण रुपमा परिसकेको छ भने ग्रामिण क्षेत्रमा आधुनिक सञ्चारको प्रभाव दिनानुदिन बढ्दो क्रममा रहेको छ ।

आधुनिक सञ्चारका साधनहरूको विकास नभएको अवस्थामा हाम्रो समाज परम्परागत समाचार माध्यमहरूबाट सु-सूचित हुने गर्थ्यो । अझै पनि कतिपय ग्रामीण समाजमा आदिम र परम्परादेखि चलिआएका सञ्चार संरचना र साधनहरू प्रचलनमा रहेका छन् । झ्याली पिट्ने, ढोल बजाउने, आगो बाल्ने, तालिम प्राप्त परेवा र बाजको प्रयोग परम्परागत संचारका शैलीहरू अझै पनि लोप भइसकेका छैनन् । यसको एउटा जीवन्त उदाहरण कटुवाल प्रथा हाम्रो गाउँघरमा प्रचलित छ । गाउँमा भएको कुनै घटना, सभा सम्मेलन वैठकको सुचना कटुवालको घोकबाट व्यक्ति व्यक्तिले प्राप्त गर्दथे । त्यसैको विकसित रुपमा अहिले संचार माध्यमलाई लिइने गरिन्छ ।

### २.१.२ नेपालमा पत्रकारिताको विकासक्रम

**प्रजातन्त्र स्थापना हुनुअघि (२००७ साल फागुन ७ गते भन्दा अगाडि)**

वि.सं २००७ साल भन्दा अगाडि नेपालमा छापा माध्यमबाट नेपालमा पत्रकारिताको शुरुवात भएको पाइन्छ । नेपालमै प्रकाशित पहिलो पत्रिका 'सुधासागर' मासिक पत्रिका हो । यो पत्रिका वि.सं १९५५ साल श्रावण महिनामा प्रकाशित भएको थियो । (देवकोटा, २०५९) नेपालमा दोस्रो पत्रिकाको रुपमा 'सुधासागर' मासिक पत्रिका प्रकाशन भएको करिब २ वर्ष १० महिनापछि वि. सं १९५८ साल वैशाख २४ गते सोमबारदेखि साप्ताहिक समाचारपत्रको

रुपमा पहिलो पटक नेपाली भाषामा गोरखापत्र प्रकाशन भएको थियो । नेपाली भाषामा नेपाल बाहिरबाट पत्रपत्रिकाहरू यसअघि नै छापिइसकेको भएपनि नेपालबाटै अखबारका रुपमा छापिएको पहिलो पत्रिका गोरखापत्र हो । वि.सं २००० असोज असोज २९ गतेदेखि गोरखापत्र हप्ताको दुई पटक प्रकाशित हुन थाल्यो । वि.सं. २००३  पुस ८ गतेदेखि गोरखापत्र हप्ताको तीनपटक प्रकाशित हुन थाल्यो । (आचार्य, २०६७) यसैगरी वि.सं १९९१ साल फागुनमा ऋद्धिबहादुर मल्लको सम्पादनमा नेपाली भाषाको 'शारदा' मासिकको प्रकाशन शुरु भयो (देवकोटा, २०५९) । यो पत्रिका वर्ष २० संख्या ७ पछि बन्द भयो । यसैगरी वि.सं १९९२ साल भाद्र १ गते देखि 'उद्योग' पाक्षिक प्रकाशन भयो । वि. सं २००४ साल वैशाखमा हृदयचन्द्रसिंह प्रधानको सम्पादनमा 'साहित्य-स्रोत' मासिक पत्रिकाको प्रकाशन भयो । वि. सं २००४ साल जेठ २ गतेदेखि 'घरेलु इलम पत्रिका' पाक्षिक र पाक्षिक 'शिक्षा' प्रकाशन शुरु भयो । काठमाडौंमा काठमाडौं म्युनिसिपल समितिको गठन भएपछि यस समितिले वि.सं २००४ साल मंसिर १४ गतेदेखि 'काठमाडौं म्युनिसिपल पत्रिका' पाक्षिक प्रकाशन शुरु भयो । वि.सं २००५ साल असोजमा देवीप्रसाद रिमालको सम्पादनमा 'आँखा' मासिक पत्रिका प्रकाशन शुरु भयो । यो पत्रिका वर्ष २ संख्या ७ पछि बन्द भयो । वि. सं २००६ साल पौषदेखि बुद्धिसागर शर्मा र शेषराज शर्माको सम्पादनमा 'पुरुषार्थ' मासिक प्रकाशन शुरु भयो । वि.सं २००५ साल आश्विन १५ देखि जितेन्द्रबहादुर शाह, भवनाथ उपाध्याय, तारामान सिंह, त्रैलोक्यनाथ उप्रेती, खड्गमान मल्ल समेत पाँच जनाको सम्पादनमा 'नेपाल शिक्षा' मासिक प्रकाशन भएको थियो । यसैगरी २००७ साल फागुन ४ गते हृदयचन्दसिंह प्रधानको सम्पादनमा नेपाली भाषाको 'जागरण' साप्ताहिक प्रकाशन भयो ।

**प्रजातन्त्र प्राप्ती पछि (२००७ देखि २०१७)**

नेपालमा २००७ साल फागुन ७ गते प्रजातन्त्रको स्थापना भयो । नेपालमा प्रजातन्त्र स्थापना भएको भोलिपल्ट वि. सं २००७ साल फागुन ८ नेपाली भाषाको पहिलो दैनिक पत्रिका 'आवाज' गतेदेखि सिद्धिचरण श्रेष्ठको सम्पादनमा प्रकाशित भयो (देवकोटा, २०५९) आवाज दैनिक पत्रिका वर्ष २ संख्या १०७ सम्म प्रकाशन भएर बन्द भएको थियो । नेपाली भाषाको दोस्रो दैनिक पत्रिकाको रुपमा २०११ साल भदौ २४ गतेदेखि मणिराज उपाध्यायको सम्पादनमा नेपाली भाषाको 'समाज' दैनिक प्रकाशन भयो । समाज दैनिक २०५३ सालमा

बन्द भयो (काफ्ले, २०६२) । नेपालमा निजी क्षेत्रबाट हालसम्म लामो समयसम्म प्रकाशित दैनिक पत्रिका यहि नै हो । नेपालमा अँग्रेजी भाषाका पत्रिकाहरूमा वि.सं २०१० (सन् १९५४) मा वरुण शम्शेर राणाको सम्पादनमा 'नेपाल गार्जियन' मासिक पत्रिका प्रकाशन भएको थियो । अँग्रेजी भाषाका दैनिक पत्रिकाहरूमा १५ जुलाई १९५६ (वि. सं २०१२ साल) मा गोपालदास श्रेष्ठको सम्पादनमा अँग्रेजी दैनिक 'दि कमनर' प्रकाशन भएको थियो (देवकोटा, २०५९) । श्री दाताराम शर्माको सम्पादनमा २०१३ साल कात्तिक २८ गतेदेखि हालखवर दैनिक प्रकाशित भयो । नेपालमा नेवारी भाषाका पत्रिकाहरूमा २००९ साल कात्तिक २ गते श्री आशाराम सिंहको सम्पादनमा 'पासा' पाक्षिक प्रकाशन भयो । यो वर्ष ३ संख्या २७ पछि बन्द भयो । नेवारी भाषाको दैनिक पत्रिकाहरूमा २०१२ साल आश्विन १६ गते देखि फत्तेबहादुर सिंहको सम्पादनमा नेपाल भाषा पत्रिका प्रकाशन भयो । यसको प्रकाशन पछि २०१४ साल जेठ १५ गते देखि हृदयचन्द्रसिंह प्रधानको सम्पादनमा पासा दैनिक प्रकाशन भएको पाइन्छ । हिन्दी भाषाका पत्रिकाहरूमा २००८ साल श्रावण १५ गतेदेखि भोजबहादुर सिंह न्यौपानेको सम्पादनमा तरङ्ग साप्ताहिक प्रकाशन भएको थियो । २०१२ साल श्रावण ८ गते इन्द्रचन्द्र जैनको सम्पादनमा हिन्दी भाषामा जय नेपाल दैनिक प्रकाशन भएको थियो ।

नेपाली पत्रकारिताको वास्तविक सुरुवात २००७ साल पछिको प्रजातन्त्र स्थापना पछि भएको हो । यो अवधीमा नयाँ समाज, सन्देश, राँको, झंकार, महिला, जनमित्र, इन्द्रधनु, प्रजातन्त्र, राष्ट्रवाणी, हालखबर, सहीबाटो, नेपाल समाचार, दैनिक समाचार, दियालो, प्रवक्ता, हलचल, फिलिङ्लो पत्रिका आदि प्रकाशन भए । त्यसैगरी अग्रेजी दैनिक अखबार द कमनर, मदरल्याण्ड, एभरेष्ट न्युज, हिन्दी अखबार तरङ्ग, जय नेपाल, सही रास्ता लगायतका पत्रिकाहरू पत्रकारिताको प्रवाहमा सामेल भए (आचार्य, २०६७) ।

२०१२ चैत्र १६ गते नेपाल पत्रकार संघ स्थापना भयो । नेपाल पुकार साप्ताहिकका सम्पादक कृष्णप्रसाद भट्टराई यसको संस्थापक सभापति चयन भए । यस अघि २००८ सालमा पनि यसै नामको एउटा संस्था दर्ता भएपनि त्यो निष्क्रिय भएको थियो । यसै दशकमा समाचार संस्थाहरू नेपाल संवाद समिति (२०१६ पुस १) र सगरमाथा संवाद समिति (२०१७ वैशाख ३०) स्थापना भए । यी दुवै समाचार संस्थाहरूलाई गाभेर २०१८ सालमा राष्ट्रिय समाचार समिति (रासस) को स्थापना भयो (आचार्य, २०६७) ।

त्यस्तै वि. सं. २०१४ माघ २९ गते न्यायधिश कृष्णाप्रसाद चापागाईको अध्यक्षतामा नेपालकै पहिलो प्रेस कमिसन को गठन भयो । यसलाई नेपाली पत्रकारिताको इतिहासमा कोसेढुङ्गा मान्न सकिन्छ (आचार्य, २०६७) ।

महिला पत्रकारहरूले पनि यो समयमा गहन भूमिका निर्वाह गरे । नेपाली पत्रकारिताको इतिहासमा पहिलो महिला पत्रकारका रुपमा स्वर्गीय साधना प्रधान अधिकारीलाई चिनिन्छ । महिलालाई पनि पत्रकारिता क्षेत्रमा लाग्न अभिप्रेरित गर्नुपर्छ साथै महिलाका सवालहरू पत्रपत्रिकामा व्यापक रुपमा समेट्नुपर्छ भन्ने भावनासहित साधना प्रधानले महिला मासिक २००८ मा प्रकाशन आरम्भ गर्नुभयो । यसैवर्ष प्रियम्वदा शर्माको सम्पादकत्वमा प्रभा नामक अखबार प्रकाशित हुन थाल्यो । त्यसै गरी वि.सं. २००९ भदौ १६ गतेदेखि प्रतिभा नामक पत्रिका पनि सुरु भयो । यो पत्रिका अखिल नेपाल महिला सघंको मुखपत्र थियो । यसरी महिलामाथि हुने गरेका भेदभावपूर्ण नीति र गलत दृष्टिकोणलाई समेटेको थियो । यी दुवै पत्रिकाहरू नेपाली भाषा र साहित्यको सेवामा सक्दो अग्रसर भएको देखिए पनि एक वर्षभन्दा बढी जिवित रहन सकेनन् (देवकोटा, २०५९) ।

**(ग) नेपालमा रेडियो**

रेडियो नेपालको स्थापना बि.सं २००७ सालको प्रजातन्त्र स्थापनाको आन्दोलनलाई सफल पार्न भएको थियो । २००७ साल मंसिरमा भारतको फार्बेसगञ्जबाट ल्याइएको रेडियो ट्रान्समिटरले पहिले भोजपुर २००७ साल मंसिर २९ गते र पछि विराटनगर स्थित रघुपति जुटमिलको परिसरबाट २००७ साल माघ २० गते देखि सर्टवेभको ४१ मिटर ब्यान्डबाट जनक्रान्तिको समर्थनमा गीत र समाचारहरू प्रसारण भएका थिए (आचार्य, २०६७)  यो रेडियोको नाम 'प्रजातन्त्र नेपाल रेडियो' थियो ।

**पञ्चायती शासनकाल (२०१७ देखि २०४६)**

राजा महेन्द्रले वि.सं. २०१७ पुष १ गते पञ्चायती व्यवस्थाको सुरुवात गरेदेखि २०४६ साल चैत्र २६ गते प्रजातन्त्रको घोषणा हुनुपुर्वसम्मको अवधिलाई पञ्चायतकाल भनिन्छ । यो अवधिमा प्रेस जगत निकै उथलपुथल भयो । फस्टाउन लागेको छापा माध्यमलाई निरुत्साहित गरियो । प्रेस स्वतन्त्रताको दृष्टिकोणबाट राणाशासन पछि पञ्चायतकाल सवैभन्दा  कठोर र दमनपूर्ण कालखण्ड रह्यो । पञ्चायती शासनको प्रारम्भ भएपछि वि.सं.

२०१७ फागुन ७ गतेदेखि गोरखापत्रलाई दैनिक बनाइयो । निजी क्षेत्रबाट सञ्चालन भइरहेका समाचार संस्थाहरू नेपाल संवाद समिति र सगरमाथा संवाद समितिलाई गाभेर २०१८ सालमा सरकारी स्वामित्वको राष्ट्रिय संवाद समिति (रासस) को स्थापना गरियो । पञ्चायती व्यवस्थाप्रति अन्तराष्ट्रिय समर्थन जुटाउने उदेश्यले वि.सं. २०२२ पुस १ गते अग्रेजी दैनिक  द राइजिड नेपालको प्रकाशन सुरु भयो । यस समयमा प्रकाशित भएका प्रमुख दैनिक अखबारहरूमा राजधानीबाट हाम्रो देश, नयाँ नेपाल, नवीन खवर, नयाँ समाज, काठमाण्डु शहर बाहिरबाट निर्माण (विराटनगर), जनजीवन (वीरगञ्ज), दैनिक निर्णय ( पोखरा), इत्यादि थिए । त्यसै गरी साप्ताहिक पत्रिकामा समीक्षा, मातृभुमि, नयाँ सन्देश, साप्ताहिक मञ्च, जनसंवाद, युग संवाद, जनज्योति, राष्ट्र पुकार, नेपाल रिम्यू (अग्रेजी), मुख्य थिए । त्यसैबेलाका साहित्यिक पत्रिकाहरूमा रुपरेखा, मधुपर्क, सञ्चय, सिम्रिक, मिर्मिरे मुख्य छन् । त्यसैगरी नेपाली चलचित्रको निर्माण र विकासका लागि वि.सं. २०२८ मा तत्कालिन शाही नेपाल चलचित्र संस्थानको स्थापना भयो (आचार्य, २०६७) ।

पञ्चायती समयमै गोरखापत्र संस्थान नेपाल दुरसञ्चार संस्थान, रत्न रेकर्डिङ कर्पोरेशन, साझा प्रकाशन, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड लगायतका सञ्चारमाध्यमसँग सरोकार राख्ने संस्थानहरू स्थापना भए । तर गोरखापत्रमा महिलाको प्रवेश निकै पछि मात्र भयो (भैरव रिजालः २०७३, अन्तवार्ता) । यही समयावधि अथात् २०४१ सालमा नेपाल टेलिभिजनको स्थापना भयो । तालिमै दिएर महिलाहरूलाई पनि नियुक्त गरियो । नेपाल टेलिभिजनमा स्थापनाकालदेखि कार्यरत महिलाहरू शान्ताजोशी जो अहिले कार्यक्रम निर्माताको रुपमा कार्यरत हुनुहुन्छ । त्यस्तै किरणप्रभा तुलाधर र विजया लामिछाने अझै कार्यरत हुनुहुन्छ । त्यतीबेला र अहिले संचार माध्यममा महिलाहरूको सहभागिता उल्लेख्य मात्रमा बढेको शान्ताजोशीको बुझाई छ । अहिलेको सहभागिताले उहाँमा पनि खुसी छाएको छ (जोशी, २०७३) ।

### पहिलो जनआन्दोलन पश्चात् (२०४६ देखि २०६३ )

यस अवधिमा आमसञ्चारको क्षेत्रमा व्यापक क्रान्ति आयो । नेपाल अधिकाराज्यको संविधान २०४७ ले यसअघिका कुनै पनि संविधानभन्दा बढी प्रेस स्वतन्त्रतालाई मौलिक हकका रुपमा प्रत्याभुत गर्‍यो । संविधानमा भएका सुचना छापाखानासम्वन्धी प्रावधानले पत्रकारितामा खुला परिस्थिति र व्यापक प्रभाव पार्‍यो । यो संविधानमा विचार र

अभिव्यक्तिको स्वतन्त्रता धारा १२, छापाखाना तथा प्रकाशन सम्वन्धी हक धारा १३ र सुचनाको हक धारा १६ ले नागरिक सुचना प्राप्तिको अधिकारलाई राम्रो सँग सुनिश्चित गरेको थियो । विचार र अभिव्यक्तिको संवैधानिक प्रत्याभूतिले आमनागरिकमा प्रेस एक किसिमले स्वतन्त्र र सवल भएको अनुभूति सिर्जनाग गर्‍यो । यसै क्रममा नेपाली पत्रकारिता क्षेत्रमा ठुला लगानीका  योजनाहरू सुरु हुन थाले, वि.सं. २०४९ फागुन ७ गतेदेखि प्रकाशन भएका कान्तिपुर (नेपाली) र द काठमाण्डु पोष्ट (अग्रेजी) दैनिक ठुला लगानीका सञ्चारमाध्यमका रुपमा स्थापना भए । यसै अवधिमा पत्रिका काठमाण्डु बाट मात्र प्रकाशित नभएर देशका अन्य ठाउँहरू विराटनगर, भरतपुर लगायत स्थानबाट पनि प्रकाशित हुन पुगे । यही अवधिमा रेडियो नेपालले फ्रिक्वेसी मोडुलेसबाट वि.स २०५२ कार्तिक ३० मा रेडियो प्रशारण सुरु गरेर नेपाली सञ्चार इतिहासमा नयाँ फड्को मार्‍यो । वि.स २०५२ मा निजी तथा सामुदायिक रेडियो सम्वन्धी नीति बनेपछि नेपाल वातावरण पत्रकार समुहले २०५४ जेठ ९ गतेदेखि दक्षिण एसियाकै पहिलो सामुदायिक रेडियोको रुपमा स्थापित भयो (आर्चाय, २०६७) ।

**दोस्रो जनआन्दोलन पछि** (**२०६३ पछि** )

नेपालमा जनआन्दोलन २०६२, ०६३ सालपछि महिलाहरूको पत्रकारितामा सहभागिता तिव्रगतिमा बढ्दै गएको पाउन सकिन्छ । जनआन्दोलन पछि पत्रपत्रिका प्रशासन तथा एफएम रेडियो प्रशारणमा तिव्रता आएको छ । यसै कारणले पनि लोकतन्त्र प्राप्तीपछिको समयमा नेपाली पत्रकारितामा महिला पुरुष दुवैको सहभागिता बढेको छ । महिलाहरू पहिलाको तुलनामा खुलेर यो पेशामा लागेको पाइन्छ । संचारमाध्यमहरू खुल्दै जाने क्रममा पत्रकार महिलाहरूले पनि निर्णायक पदमा रहेर कामगर्ने अवसर पाएका छन् । जनअन्दोलन ०६२, ०६३ पछि त संचारमाध्यम खुल्ने क्रममा बाढी नै आएको छ । यसैको अनुपातमा पत्रकारितामा प्रवेश गर्ने महिला पुरुष दुवैको संख्या बढेको छ ।

**रेडियो**

नेपालमा रेडियोको सुरुवात राणाशासनको अन्त्य भए लगत्तै वि.सं. २००७ साल चैत्र २० गतेबाट विधिवत् रुपमा नेपाल रेडियोको स्थापना भएको हो । तर यसभन्दा अघि सात सालको क्रान्तिकै दौरानमा तारिणीप्रसाद कोइरालाको नेतृत्वमा विराटनगरमा प्रजातन्त्र रेडियो स्थापना गरी सात सालको क्रान्तिलाई सघाएको पाइन्छ । विराटनगर भन्दा पनि

अगाडी भोजपुरमा रेडियो प्रशारण सेवा सुरु भएको र त्यसैलाई पछि विराटनगरमा स्थापना गरिएको नारदमुनि थुलुडको संस्मरणमा उल्लेख गरिएको छ । यसरी रेडियो नेपाल विधिवत् स्थापना भएको आधा शताव्दी नाघिसकेको छ । २०४१ सालसम्म रेडियो नेपाल प्रसार विभागको रुपमा थियो भने रेडियो प्रसार विकास समितिमा परिवर्तन गरिएपछि यसको सेवामा एउटा मोड आएको छ । अहिले रेडियो नेपालले देशभर एफएमको रुपमा पनि १०० मेगाहर्जमा आफ्नो सेवा प्रशारण गरिरहेको छ । त्यस्तै एउटै रेडियोले मात्र जनताको चाहना, भावना तथा इच्छा आकांक्षाको प्रतिनिधित्व गर्न नसक्ने परिप्रेक्ष्यमा नेपालको संविधान २०४७ को अक्षर र भावनालाई मूर्त रुप दिँदै जाने क्रममा २०४९ सालमा तर्जुमा गरिएको राष्ट्रिय नीतिअन्तर्गत बनेको राष्ट्रिय प्रशारण ऐन २०४९ र राष्ट्रिय प्रशारण नियमावली २०५२ ले निजी क्षेत्रमा कुनै पनि संस्था वा व्यक्तिले एफ.एम प्रशारण प्रणालीको माध्यमबाट रेडियो प्रशारण गर्न पाउने व्यवस्थाको ढोका खुल्यो ।

रेडियो प्रशारणका विविध प्रविधि (लङवेभ, मिडियम वेभ, सर्ट वेभ, माइक्रो वेभ, एफ.एम) आदि मध्ये एफ.एम फ्रिक्वेन्सी मोडुलेसन) प्रशारण प्रणाली नयाँ, सस्तो र सजिलो प्रविधिको रुपमा देखा पर्‍यो । सोहीअनुरुप २०५४ सालमा नेपाल वातारण पत्रकार समुहले रेडियो सगरमाथाको लाइसेन्स पायो । यो नै दक्षिण एसियाको पहिलो रेडियोको रुपमा लिइन्छ । अहिले देशभर सामुदायिक र व्यवसायिक गरी करिव ५ सय भन्दा बढी रेडियोहरू प्रशारणमा छन् ।

रेडियो नेपालमा महिला सहभागिताको कुरा गर्दा धेरैका धेरै थरी कुराहरू आए । रेडियोमा बोल्ने पहिलो महिला कृष्णा ताम्राकार भएको वरिष्ठ पत्रकार भैरव रिजालले बताए । त्यसपछि डा. मन्जुला गिरी आएको रिजाल बताउँछन् ।

रेडियो नेपालमा धना लामाको प्रवेश २०२६ सालदेखि भएको हो । उहाँको पालामा संचार क्षेत्रमा महिलाहरूको सहभागिता एकदमै कम थियो । रेडियोमा काम गर्न त्यतिबेला घरपरिवार, समाजसँग सर्घष गर्नुपर्ने अवस्था थियो । रेडियो नेपाललाई गित गाउने ठाउँ भनेर बुझ्थे त्यस्तो ठाउँमा गएपछि छोरी विग्रन्छन् भन्ने मान्यता रहेको लामाले बताइन् ।

**टेलिभिजन**

नेपाली जनमानसमा टेलिभिजनको माध्यमबाट पर्न जाने भारतीय संस्कृतिको प्रभावबाट जोगिनको लागि नेपालमा टेलिभिजनको स्थापना भएको अनुमान छ । यसबाट भोली हाम्रो समाजमा भारतीय संस्कृति, भाषा, जीवनशैलीको प्रभाव पर्न गई सांस्कृतिक अतिक्रमण हुन सक्ने सम्भावनालाई दृष्टिगत गरेर नै सानै रुपमा भएपनि आफनै कार्यक्रम भएको टेलिभिजन प्रसारण गर्नुपर्छ भन्ने भावना उत्पन्न भएको हो (शर्मा, २०५४) ।

तत्कालीन राजा वीरेन्द्रद्वारा छैठौं पञ्चवर्षीय योजना (२०३७-२०४२) मा नेपाल टेलिभिजन प्रशारणको सम्भाव्यता अध्ययन गरी टेलिभिजन स्थापनाका लागि आवश्यक तयारी गर्न सरकारलाई निर्देशन दिइयो । २०३८ सालमा राष्ट्रिय पञ्चायतको अधिवेशनलाई सम्बोधन गर्ने क्रममा उक्त निर्देशन दिइएको हो । तत्पश्चात् सञ्चार मन्त्रालयअन्तर्गत परियोजनाको रुपमा २०४१ साल माघ १७ गते नेपाल टेलिभिजन स्थापना भयो (नेपाल टेलिभिजन २०४५) । उक्त परियोजना अन्तर्गत २०४२ साउन २९ गते परीक्षण प्रशारणमा समाचारका साथै पालैपालो गरी शिक्षा, स्वास्थ्य, कृषि, खेलकुद तथा मनोरञ्जनात्मक कार्यक्रम प्रशारण हुन्थ्यो । कार्यक्रमको प्रशारण भने हप्तामा दुई तीन दिन मात्र हुने थियो । (नेपाल टेलिभिजनका तत्कालिन ०४१/०४२ परियोजना प्रमुख नीरविक्रम शाहसँगको कुराकानीमा आधारित) नेपाल टेलिभिजनको स्थापनाकालदेखि टेलिभिजनमा शान्ता जोशी, किरणप्रभा तुलाधर, विजया लामिछाने लगायतका महिलाहरू अझै काम गर्दै हुनुहुन्छ । त्यतिबेला रेडियोमा रमा सिंह, शान्ता जोशी, किरणप्रभा तुलाधर, विजया लामिछाने लगायतको महिलाहरूको टिम थियो । स्थापनाका देखि नै कार्यरत शान्ता जोशी अहिले एनटिभी प्लसको प्रमुख कार्यक्रम निर्माता छिन् । भीएचएसमा कार्यक्रम रेर्कड गरेर प्रशारण गर्नुपर्ने अवस्थाबाट प्रवेश गरेका हामी अहिले कस्ता कस्ता प्रविधि आईसके दंग पर्दै भनिन् । त्यतिबेला महिलाको संख्या ज्यादै न्यून थियो तर अहिले संचार क्षेत्रमा महिलाको पनि सहभागिता दिनानुदिन बढ्दै गएको छ, उनले खुसी व्यक्त गरिन् ।

तत्कालीन राजा वीरेन्द्रको जन्मोत्सव पारेर २०४२ पुष १४ गतेदेखि दैनिक २ घण्टाको नियमित प्रशारण आरम्भ भयो । त्यतिबेला नेपाल टेलिभिजनको प्रशारण पहुँच सीमित भए पनि नेपालको लागि यो एउटा नौलो, उत्सुकतापूर्ण र नेपाली सञ्चार क्षेत्रको लागि एक ऐतिहासिक विषय हुन पुग्यो ।

टेलिभिजनको कुरा गर्ने हो भने नेपाल टेलिभिजनमा बोल्ने पहिलो महिला रिता गुरुङ्ग हुन् । उनले २०४२ साल देखि नै कार्यक्रम संचालकको रुपमा त्यहाँ कार्यक्रम प्रस्तोताको रुपमा काम गरिन् । त्यसपछि रमा सिंह, बन्दना राणा लगायतका महिलाहरू आए । त्यतिबेला पत्रकारितामा महिला प्रवेशलाई नकारात्मक तरिकाले हेर्ने चलन थियो । परिवार, समाज, नातागोताको सोचलाई सकारात्मक बनाउन अप्ठारो भएको बन्दना राणाको अनुभव छ । तुलनात्मकरुपमा पहिला भन्दा अहिले राम्रो सहभागिता भएपनि निर्णायक तहमा अझै पनि महिलाहरू पुग्न नसकेको अवस्था छ ।

## २.१.३ **नेपाली पत्रकारितामा महिला क्रियाशीलता**

नेपाली पत्रकारितामा महिलाहरूको प्रवेश सर्वश्री कुमारी कामाक्षी, कुमारी साधाना प्रधानद्धारा सम्पादित भई २००८ साल जेठमा प्रकाशित भएको महिला नामक नेपाली भाषाको मासिक पत्रिकाबाट सुरु हुन्छ (देवकोटा, २०५९) यसको केही महिनापछि श्री प्रियम्वदा शर्माको सम्पादन तथा कन्या हाईस्कुल साहित्य विभागको प्रकाशनमा प्रभा नामक नेपाली भाषाको मासिक पत्रिका २००८ आश्विनमा र श्रीमती कुन्तीदेवीको सम्पादन तथा अखिल नेपाल महिला संघको प्रकाशनमा प्रतिभा नामक नेपाली भाषाको मासिक पत्रिका २००९ भाद्र १६ गते प्रकाशित भयो । यी दुवै पत्रिका १ वर्षभन्दा बढी रहेनन् । २०१० साल श्रावणमा श्रीमती रमादेवी पन्तको सम्पादनमा जन विकास नामको नेपाली भाषाको मासिक पत्रिका निस्क्यो । यो पनि वर्ष १ संख्या १२ भन्दा निस्कन सकेन । २०१५ सालमा शशीकला शर्माको स्वास्नीमान्छे तीनमहिने पत्रिका निस्कन थाल्यो । २ वर्ष पछि यो पत्रीका दुई दुई महिनामा निस्कन थाल्यो । २०१७ सालको राजनितिक परिवर्तनपछि राजनैतिक संगठनहरूमा प्रतिवन्ध लागे तापनि नेपाली महिलाहरूलाई श्री ५ को सरकारद्धारा निर्देशित नियमको परिधिमा रही संगठन गर्ने अधिकार पुन प्राप्ति भयो । महिलाहरूले नेपाल महिला संगठनको नामबाट श्रीमती उमा पाण्डेको सम्पादनमा २०१९ साल फागुन २४ गते महिला बोल्छिन् नाउँको नेपाली भाषाको साप्ताहिक पत्रिका आफ्नो मुखपत्रको रुपमा प्रकाशित गर्‍यो । महिलाहरूको सम्पादनमा निस्केको यो पहिलो साप्ताहिक पत्रिका भए तापनि २०२१ साल श्रावण २७ गतेदेखि यो पत्रिका मासिक भई प्रकाशित हुन थाल्यो (देवकोटा, २०५९) ।

२००७ सालदेखि नै नेपाली पत्रकारितामा महिलाहरूको प्रवेश देखिएपनि नेपाली सञ्चार माध्यममा महिलाको सक्रिय सहभागिता वि.सं. २००७ साल मा रेडियो नेपाल र २०४२

सालमा नेपाल टेलिभिजनको स्थापना भएपछिको समयलाई लिनुपर्दछ । देशमा प्रजातन्त्र आएपछि सबै सञ्चारमाध्यमको विकास सँगै सबै प्रकारका सञ्चारमाध्यममा महिला सञ्चारकर्मी र पत्रकारको सहभागिता बढेको हो । पछिल्लो समयमा छापा तथा विद्युतीय सञ्चारमाध्यममा कार्यरत पत्रकार महिलाहरूले पत्रकारिताको क्षेत्रमा सक्दो योगदान दिदै आएका छन् ।

नेपाल टेलिभिजनबाट २०४२ साल पुस १४ गते पहिलो समाचार बुलेटिन प्रसारण भएको थियो । यस बुलेटिनको समाचार स्क्रिप्ट लेखनमा दुर्गानाथ शर्मा, रमा सिंह, लय संग्रौला, गम्भीरकान्त मैनाली, अर्जुनकुमार राई, विमल शम्शेर थापा र गगन श्रेष्ठको संलग्नता थियो (सिंह, २०६५) । बुलेटिन दस मिनेट बनाउने भनिए पनि पहिलो समाचार पाँच मिनेटको मात्र प्रसारण भएको थियो । बुलेटिन प्रसारण गर्नुअघि दुर्गानाथ शर्माले उदघोषण र आफूले समाचार वाचन गरेको रमा सिंहले नेपाली टेलिभिजन अभ्यास, अनुभूति र विश्लेषण पुस्तकमा प्रकाशित आफ्नो लेख नेपाल टेलिभिजनमा समाचार : अपरिवर्तनीय शैली पृष्ठ ९४ मा उल्लेख गरिन् । त्यसैले नेपालको पहिलो टेलिभिजनको समाचारवाचक रमा सिंह हुन् ।

सञ्चार सम्बन्धी नीति-नियमहरू बनाउने र अनुगमन गर्ने तथा ठूलो स्तरका अधिकांस सरकारी मिडिया सम्बद्ध निकायको नीति निर्णायक पदहरूमा महिलाको पहुँच लगभग शुन्यको स्थितिमा छ । एक पटक नेपाल टेलिभिजनको अध्यक्षमा बेञ्जु शर्मा र गोर्खापत्र संस्थानको अध्यक्षमा इन्दिरा प्रसाईंलाई नियुक्त गरिएको थियो । त्यसबाहेक अन्य निकायहरूमा एकाध महिलाहरूले मात्र सामान्य सदस्यको रुपमा काम गर्ने अवसर पाएका छन् । यस्ता मिडिया सम्बद्ध बोर्ड तथा सहभागिताले पनि पत्रकारिता क्षेत्रमा महिलाको शुन्य वा अप्रभावकारी सहभागिताले पनि पत्रकारिता क्षेत्रमा महिलाहरू आउने वातावरण तयार गर्नेतिर अवाश्यक पहलकदमी हुन सकिरहेको छैन (लक्ष्मी, २०६७) । यस्तो अवस्थामा पत्रकार महिलाहरूको संख्या बढाउन राज्य, पत्रकारहरूको छाता संगठन पत्रकार महासंघलगायत पत्रकारहरूको क्षेत्रमा कार्यरत संगठनहरूले पहल गर्नुपर्दछ । अर्कातिर सरकारी सञ्चार माध्यमहरूमा सम्पादकीय र नियुक्ती लगायतका प्रक्रियामा राजनीतिक हस्तक्षेप बन्द गर्नुपर्दछ ।

महिला पत्रकारको हकहितकै लागि भनेर वि.स २०५३ सालमा संचारिका समुहको स्थापना भयो । प्रेमकुमारी पन्त यसको संस्थापक अध्यक्ष हुन् । संचारिका समुहले देशभरका पत्रकार महिलाहरूको हकहितको लागि विभिन्न काम गर्दै आएको छ । त्यस्तै महिला पत्रकारकै क्षेत्रमा काम गर्नका लागि वि.स २०६३ साल असोज २९ गते जिल्ला प्रशासन कार्यालय काठमाण्डुमा दर्ता भएर क्रियाशिल पत्रकार महिला (डव्लुडल्लुजे) स्थापना भएको हो । यस संस्थाको संस्थापक अध्यक्ष संगीता लामा हुनुहुन्छ । पत्रकार महिलाहरूको हकहितको लागि यी दुवै संस्था क्रियाशिल छन् । क्रियाशिल पत्रकार महिला (डव्लुडल्लुजे) ले देशभरका ४१ जिल्लामा आफ्नो शाखा विस्तार गरिसकेको छ । यस्ता किसिमका संस्थाले गर्ने विभिन्न कार्यक्रम तथा पत्रकार महिलाका हक अधिकारको वकालतले पत्रकार महिलाहरूलाई अझ बढी क्रियाशिल बनाएको छ । तर पनि दुवै संस्थाले पत्रकार महिला देशभर यति छन् भनेर ठ्याक्कै भन्न सक्ने अवस्था छैन । पत्रकारितामा महिलाहरूको सख्या घटवढ भैरहने भएको कारण ठ्याक्कै यति नै पत्रकार महिलाहरू यस पेशामा आवद्ध छन् भनेर भन्न सक्ने अवस्था नरहेको क्रियाशील पत्रकार महिलाकी अध्यक्ष शुभेच्छा विन्दु तुलाधारको भनाई छ ।

२०२० भदौदेखि २०४२ सालसम्म राष्ट्रिय समाचार समितिमा प्रेमकुमारी पन्त रहिन् । अहिले निर्मला आर्चाय राससमा महानिर्देशकको रुपमा कार्यरत छिन् । अझै पनि महिलालाई डेक्सको काम लगाउन अप्ठारो अवस्था छ । समय धेरै दिनुपर्ने हुँदा महिलाहरूले पनि काम नगरेको अवस्थालाई उनी पनि स्वीकारछिन् । आर्चायले यस क्षेत्रमा महिला सहभागिता बढाउनको लागि अथवा माथिल्लो तहमा पुग्नका लागि महिलाले आफै क्षमता बढाउन पर्छ भन्छिन् । सकारात्मक सोच र अवसरको अभावका कारण पत्रकार महिलाहरूले यस पेशालाई निरन्तरता दिन नसकेको अवस्था छ । गुणात्मक सहभागितालाई जोड दिने हो भने अहिले तत्कालको लागि ३३ प्रतिशत आरक्षण कार्यान्वय गर्न आवश्यक रहेको आचार्यको भनाई छ । सरकारी संचारमाध्यमको निणार्यक तहमा अझै पनि पत्रकार महिलाहरू पुग्न सकेका छैनन् ।

त्यस्तै नेपाल प्रेस इस्टिच्युटका पुर्व अध्यक्ष शोभा गौतम पनि यो क्षेत्रमा महिलाको सहभागिता न्यून देख्छिन् । आशाजनक नभएको पनि होइन, पछिल्लो समयमा यस क्षेत्रमा पत्रकार महिलाहरूको सहभागिता बढ्दोक्रममा छ । पितृसत्तात्मक सोचका कारण यो पेशामा समस्या चिरेर आउन निकै अप्ठारो रहेको गौतमको बुझाई छ । लैङ्गिक नितिको

लागु गर्नुका साथै महिलाहरूको क्षमतामा विकास गर्ने हो भने मात्र महिलाहरूको सहभागिता बढाउन सकिने उनको बुझाई छ ।

पत्रकारितामा देखिने ग्ल्यामरका कारण यसप्रति आर्कषित भएर आउने तर यस क्षेत्रका चुनौतीलाई सामना गर्न नसकेर तथा नामले मात्र खुवाउँदैन भन्दै यसक्षेत्रबाट भाग्ने प्रवृत्ति पनि नभएको होइन । यही प्रवृत्तिका कारण तालिम, अनुभव प्राप्त पत्रकार यस क्षेत्रबाट पलायन भएका छन् ।

पत्रकार महिलाको कुरा गर्दा सुरक्षाको कुरालाई पनि उठाउनुपर्ने हुन्छ । दक्षिण एसियाको पत्रकारिताको सुरक्षाको कुरा गर्ने हो भने नेपाली पत्रकारहरू कानुनमा सुरक्षित तर कार्यान्वयनको अवस्था निकै फितलो छ । संवैधानिक प्रावधान हेर्ने हो भने नेपाली सञ्चारकर्मी विश्वका सबैभन्दा भाग्यमानी मानिन्छन् । यो देशमा त मौलिक हक मात्र नभइ संविधानको प्रस्तावनामा नै प्रेस स्वतन्त्रताको व्यवस्था गरिएको छ । तर यति बलियो अधिकार पाएका सञ्चारकर्मी अझै बढी निरीह र कमजोर छन् । उनीहरू समाचारकै कारण कुटिन्छन् र मारिन्छन् ।

### २.१.४ कास्कीको पत्रकारिताको विकासक्रम

सर्वप्रथम कास्कीमा २००८ सालमा हस्तलिखित पत्रिका नवयुग मासिक ४ अंक निस्केर बन्द भएको प्रेस स्वतन्त्रता सेनानी केशवराज पराजुलीले बताए । सो पत्रिका पोखराका मुक्तिनाथ तिमिल्सेना, मीनराज पराजुली, प्रेमराज मुल्मी मिलेर चलाएका थिए । २०१४ सालमा पोखरामा प्रेस आएको थियो । प्रेस पाल्पाबाट ल्याइएको हो । प्रेस चित्रबहादुर र रामबहादुर बङ्गामीले ल्याएका हुन् । त्यतिबेलाको प्रेस खुट्टाले चलाउनुपर्थ्यो । कास्कीको पत्रकारिताको कुरा गर्दा वि.सं. २०१७ साल कार्तिक २६ गते प्रकाशित हिमदूत साप्ताहिक नै हो । केशवराज पराजुली प्रेस स्वतन्त्रताका सेनानीले २०१६ सालबाट सम्वाद समितिको स्टिन्जरबाट पत्रकारिता सुरु गरेका हुन् । त्यसपछि २०१७ सालमा हिमदुत, गण्डकी पञ्च समाज संगालो साहित्यीक पत्रिका प्रशाशित भयो । पत्रपत्रिकाको विकास २०३६-२०३९ मा आएर अल्ली नयाँपन आयो । उनले त्यतिबेला गरेको पत्रकारिता पञ्चायतको विरुद्धमा थियो ।

**छापा**

पोखराको पत्रकारितालाई हेर्दा वि.स. २०१७ साल कार्तिक २६ गतेबाट प्रकाशित हिमदुत साप्ताहिक नै पहिलो पत्रिका मानिएको छ । वि. स २००७ सालमा स्थापित प्रजातन्त्रको सुदृढीकरणमा सहयोगी भुमिका निभाउने उदेश्य लिएर हिमदुत दुई महिनामै प्रजातन्त्र समाप्त भएर निरंकुश पञ्चायती व्यवस्थामा बाँच्न बाध्य भयो । हिमदुतको प्रकाशनमा जगन्नाथ सिग्देल र पछि चित्राङ्गद सिग्देलको योगदान रहेको छ । हिमदुतले नियमित प्रकाशन गर्न सकेन । पञ्चायतीकाल वि.स २०२० मा पञ्च समाज साप्ताहिक र गण्डकी अञ्चल पञ्चायतले गण्डकी साप्ताहिक प्रकाशन गरेर पञ्चायतको प्रचारप्रसारलाई जोड दिइयो । पञ्चसमाजको सम्पादन विमलबहादुर दीनले गरेका थिए । यही वर्ष पोखरामा वेदराज पन्तले पहिलो दैनिक पत्रिका प्रकाशन गरे । सो पत्रिकाको नाम दैनिक निर्णय थियो । पछि उक्त पत्रिका भैरहवा सारेर सञ्चालन गरियो ।

त्यस्तै २०२३ सालमा त्रिभुवन शर्माको सम्पादनमा पर्यवेक्षक साप्ताहिक प्रकाशन भएको थियो । तर यसले निरन्तरता दिन सकेन । वि.स २०२७ सालमा गणेश शेरचन र राजेन्द्र तुलाचनको संयुक्त प्रयासमा आह्वान साप्ताहिक सुरु भयो । सो पत्रिका २०४०/०४१ सालसम्म नियमित प्रकाशन भयो । सोमनाथ प्यासीको नौलो हाँक, उमाकान्त शर्माको नौलो डाँको पनि सोही समयबाट सुरु भएर २०४०/०४१ सम्म प्रकाशित भए । वि.स २०३९ सालमा पोखरामा दोस्रो दैनिक प्रत्रिका जनमत प्रकाशन भयो । केशवराज पराजुलीको सम्पादनमा प्रकाशित जनमत करिव २ दशक प्रकाशन भएपछि नियमित हुन सकेन । २०३९ सालमा माधव शर्माद्धारा सम्पादन गरिएको हिमाली आवाज, उमाकान्त शर्माको सम्पादनमा प्रकाशित अवलोकन पहिला अग्रेजी अव्जरभरको नाममा प्रकाशित पहिलो अग्रेजी दैनिक पछि नेपाली अवलोकन दैनिकका रुपमा प्रकाशित प्रत्रिकाले २०५०/०५१ सम्म निरन्तरता दिएको छ । भूपनिधि पन्तद्वारा सम्पादित सप्तगण्डकी, बालकृष्ण सुवेदीद्वारा सम्पादित अरुणोदय, विजय वजिमयको वातावरण, तिलकमान गुभाजुको पर्यवेक्षक, विष्णुप्रकाश भण्डारीको भञ्जाङ वातावरण १ अंक र अरुणोदय ८ अंक प्रकाशन गरेर बन्द भयो । हिमाली आवाज, पर्यवेक्षण, भञ्जाङ्ग साप्ताहिकबाट दैनिकसम्म भएर प्रकाशित भए । अहिले भञ्जाङ्ग राष्ट्रिय दैनिकले मात्र निरन्तरता भएको अवस्था छ । वि.सं. २०४३ सालदेखि २०४६ सालसम्म प्रकाशित बन्दना भटराईको जनक्रान्ति हो, कास्कीमा पत्रकार महिलाको

आगमन २०४६ सालदेखि नै भएको पाइन्छ । यसलाई नै आधार मान्ने हो भने कास्कीको पहिलो पत्रकार महिला बन्दना भर्टराई हुन् । महिला भएर पनि त्यतिबेला पत्रिका प्रकाशन गर्ने आट गरेर पक्रिका चलाउनु ठुलो कुरा हो । उनले श्रीमान् नारायण भट्राईको प्रेरणाले पत्रिका प्रकाशन गर्ने आट गरिन् । त्यतिबेलाको पत्रकारिता र अहिले पत्रकारितामा धेरै फरक रहेको उनको अनुभव छ । प्रविधिको विकास भैनसकेको अवस्था थियो त्यतिबेला । समाचार तयार पार्नका लागि धेरै समय लाग्ने थियो, अहिलेको जस्तो मोवाइल थिएन उनले थपिन् । त्यतिबेला अरु पत्रकार महिला कास्कीका नदेखेको उनको बुझाई छ । त्यस्तै २०४४ सालदेखि ०४५ सम्म कृष्णबहादुर गुरुङ्गको शिलापत्र प्रकाशन भयो तर यसले पनि निरन्तरता दिन सकेन ।

२०४६ सालको जनआन्दोलनको सफलता पछि पत्रपत्रिका प्रकाशनको बाढी नै आयो । वि.स २०५१ सालमा गजेन्द्र भण्डारीद्धारा सम्पादन गरिएको स्वदेशी आवाज केही समय प्रकाशन भयो पछि २०५८ साल वैशाखबाट सोही पत्रिका पोखराको पहिलो सन्ध्याकालिन पत्रिकाको रुपमा बजारमा आयो । पछि यसले पनि निरन्तरता दिन सकेन । वि.स २०५२ सालमा कृष्णाप्रसाद बाँस्तोलाको सम्पादनमा प्रकाशित आर्दश समाज पाक्षिक २०५४ सालदेखि माघदेखि दैनिक प्रकाशन हुँदै आएको छ । वि.स २०५३ मा प्रकाशित उपमहानगरी, परशुराम कोइरालाको गण्डकी सन्देश केही समय प्रकाशित भए पनि निरन्तरता पाउन सकेनन् । सोही साल दर्ता भएको पञ्चकोशी प्रकाशन नै भएको छैन भने पशुपति तिमिल्सेनाद्वारा सम्पादित पाक्षिक पत्रिका पोखरा सन्देश केही समय प्रकाशित भएर बन्द भयो । बालकृष्ण उग्रताराको पोखरा एक्सप्रेस नियमित प्रकाशन भैरहेको छ । वि.सं. २०५५ मा दर्ता भएको मेघराज आचार्यको तालनगरी साप्ताहिक, एल.वी. थापाको सण्डे एक्सप्रेस, भगवान उपाध्यायको श्री परिवर्तन, कल्याण पन्तको पोखरादीपले निरन्तरता नदिए पनि केही समय प्रकाशन गरेरै छाडेका छन् । वि.स २०५६ मा दर्ता भएको राष्ट्रिय स्वाभिमान साप्ताहिक, कोमल बरालको सम्पादनमा प्रकाशित विगत २ वर्षदेखि वन्द छ । दधिराम पौडेलको सम्पादनमा २०५८ मा सुरु भएको जनजिज्ञासा केही समय प्रकाशन भएर हाल स्थगित भएको हो ।

कास्कीको पत्रकारिताको इतिहास जतिसुकै लामो भएपनि पोखराको पत्रकारिताको व्यवसायिकतातर्फ लैजानको लागि पोखराको आर्दशसमाज दैनिक, समाधान, हटलाइन,

हिमदुत, लगायतका पत्रिकाले योगदान गरेका हुन् । पछिल्लो समयमा पोखरापत्र, पोखरा आवाज, कलम, आविष्कार, आर्दशनेपाल, कास्कीआवाज लगायतका दैनिक पत्रिका प्रकाशन भैरहेका छन् ।

**रेडियो**

कास्कीमा २०५० सालबाट चैत्र २० गतेबाट रेडियो नेपालको क्षेत्रीय प्रशारण सुरु भएको हो । रेडियो नेपालको रिले स्टेशन त २०४० सालदेखि नै थियो । तर २०५० सालबाट स्थानीयस्तरका कार्यक्रम उत्पादन र प्रशारण हुन थालेको हो । रेडियोको सुरुवातसँगै पोखराको सवैभन्दा पहिलो सञ्चारकर्मी शोभा गौतम हुन् । उनले रेडियो नेपालको क्षेत्रीय प्रशारणमा २०५१ सालदेखि काम सुरु गरिन् । तर उनी अहिले अमेरिकामा छिन् ।

कास्कीमा एफएमको सुरुवात २०५७ सालदेखि भएको हो । कास्कीमा सवैभन्दा पहिला २०५७ सालमा रेडियो अन्नपुर्णले लाइसेन्स पाएको भए पनि प्रशारणको हिसाबले माछापुच्छ्रे एफएम कास्कीको पहिलो एफएमको रुपमा रहेको छ । माछापुच्छ्रे एफएमले २०५७ साल माघ २० गते लाइसेन्स पाएको हो भने प्रशारण ०५७ साल चैत्र ५ गतेदेखि भएको माछापुच्छ्रे एफएमका प्रवन्ध निर्देशक देव क्षेत्रीले बताए ।

सुचना तथा सञ्चार मन्त्रालयको तथ्याङ्क अनुसार अहिले कास्कीमा २१ वटा रेडियो प्रशारणमा छन् भने अन्य ४ वटा रेडियोले लाइसेन्स पाएको अवस्था छ र यी रेडियोहरू प्रशारणको तयारीमा छन् । कास्कीमा पछिल्लो समयमा जतिपनि पत्रकारिता पेशामा महिलाको सहभागिता बढेको त्यसको श्रेय रेडियोलाई जान्छ । रेडियोमा प्रवन्ध निर्देशकको रुपमा रेडियो सफलतामा दुर्गा अधिकारी छिन् । स्टेशन म्यानेजर विमला भण्डारी सम्पूर्ण महिलाहरूद्धारा सञ्चालित रेडियो जननीलाई हाकेकी छन् । रविना आलेमगर रेडियो तरङ्गमा समाचार प्रमुखको रुपमा कार्यरत छिन् भने समाचार कक्षको सिनियर पदमा जिम्मेवारी समालेका महिलाहरूको संख्या पनि दिनानुदिन बढ्दै गएको छ ।

**टेलिभिजन**

कास्कीमा टेलिभिजनको सुरुवात नेपाल टेलिभिजनको स्थापना २०४२ सालदेखि नै भएको भए पनि कास्कीबाट प्रशारण भएका टेलिभिजनको इतिहास भने लामो छैन । कास्कीमा

२०६४ सालदेखि मात्र स्थानीय टेलिभिजन गोल्डेन आई टेलिभिजन प्रशारणमा आयो । दैनिक सूचना, मनोरञ्जनात्मक कार्यक्रम उत्पादन र प्रशारण यस टेलिभिजनले गर्दै आएको छ । त्यस्तै २०६५ साल कात्तिक १ गतेदेखि फेरि गण्डकी टेलिभिजन प्रशारणमा आयो । प्रशारण अवधि १६ घण्टा रहेको गण्डकी टेलिभिजनले पनि विभिन्न स्थानिय समाचार तथा कार्यक्रमहरूलाई प्राथमिकतामा पारेर कार्यक्रम उत्पादन र प्रशारण गर्दै आएको रेडियो गण्डकीका स्टेशन म्यानेजर एलपी बञ्जराले बताए । यसरी कास्कीमा टेलिभिजनको सुरुवातसँगै महिला क्यामेरा वेमन तथा राष्ट्रियस्तरका टेलिभिजनमा जिल्ला संवाददाताको रुपमा कार्यरत पत्रकार महिलाको संख्या पनि बढेको पाइन्छ ।

**अनलाइन**

कास्की जिल्लामा अनलाइनको सुरुवात २०५५ सालबाट भएको मानिए पनि व्यवस्थित र व्यवसायिकरुपमा २०५८ सालबाट भएको मानिन्छ । पोखराको सवैभन्दा पुरानो अनलाइन पोखरा सिटी डटकम हो । पोखरा सिटी डटकमका संचालक राम गुरुङ्गका अनुसार त्यत्तिबेलाको अनलाइन सेवा एकदमै चुनौतीपूर्ण रहेको छ । त्यतिबेला मान्छेलाई वेभसाइड भनेको के हो ? थाहै थिएन । इमेल चेक गरेको मात्रै ५० रुपैयाँ तिनुपर्ने अवस्था थियो । पछिल्लो समयमा नयाँनयाँ प्रविधिको विकास भएको छ । अहिले पोखराबाट मात्र करिव १५ वटा अनलाइन सञ्चालित छन् । लभ्ली पोखरा डटकम, पोखरा न्युज डटकम लगायतका अनलाइनहरू संचालित छन् । पोखरा सिटी डटकममा स्थापनाकालदेखि नै महिलाहरूले पनि काम गर्दै आएका छन् । रिता गुरुङ्ग, उपमा गुरुङ्ग र पुजा श्रेष्ठले सुरुवातको अवस्थामा अनलाइनमा आवद्ध भए पनि अहिले उनीहरूले यो पेशा छोडिसकेका छन् । अहिले पनि सुक्यान गुरुङ्ग, सुनिता गुरुङ्ग यही पेशामा ३ वर्षदेखि आवद्ध हुँदै आएका छन् ।

## २.१.५ कास्कीको पत्रकारितामा महिला क्रियाशीलता

वि.स २०४३ सालदेखि २०४६ सालसम्म प्रकाशित बन्दना भट्टराईको जनकान्ति, कास्कीको यो पत्रिका नै महिलाको प्रकाशनमा प्रकाशित पहिलो पत्रिका हो । बन्दना भट्टराई नै कास्कीको पहिलो पत्रकार महिला हुन् । जसले २०४३ सालमा आफ्नै प्रकाशनमा प्रत्रिका प्रकाशन गरेर कास्कीमा पत्रकार महिलालाई पत्रकारितामा ल्याउनको लाई सधै प्रेरणाको स्रोत बनिन् । २०५८ साल साउन ९ गते सन्जु शर्माको प्रकाशनमा कर्णाधार मासिक जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको देखिन्छ । त्यस्तै २०५८ भाद्र ७ गते ग्रामिण

विकास साप्ताहिक संगीता गौतमको प्रकाशनमा दर्ता भएको छ । त्यस्तै २०५९ भाद्र १९ गते बन्दना भटराईको प्रकाशनमा सञ्चार दर्पण साप्ताहिक दर्ता छ । त्यस्तै २०६१ असोज ६ गते नारी उत्थान तथा जागरण केन्द्रको प्रकाशनमा नारी दर्पण पाक्षिक दर्ता भएको पाइन्छ । यो पत्रिका पनि करिव १५ अंकसम्म प्रकाशनमा आएको र त्यसपछि वन्द भएको छ । यस पत्रिकाका सम्पादक गीताकुमारी पौडेलले महिलाहरूको क्षेत्रमा काम गर्न खोजे पनि महिलाहरू सधैं एकै साथमा रहन नसक्दा र त्यतिबेलाको राजनीतिक अस्थिरताका कारण पत्रिका वन्द भएको बताइन् । स्तम्भ लेखनमा २०५९ सालदेखि नै लागेकी पौडेलको मुख्य पेशा भने यो थिएन । शोखको पेशा भएकै कारण मन लाग्दा गर्ने मन लाग्दा नगर्ने उनको भनाई छ ।

२०५४ सालमा रत्न भट्टचनको नारी सन्देश पाक्षिक कास्कीबाट प्रकाशित पहिलो महिला प्रत्रिका हो । यसले करिव ९ महिना चलाएर बन्द भएको अवस्था छ । उनले महिलाको नाममा पत्रिका प्रकाशित गरे पनि काम गर्ने पत्रकार महिला नपाएकै कारण पत्रिका बन्द गरेको बताइन् । उनी पनि महिलाहरू विवाह पछि पेशा परिवर्तन गर्ने कुरामा सहमत भइन् । यो पेशा गर्न नसक्ने त होइन तर नेपालमा वातावरण बनि नसकेको उनको भनाई छ । विभिन्न कितावहरू प्रकाशन गरेकी भट्टचनले विटिस आर्मीमा कार्यरत श्रीमान्सँग हङकङमा पुगेर पनि १९८७ मा सयपत्री भन्ने महिला नेपाली म्यागिजन प्रकाशित गरेको बताइन् । तर अहिले उनी यो पेशामा सक्रिय छैनन् ।

विगतमा पत्रिका प्रकाशन गरेर महिलाहरूलाई यस क्षेत्रमा ल्याउन प्रेरणा दिएका रत्न भट्टचन, गिताकुमारी पौडेल लगायतले यो पेशामा निरन्तरता नदिए पनि दुर्गा भण्डारी, विजया आर्चाय लगायतका पत्रकारहरू अझै क्रियाशिल छन् ।

२०५१ सालमा पर्यवेक्षक साप्ताहिकबाट पत्रकारिता पेशामा लागेकी पत्रकार शान्ता श्रेष्ठ पनि अहिले यो पेशामा आवद्ध छैनन् ।  २२ वर्षको कलिलो उमेरमा जस्तो काम पाए पनि गर्छु भन्दै उनी अनुप अपसेट प्रेसमा पुगेकी हुन् । त्यतिबेला उनको भेट पर्यवेक्षक साप्ताहिकका सम्पादक तिलकमान गुभाजुसँग भयो उनको उत्प्रेरणाले श्रेष्ठले यो पेशामा कलम चलाउन थालेकी हुन् । २०५४ सालमा पत्रिका बन्द भएपछि पढाईलाई पनि निरन्तरता दिने भन्दै उनले यो पेशा छोडिन् । त्यसपछि फेरि उनी यस पेशामा देखिनन् । बन्द भएको केही समय पछि फेरी पर्यवेक्षक साप्ताहिक रुपमा सञ्चालनमा आयो अहिले

फेरी बन्द भएको अवस्था छ । विवाह भन्दा अगाडी खुलेर लागेपनि विवाहपछिको अवस्थामा लाग्न अप्ठारो हुने श्रेष्ठको बुझाई छ ।

कास्कीमा महिला पत्रकारहरूको यो क्षेत्रमा प्रवेशदेखि अधिकांश निरन्तर रुपमा लागिरहेका छन् । कास्कीमा क्रियाशिल पत्रकार महिलाको कुरा गर्ने हो भने कास्कीमा क्रियाशिल २५ जना पत्रकार महिलाहरूको मध्ये १ जना आफनै लगानी र स्थामित्वमा रेडियो स्थापित गरेर प्रवन्ध निर्देशकको रुपमा काम गरिरहेको अवस्था छ । २ जना स्टेशन म्यानेजर र २ जना पत्रकार महिलाहरू डेक्स इन्चार्ज, करिव ८ जना पत्रकार महिलाहरूले आफै प्रकाशन सम्पादक भएर विभिन्न दैनिक, साप्ताहिक, मासिक पत्रिका प्रकाशन गरेका छन् ।

पत्रकारितामा लाग्ने महिलाको सवालमा कास्की जिल्ला अन्य जिल्लाको तुलनामा धेरै अगाडी छ । यहाँ महिला सम्पादक भएर प्रकाशित पत्रिका पनि निरन्तर प्रकाशन भईरहेको छ । महिला प्रवन्ध निर्देशक भएर चलाएका एफएम रेडियो पनि राम्रो चलिरहेको अवस्था छ ।

२०५८ साल साउन ९ गतेदेखि सन्जु शर्माको प्रकाशनमा प्रकाशित मासिक पत्रिका, २०५८ सालमा संगीता गौतमको सम्पादनमा प्रशारित ग्रामिण विकास साप्ताहिक, २०६१ सालमा गीता कुमारी पौडेलको सम्पादनमा सम्पादित नारी दर्पण साप्ताहिक लगायतका महिलाद्वारा प्रकाशित पत्रिकाहरू बन्द भए पनि त्यक्तिबेलाका पत्रिकामध्ये २०५९ साल भाद्र १९ गतेदेखि प्रकाशित सञ्चार दर्पण साप्ताहिकले मात्र निरन्तरता पाएको अवस्था छ । तर पछिल्लो समयमा थुप्रै पत्रिकाहरू प्रकाशनमा आएका छन् । कास्कीमा पत्रकार महिलाहरूको क्रियाशिलता अन्य जिल्लाको तुलनामा राम्रो मान्न सकिन्छ । तुलना गर्दा जहिले पनि पहिला र अहिलेको गर्नुपर्ने भएको हुँदा पहिला आफुले पत्रकारिता गर्ने क्रममा पत्रकार महिलाहरू एकै जना पनि नभएको अवस्थामा अहिले यत्तिका पत्रकार महिलाहरू हुनु भनेको सन्तोषजनक कुरा रहेको प्रेस काउन्सिलका पुर्व सदस्य तथा प्रेस स्वतन्त्रताका सेनानी माधव शर्मा बताउँछन् । कास्कीमा पत्रकार महिलाहरूको सहभागिता आशातित साथै सन्तोषजनक रहेको उनको भनाई छ ।

## २.२ सैद्धान्तिक अवधारणा

## @=@=! cfd'n dlxnfjfb

आमुल महिलावादले समाजका प्रत्येक तहका महिलाहरू शोषित देखिएका छन् भन्ने मान्यता राख्दै त्यसैले सामाजिक सांस्कृतिक तथा आर्थिक सन्दर्भमा महिलाहरूको विश्वव्यापी अवमुल्यनलाई निमूल पार्न महिलाको सामाजिक मुल्यको खोजी गर्नुपर्ने तथ्यमा जोड दिन्छ । यो आमुल महिलावाद सन् १९६० को दशकको अन्त्यतीरबाट बढी प्रभावकारी बन्यो की यसले समाजका प्रत्येक जात, वर्ण, संरचना, संस्थामा दमन, विभेद र असमानता रहेकोले लैडिक विभेदको जटिलतालाई विशेष जोड दिन्छ । यस्ता लैङ्गिक विभेदको महत्वपूर्ण कारक तत्व भने पितृसत्ता अन्तर्गतको सामाजिक सन्वन्ध हो भन्ने बुझाई आमुल महिलावादीहरूको रहेको छ । यिनीहरूका अनुसार महिला विभेद र दमनको प्रारम्भिक थलो नै परिवार हो । पितृसंत्ताबाट सताईएका महिलाले त्यसका विरुद् द डटेर सामना गर्दै प्राकृतिक लिङ्गको भूमिकामा समेत विकल्प खोजी गरिनुपर्दछ । प्रत्येक कार्य गर्न महिला सक्षम छन् । यो सक्षमताको प्रर्दशनको खाँचो छ भन्ने जस्ता बुझाई र आवश्कताको बोध गराउँछ ।

तीनदशक अघि देखिनै सामाजिक जीवनमा महिलाको भूमिका खोज्ने सम्वन्धमा महिलाबादी सिद्धान्तको विकास गरिएको छ । जुन सिद्धान्त तथा अवधारणाले महिलाको पद, स्तर तथा भूमिकाको निर्धारण समाजको आर्थिक संरचनाले निर्धारण गर्दछ भन्ने तथ्यमा जोड दिन्छ । यस सिद्धान्तले पितृसत्तात्मक समाजमा पुरुषको महिला माथिको प्रभुत्वलाई विश्लेषण गर्दछ । विश्वका प्रायः सवै समाजमा यस प्रकारको पारिवारीक ढाँचा पाइन्छ । जस अन्तर्गत महिला पुरुषवीच विभेदहरू सामाजिक सांस्कृतिक रुपमा नै जोडिएर विकास भएका छन् । महिलावादी विश्लेषकहरूका अनुसार अर्थतन्त्रमा महिलाको भूमिकालाई विश्लेषण गरेर मात्र लैङ्गिक असन्तुलनलाई बुझ्न सकिदैन । यसका लागि महिला पुरुषबीचको सामाजिक सम्वन्ध र यसका आधारहरूबारे बुझ्नु पर्दछ । पत्रकारितामा महिला सहभागिता, निरन्तरता लाई यस सिद्धान्तसँग जोडेर हेर्न सकिन्छ ।

### २.२.२ उदार महिलावाद

उत्पत्तिका दृष्टिले उदार महिलावाद सोह्रौं र सत्रौं शताब्दीदेखि नै विकास भएको पाईन्छ । जसमा समाजका सबै तहका व्यक्तिहरूको स्वतन्त्रतालाई जोड दिईएको पाईन्छ । राज्य

व्यवस्थामा व्यक्तिगत स्वतन्त्रताको प्रतिविम्ब गर्न यस समय केही प्रयत्नहरू भए । उन्नाईसौ शताब्दीका परम्परावादी उदार नारीवादीहरूले विशेषगरी नागरिक स्वतन्त्रताहरू म जस्ता सम्पत्ति माथिको अधिकार भोटको अधिकार, धर्म मान्ने स्वतन्त्रता, बोल्ने स्वतन्त्रता, संगठन गर्न स्वतन्त्रता जस्ता व्यक्तिगत स्वतन्त्रतालाई बढी जोड दिएको देखिन्छ । विसौं शताब्दीसम्म आईपुग्दा नागरिक स्वतन्त्रता भन्दा आर्थिक न्यायका पक्षलाई बढी जोड दिएको पाईन्छ । सामाजिक न्यायको विकास तथा मानव कल्याणका पक्षमा पछिल्ला समयका महिलावादीहरूले जोड दिएको पाईन्छ । अझ सन् १९५० पछिका उदार महिलावादीहरूले सामाजिक, आर्थिक तथा राजनैतिक सम्बन्धमा पुनरसंरचनाको आवश्यकता औंल्याएका छन् । उन्नाईसौं शताब्दीका प्रख्यात महिलावादी हेरिट टेलरले महिलाहरूलाई घरबाहिरका कार्य गर्ने स्वतन्त्रता हुनुपर्दछ भन्ने विषयमा जोड दिई पेशा, शिक्षा जस्ता पक्षमा महिलाका लागि स्वतन्त्रता निकै आवश्यक वस्तु हो भन्ने वकालत गरिन् ।

पत्रकारितामा महिलाहरूको सहभागिताको कुरा गर्ने हो भने विभिन्न अध्ययन अनुसन्धानले देखाए अनुसार पत्रकारितामा महिलाको सहभागिता आर्कषण बढ्दो छ । वि.सं. २०६२/०६३ सालको जनआन्दोलन पछि नेपालमा सञ्चार माध्यमहरूको विकास तीब्र रुपमा भैरहेको छ । यस अनुरुप पत्रकार महिलाहरू सञ्चारका विभिन्न माध्यमहरू जस्तै टि.भि., रेडियो, पत्रपत्रिका, अनलाईन पत्रिकामा आवद्ध भएका छन् । सञ्चार माध्यमको सामान्य संवादातादेखि सञ्चालकसम्म महिलाहरूले नै नेतृत्व लिएका छन् ।

आर्कषणको पेशाको रुपमा महिलाहरू यस क्षेत्रमा प्रवेश गर्ने र केहि समयपश्चात् नैराश्यता भई छाड्ने गरेको देखिन्छ । सुरुका दिनहरूमा पत्रकारितामा क्रियाशिल हुने र जस्तोसुकै चुनौति पनि पार गर्ने केही वर्षपछि विस्तारै सोचे जस्तो भनौ अथवा आधारभुत आवश्यकता पनि पुरा नहुने अवस्था देखिएपछि पलायन हुने अवस्था कायमै छ । यद्यपी सो समस्या महिला पत्रकारहरूमा मात्र होइन पुरुष पत्रकारमा पनि देखिन्छ । सुचना र संचारको क्षेत्रमा नयाँ नयाँ प्रविधिको विकास सँगै अवसर र चुनौती पनि थपिदै गएका छन् । पत्रकारिता पेशा भनेको अरुलाई भनेको भरमा टिक्ने पेशा होइन यो पेशामा टिक्नका लागि क्षमता चाहिन्छ । क्षमता बढाउने, आफुलाई हरेक कुरामा अपडेट राख्ने व्यक्तिहरू यस पेशामा टिकिराख्न सक्छन् होइन भने सम्भावना कम हुन्छ । पेशा सँगै घरपरिवार र समाज पनि जोडिएको

हुन्छ । हामी सामाजिक प्राणी हाकै समाजका हरेक क्रियाकलापहरू हामी सँग जोडिएका हुन्छन् त्यसमा पनि ती घरायसी र सामाजिक क्रियाकलापमा पुरुषको भन्दा महिलाको जिम्मेवारी बढी हुने भएको हुँदा यो पेशालाई महिलाहरूले पुरुषको तुलनामा कम निरन्तरता दिएको विभिन्न अध्ययन प्रतिवेदनले देखाएको छ ।

“एक असल पत्रकार बन्न थुप्रै चुनौतीको सामना गर्नुपर्ने हुन्छ । यो पेशा १० देखि ५ बजेको जागिरमा मात्र सीमित हुँदैन । इष्टमित्र र आफन्तभित्र बाँधिएर रहन पनि सक्दैन । यस पेशामा स्थापित हुनेहरूले कुनै न कुनै रुपबाट  आफ्नो व्यक्तिगत जीवनका केही पाटोहरूलाई तिलाञ्जली दिन सक्नुपर्छ” (शर्मा, २०६९) ।

यी साझा चुनौती र आफ्नै चुनौतीमा महिला पत्रकारहरू पिल्सिएका छन् । यस्तो एउटा जटिल पृष्ठभूमि रहेको क्षेत्रमा महिला पत्रकारहरूलाई व्यावसायिक रूपमा स्थापित हुन खोज्नु पक्कै पनि सजिलो कुरा होइन । अवसरका हिसाबले काठमाण्डौंका केही पत्रकार महिलाहरू पत्रकारितामा स्थापित भए पनि मोफसलमा भने अझै यो व्यावसायिक बन्न सकेको पाइँदैन । एकाधबाहेक धेरैजसो महिलाहरूले यस क्षेत्रलाई सौखका रूपमा नै लिने गरेको देखिन्छ । छापा माध्यममा अझै पनि पत्रकार महिलाहरूको खडेरी नै छ भने एफएम रेडियोमा भने महिला सञ्चारकर्मीहरूको रुचि बढी नै देखिन्छ ।

पत्रकार संघ र पत्रकार महासंघको ५७ वर्ष इतिहासमा आजसम्म पत्रकार महिला नेतृत्वमा पुग्न सकेको अवस्था छैन । नेपाल साप्ताहिकमा कार्यरत पत्रकार महिला एशोदा तिम्सिना पत्रकार महासंघको इतिहासमै पहिलो पटक २०६७-०७० सालसम्मको कार्यकालका लागि वरिष्ठ उपाध्यक्षमा विजयी हुनुभयो । यदि उक्त पदमा पुरुष भएको भए २०७१ सालमा भएको नयाँ कार्यकालमा उसैले पाउने थियो तर महिला भएकै कारण उहाँलाई अर्को कार्यकालका लागि अध्यक्षमा दाबी गर्न समेत दिइएन । पत्रकारिता पेशा निराशाजनक छैन, पछिल्लो समयमा पत्रकार महिला उल्लेख्य मात्रामा यो पेशामा आएका छन् तर अवसर दिनमा मात्र कन्जुस्याई रहेको तिम्सिना बताउँछिन् ।

नेपालमा सञ्चार माध्यमको विकास भैरहेको छ । पत्रकारिता पढ्ने र अध्ययन गराउने कलेज, संस्थाहरू पनि खुलिरहेका छन् । पत्रकारिता अध्ययन गर्ने नेपाली महिलाको संख्या पनि बढिरहेको छ । तर चुनौती र असुरक्षित पेशा भएको कारण यसैलाई पेशा बनाउनुभन्दा

आकर्षणका रुपमा क्षणिक मात्र यसलाई रोज्नेहरूको संख्या उस्तै छ । पत्रकारिता पेशामा सहभागी पत्रकार महिलालाई कुनै कानुनले बन्देज नगरे पनि सामाजिक परिवेशका कारण पुरुषसरह पेशाका सिलसिलामा सबैले उत्तिकै लाग्न सकेको देखिदैन ।

## २.३ प्रकाशित पूर्व साहित्यको समीक्षा

यो विषयको अध्ययन गर्ने क्रममा विभिन्न संघसंस्थाद्धारा प्रकाशित पुस्तक, अनुसन्धान तथा विभिन्न विश्वविद्यालयबाटबाट सम्वन्धित मिल्दोजुल्दो विषयमा गरिएका शोधपत्रको अध्ययन गरिएको छ । सञ्चारमा महिला सहभागिता विषयमा यसअघि पनि अध्ययन तथा अनुसन्धान भएको पाइन्छ । ती विभिन्न अध्ययन सञ्चार क्षेत्रमा महिला सहभागिता कम हुनुका सामाजिक र आर्थिक विषयवस्तुसँग सम्बन्धित थिए । उनीहरूको सङ्ख्या तथा पदीय हैसियतबारे पनि खोजीनिती नभएको होइन । समग्र सञ्चार क्षेत्रमा महिलाको अवस्थाबारे केही जानकारी दिन ती अध्ययन महत्वपूर्ण थिए ।

त्यस्तै संचारिका समुहद्धारा २०६८ सालमा काठमाण्डु उपत्यकामा कार्यरत महिला संचारकर्मीको अवस्थाको विषयमा अध्ययन गरेको छ । समुहका अध्यक्ष वविता बस्नेतको संयोजनमा भएको उक्त अध्ययनले पत्रकारिता क्षेत्रमा महिलाको सहभागिता दिनानुदिन बढ्दै गएको छ । सख्यात्मकरुपमा बढ्दै गएको अवस्थामा गुणात्मक कसरी बनाउने तथा महिलाहरूको यस पेशामा अवस्था, चुनौती र अवसरको विषयमा विश्लेषण गरेको छ । यसले पनि काठमाण्डु उपत्यकालाई मात्र समेटेको हुँदा मोफसलका पत्रकार महिलाहरूको विषयमा अनविज्ञ जस्तो देखिन्छ । साथै काठमाण्डुमा बसेर काम गर्ने पत्रकार र मोफसलमा रहेर काम गर्ने पत्रकार महिलाको भोगाई पिडा केहीहद सम्म एउटै होलान् तर सवै नमिल्न पनि सक्छन् ।

नेपाल प्रेस इन्स्टिच्युटका लागि मिडिया सर्भिस इन्टरनेसनलले २०६३ मा तयार पारेको मिडियामा काम गर्ने महिलाको सङ्ख्या तथा गुण कसरी बढाउने ? शीर्षकको एक अध्ययन प्रकाशित भएको छ । तर, उक्त अध्ययनले सङ्क्षिप्त रूपमा मात्र यस विषयको उठान गरेको छ र त्यसले उठाएका विषय पनि परिवर्तित समय तथा आजको अवस्थामा सामान्जस्य समेत रहेको पाइँदैन । विषय अनुसारले अध्ययन गर्नुपर्ने गहन विषयले यस अध्ययनमा स्थान पाएको छैन । संख्या यति भनेर एकिन भएपछि मात्र यसको यस क्षेत्रमा पहिलाहरूको क्षमता, दक्षताको कुरा आउँछ , यो पाटोलाई अध्ययन उठान गर्न सकेको छैन ।

त्यस्तै काठमाण्डु उपत्यका बाहिरका सम्पादक प्रकाशक महिलाको स्थिति को विषयमा लक्ष्मी बस्नेतले आमसञ्चार र पत्रकारिता स्नातकोत्तर तहको आंशिक आवश्यकता पुरा गर्नका लागि गरेको अध्ययनमा सम्पादक र प्रकाशकका कुरा आएका छन् तर पत्रकार महिलाका कुरा आएका छैनन् । आर्थिक हिसावले चलाउनका लागि पर्ने अप्ठारो अवस्थाको विश्लेषण गरिएको छ । तर पत्रकार भएर समाचार लेख्दा पेशागत सुरक्षा, अवसरका कुराहरू आएका छैनन् । उहाँले मोफसलका सम्पादक प्रकाशक महिलाको स्थितिको विषय प्रशंसायोग्य छ तर साँच्चै नै फिल्डमै गएर समाचार लेख्दाको पिडाका कुराहरू समेटिएका छैनन् ।

त्यस्तै पत्रकारिताका विषयमा धेरै प्रकाशनहरू प्रकाशित भएका पनि छन् । नेपाल पत्रकार महासंघ कास्कीले २०५८ सालमा स्मारिका निकालेको छ तर त्यहाँ महिला पत्रकारको विषयलाई समेटेको छैन । त्यस्तै मार्टिक चौतारीले २०५८ सालमै पत्यूष पन्तले क्षेत्रीय मिडिया विगत र वर्तमान शिर्षकमा पाँचवटै विकास क्षेत्रको पत्रकारिताको विकासको विषय उठाइएको छ तर यसमा पनि महिलाको विषय उठाएको पाइदैन । त्यस्तै २०७० सालमा प्रकाशित उमाकान्त शर्माको नेपाली पत्रकारिता नामक पुस्तकमा पनि नेपालको पत्रकारिताको इतिहासदेखि विकाससम्मका विषयहरू समेटिएको छ तर महिलाहरूको विषयलाई समेटेको पाइदैन ।

त्यस्तै आमसञ्चार र पत्रकारिताको विषयमा स्नाकोत्तर गर्ने क्रममा सुनिल खतिवडाले पनि पुर्वाञ्चल विश्वविद्यालयबाट २००६ मा नेपाली मिडियामा महिलाको प्रस्तुतीकरण विषयमा आमसञ्चार र पत्रकारिताको विषयमा स्नाकोत्तर गर्नुभएको छ । त्यसमा पनि महिलाको सहभागिता चुनौती र अवसरका विषयहरू भन्दा पनि महिलाहरूले गर्ने प्रस्तुतीकरणको विषयलाई मुख्य विषय बनाइएको छ । उहाँले समेट्न खोज्नुभएको विषयले यो शोध अध्ययनले खोज्न खोजेको विषय फरक छ ।

त्यस्तै अर्चना तिम्सेनाले २०१२ मा झापा जिल्लालाई क्षेत्र बनाएर मिडियामा महिला सहभागिताको विषयमा समाजशास्त्र विषयमा त्रिभुवन विश्वविद्यालयबाट स्नाकोत्तर गर्नुभएको छ । यसले संचारमा महिला सहभागिताको कमीले आर्थिक, सामाजिक, शैक्षिक, लैङ्गिक क्षेत्रमा पर्ने प्रभावलाई विश्लेषण गरेको छ । यसले महिलाहरू मिडियामा कम हुदाँ तथा निर्णायक तहमा नहुँदा महिलाको मुद्धाहरू ओझेलमा पारेका छन् । संचार क्षेत्रमा

महिलाहरूको संख्या कम हुनु पितृसत्तात्मक सोच भएको हुनाले हो । मिडियामा अहिले पनि महिलाहरूलाई महिलाका मुद्धालाई उठाउनु भन्दा पनि महिलालाई मनोरञ्जनका साधनका रुपमा प्रयोग गरिएको निष्कर्ष निकालेको छ ।


पत्रकार महिलाहरूको अवस्था सम्भावना र चुनौतीसँग सम्बन्धित रहेर खासै धेरैले अध्ययन अनुसन्धान गरेको पाइदैन । महिलाहरूले पत्रकारिता पेशालाई निरन्तरता दिन सकेनन् भन्ने त छ । व्यक्तिगत जोखिम सँगै व्यवसायिक चुनौतीका थुप्रै कुराहरू विभिन्न अन्तवार्ताहरूमा आउने गरेको छ । महिला भएकै कारणले यो पेशालाई छोड्नु परेका उदाहरणहरू थुप्रै छन् । नेपालमा सञ्चार क्षेत्रमा लागेका वा लाग्न चाहने महिलाहरू सञ्चार क्षेत्र भित्र व्याप्त समस्याबाट त पिडित छन् । त्यति मात्र होइन आफ्नै घरपरिवार तथा सिगो समाजबाट पनि उनीहरू सताइने गरेका छन् । लैगिक विभेदकारी सामाजिक संरचना नै संचारकर्मी महिलाहरूको उत्साहको मुल बाधक हो (राणा र अन्य, २०६२) ।

यसैले विभिन्न अध्ययनको विश्लेषण गर्दा यो अध्ययन फरक छ । यस अध्ययनले कास्की जिल्लालाई कार्य क्षेत्र बनाएरमा काम गरिरहेका पत्रकार महिलाहरूको वास्तविक सङ्ख्या पहिल्याउने, साथै कार्यरत महिलाको पदीय जिम्मेवारी पहिल्याउने तथा सञ्चार माध्यमको संर चनागत ढाँचामा महिलाको अवस्थालाई उजागर गर्ने, निर्णायक तहमा महिलाहरूको सहभागिता के कस्तो छ खोजी गर्ने, कार्यरत पत्रकार महिलाहरूको शैक्षिक योग्यता लगायतका विषयहरू पहिल्याउने उद्देश्यका साथ विस्तृतरुपमा यस अध्ययन गरिएको छ ।

सोध अध्ययन र प्रकाशन गरिएका अनुसन्धान प्रतिवेदन र पुस्तकहरूको अध्ययन गरी समीक्षा गरिने छ । यी सामाग्रीहरू संकलन गर्नका लागि पत्रकार महिलाहरूको संगठन क्रियाशिल पत्रकार महिला, सञ्चारिका समुह, नेपाल वातावरण पत्रकार समूह, नेपाल पत्रकार महासंघ, लगायत यस्ता विषयमा सामाग्री प्रकाशन गर्ने र अनुसन्धान गर्ने संस्था नेपाल प्रेस इन्स्टिच्युट, मार्टिन चौतारी, र आमसञ्चार अध्ययन हुने त्रिभुवन विश्वविद्यालयको रत्नराज्य लक्ष्मी क्याम्पसको पुस्तकालय र स्नातकोत्तर तहमा आमसञ्चार विषय अध्ययन हने पूर्वाञ्चल विश्वविद्यालयसँग आवद्ध क्याम्पसहरूबाट यो विषयसँग सम्बन्धित रहेर अध्ययन भएका सामग्रीहरूका बारेमा जानकारी संकलन गरी पूर्वसाहित्यको समिक्षा गरिएको हो ।

## २.४ अवधारणात्मक ढाँचा

पत्रकारिता क्षेत्रमा महिला सहभागिता (कास्की जिल्लाको पत्रकारिता क्षेत्रमा संलग्न महिलाहरूको समाजशास्त्रीय अध्ययन) गर्न अवधारणात्मक ढाँचा निम्नानुसार तयार गरिएको छ । पत्रकारिता पेशा यस्तो पेशा हो जुन पेशा अन्य विषयसँग पनि सम्वन्धित हुन्छ । पेशाले प्रत्यक्षरुपमा तलका शिर्षकहरूमा प्रभाव पारेको छ । पत्रकार महिलाहरूको सहभागिताले अन्य क्षेत्रमा पनि महिलाको सहभागिता बढाउनका लागि वकालत गरेको एकातिर छ भने पछिल्लो समयमा पत्रकार महिलालाई समाजले हेर्ने दृष्टिकोणमा पनि परिवर्तन आएको छ ।




पत्रकारितामा महिला सहभागिता भएपछि त्यसले आर्थिक जीवनस्तरलाई उकास्न मदत पुर्‍याएको छ एकातिर भने अर्को तिर सामाजिक भावनाको विकास पनि गराएको छ । एउटी महिला घरबाट बाहिर निस्किएर समग्र विषयमा जान्नु बुझ्नु र समाजमा त्यसको बारेमा

जानकारी गराउनु उदाहरणीय कार्य हो । यसको सिको समाजका अन्य व्यक्तिले पनि गर्न सक्छन् । त्यस्तै पत्रकारिताको माध्यमबाट समाजमा मानी आएका संस्कार संस्कृतिको संरक्षण गर्दै भावी सन्ततीलाई हस्तान्तरण गर्ने काम पनि संचार क्षेत्रमा लागेका व्यक्तिले गर्दै आएका हुन्छन् । त्यस्तै शैक्षिक चेतनाको विकास गर्दै जनचेतना, तालिम, जागरुप गर्ने काम संचार क्षेत्रको माध्यमबाट पत्रकार महिलाहरूले प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा गर्दै आएका छन् । यसको प्रभाव गाउँघर, टोलवस्ती र विभिन्न क्षेत्रमा पर्न थालेको छ । साथै पत्रकारितामा महिला सहभागिताले राजनितिमा महिला सहभागिताका लागि वकालत गर्ने कार्य पनि गरेको छ । अहिले हरेक क्षेत्रमा पहिला सहभागिताका एजेण्डा तथा निर्णायक तहमा महिला सहभागिताका कुरा संचार क्षेत्रको माध्यमबाट  उठाइएका आवाज हुन् । यी विषयलाई अध्ययनमा उठाउन खोजिएको छ ।

# परिच्छेद तीन

# अनुसन्धान पद्धति

कुनै पनि विषयमा शोध अध्ययन गर्दा सम्वन्धित शीर्षक अनुसारको शोध अध्ययन क्षेत्र, अध्ययन गर्नुको महत्व, अनुसन्धानको ढाँचा कस्तो रहने ? भन्ने जानकारी पहिल्यै निक्यौल गर्नु जरुरी हुन्छ । आफ्नो अध्ययन पुर्ण बनाउन, उदेश्य पुरा गर्न तथ्याङ्कको स्रोत, प्रकृति, समग्रताको नमुना छनौट, तथ्याङ्क संकलन एवं विश्लेषण विधिको यस अध्यायमा चर्चा गरिएको छ । यसरी मुख्य गरी तेस्रो अध्यायमा शोध अध्ययनको क्षेत्र छनौटको औचित्य, ढाँचा, समग्र र नमुना छनौट, तथ्याङ्कको स्रोत एवं प्रकृति, प्राथमिक तथ्याङ्क संकलन विधि एवम् तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्र र क्षेत्र छनौटको औचित्य

त्रिभुवन विश्व विद्यालय पृथ्वी नारायण क्याम्पस समाजशास्त्र/मानवशास्त्र अर्न्तगत स्नातकोत्तर तह द्धितिय वर्षको आंशिक आवश्यकता परिपूर्तिको निमित्त शोध पुरा गर्नुपर्ने भएकाले शोधकर्ताले उदेश्यमुलक नमुना छनौट विधि अर्न्तगत कास्की जिल्लाको पत्रकारिता क्षेत्रमा महिला सहभागिता एक समाजशास्त्रीय अध्ययनका लागि कास्कीमा क्रियाशिल ५० जना पत्रकार महिला मध्ये ४४ जनालाई लिइएको हो । हरेक क्षेत्रमा समान सहभागिताको कुरा उठिरहेको बेला पत्रकारिता क्षेत्रमा पत्रकार महिलाहरूको सहभागिता न्यून र भएका पत्रकार महिलाले पनि पेशामा निरन्तरता दिन सकिरहेको अवस्था छैन । किन पत्रकार महिलाले यस पेशालाई निरन्तरता दिन सकेका छैनन् । यस क्षेत्रमा पत्रकार महिलाहरूको सहभागिता, आर्थिक तथा सामाजिक अवस्था, सम्भावना र अवसरको खोजी गर्न यस अध्ययन क्षेत्रको छनौट गरिएको हो । शोधकर्ताले उदेश्य प्राप्तिका लागि अनुभवी पत्रकार, क्रियाशिल महिला पत्रकार लगायत विभिन्न व्यक्तित्वसँग छलफल तथा अन्तवार्ता लिइएको छ ।

## ३.२ अनुसन्धनात्मक ढाँचा

कुनै पनि अध्ययन अनुसन्धान गर्नु ज्यादै कठिन र जटिल कार्य हो । अनुसन्धान गर्दा निश्चित पद्धति अपनाएर कार्य गरेमा जटिल कार्य पनि सरल र सहज हुन जान्छ । त्यसैले

यस अध्ययनका प्रक्रिया, समस्या, घटनालाई यथास्थिति र प्राकृतिक अवस्थामा नै अध्ययन गरिएको छ । अध्ययनबाट प्राप्त तथ्याङ्कहरूलाई मिश्रित ढाँचा प्रयोग गरी संख्यात्मक सूचनालाई परिमाणात्मक र व्याख्यात्मक सूचनालाई गुणात्मक रुपमा विश्लेषण र व्याख्या गरिएको छ ।

## ३.३ समग्र नमूना छनोट

यो सोध अध्ययनका लागि सर्भेक्षण बिधि र अन्तरवार्ता बिधिको प्रयोग गरिनेछ । कास्कीमा क्रियाशिल ५० जना पत्रकार महिला मध्ये ४४ जना महिला पत्रकारलाई सर्भेक्षणमा समावेश गरिनेछ । यसैगरी यो विषयको विश्लेषणका लागि कास्कीमा पत्रकारिता क्षेत्रमा क्रियाशील अनुभवी पत्रकारहरू तथा कास्कीबाट प्रकाशित हुने पत्रिका र रेडियोका सम्पादकहरूसँग अन्तरवार्ता लिइएको छ । अन्तरवार्ता र सर्भेक्षणका लागि प्रश्नावलीको निर्माण गरिएको छ । अध्ययनमा प्रश्नोउत्तर विधि प्रयोग गरेर निचोडमा पुगिएको छ । विशेषगरी कास्कीमा कार्यरत पत्रकार महिलाहरूको सहभागिता, आर्थिक तथा सामाजिक अवस्था, सम्भावना र चुनौतीलाई विषयवस्तु बनाएर उनीहरूको अनुभव आदानप्रदान तथा प्रश्नावली तयार पारी अन्तवार्ता विधिको प्रयोग गरि सोध अध्ययन गरिएको छ । नेपाल पत्रकार महासंघ कास्कीमा आवद्ध कम्तीमा ४४ जना पत्रकार महिलाहरूलाई विभिन्न खुल्ला तथा बन्द प्रश्नावली निर्माण गरि यसको अध्ययन विश्लेषण गरिएको छ ।

प्रस्तुत अनुसन्धानमा अध्ययनको क्षेत्र कास्की जिल्लामा कार्यरत पत्रकार महिलालाई प्रत्यक्ष संलग्न गराएर अध्ययन गरिएको छ । कास्कीमा कार्यरत पत्रकारहरू मध्येबाट महिला पत्रकार मात्र अध्ययनमा सहभागी भएका छन् । यसमा सघन गणना विधि प्रयोग गरिनेछ । समग्र ५० संख्या मध्ये ४४ जनाको अध्ययन गरिएको छ ।

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनमा प्राथमिक र द्वितीय दुवै खालका तथ्याङ्क उत्तिकै रुपमा संकलन गरिएको छ । निर्दिष्ट गरिएको उदेश्यमा आधारित रही तथ्याङ्क संकलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत कार्यक्षेत्र अध्ययन, अवलोकन, प्रश्नावली, अन्तवार्ता आदी पर्दछन् भने द्धितिय स्रोत अन्तर्गत अध्ययन सँग सम्वन्धित लेख, रचना, जर्नल, पुस्तक तथा अन्य सम्वन्धित साहित्यको सहयोग लिइएको छ ।

## ३.५ प्राथमिक तथ्याङ्क सङ्कलन विधि

कुनैपनि अध्ययन अनुसन्धान कार्य सम्पन्न गर्न विभिन्न तथ्याङ्क सङ्कलन विधिहरू अवलम्बन गरिएको छ । प्राथमिक र द्वितीय किसिमका स्रोतलाई आधार मानिएको छ । प्राथमिक स्रोत अन्तर्गत अन्तवार्ता, प्रश्नावली अनुसूचि, अवलोकन र व्यक्तिगत अध्ययन तथा सम्वन्धित व्यक्तिहरूबाट प्रत्यक्ष रुपमा सुचना संकलन गरिएको छ ।

### क) अन्तवार्ता अनुसूचि

यस अध्ययनका निम्ति अन्तवार्ता विधिलाई मुख्य विधिको रुपमा दृष्टिगत गरी पत्रकारितामा महिला सहभागिताको अवस्थालाई व्याख्या र समाज, परिवार अनि समाजसँग जोडिएका अन्य विषयवस्तुविचको सम्वन्ध विश्लेषण गर्न आवश्यक तथ्याङ्क तथा सूचना लिइएको छ । यसको लागि अध्ययन क्षेत्रमा गएर प्रत्येक पत्रकार महिलालाई प्रश्नावली अनुसूची भराइएको छ । प्रत्येक पत्रकार महिलाहरूबाट आएको तथ्याङ्कलाई तुलना गरेर मात्र मुख्य सामग्रीको प्रयोग गरिएको छ । यसमा संरचित र असंरचित दुवै किसिमको प्रश्नहरू तयार पारेर भराइएको हो । पत्रकार महिलाबाट आएको तथ्याङ्कलाई तुलना गरेर मात्र मुख्य सामग्रीको प्रयोग गरिएको छ ।

## ३.६ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

कुनैपनि अध्ययन अनुसन्धानको सफलताको मापदण्ड प्राप्त गर्न तथ्याङ्कहरूको प्रभावकारी विश्लेषण र प्रस्तुतीकरणमा भर पर्दछ । त्यसैले संकलन गरिएका तथ्याङ्कहरूलाई आवश्यकता अनुसार वर्णनात्मक र विवरणात्मक रुपमा विश्लेषण गरिएको छ । सामान्यतया प्राप्त तथ्याङ्कहरूलाई तालिकीकरणको माध्यमबाट तथ्याङ्क विश्लेषण गरिएको छ । यसको लागि आवश्यकता अनुसार समाजशास्त्रीय/मानवशास्त्रीय अध्ययन अनुसन्धानको लागी तयार पारिएको कम्प्युटर प्रयोग गरिएको छ । आवश्यकता अनुसार तथ्याङ्कको व्याख्या र विश्लेषण पनि गरिएको छ ।

# परिच्छेद चार

# अध्ययन क्षेत्रको परिचय एवं जनसाङ्ख्यिक विवरण

## ४.१ अध्ययन क्षेत्रको परिचय

राज्यका हरेक क्षेत्रमा महिलाहरूको सहभागिता बढे जस्तै कास्कीमा पनि पत्रकारिता क्षेत्रमा महिलाको सहभागिता बढ्दै गएको छ । वि.सं. २०६२/२०६३ सालको जनआन्दोलन पछि संचारमाध्यमहरू खुल्ने क्रम जुन रुपमा बढ्यो सोही रुपमा यस क्षेत्रलाई पेशाको रुपमा अगाल्ने व्यक्तिहरूको संख्या पनि बढेको पाउन सकिन्छ । अन्य क्षेत्रको तुलनामा कास्कीमा पत्रकारिता क्षेत्रमा महिला नेतृत्व तहमा पुग्न सफल पनि भएका छन् । रेडियोको अध्यक्ष, प्रवन्ध निर्देशक, स्टेशन म्यानेजर, समाचार प्रमुख, कार्यक्रम प्रमुखदेखि पत्रपत्रिकाको सम्पादकको रुपमा समेत पत्रकार महिलाहरू क्रियाशील रहेका छन् । कास्कीमा सञ्चारमाध्यम खुल्ने क्रम बढ्दै गएकाले पत्रकार महिलाहरूको संख्या पनि बढ्दै गएको हो । उनीहरूको आर्थिक जीवनस्तर, सामाजिक प्रतिष्ठा, पारिवारीक सहयोग, पेशाको चुनौतीको अवस्था लगायतका विषयको अध्ययन गर्ने उदेश्यले कास्कीमा पत्रकारिता क्षेत्रमा महिलाको सहभागिताको विषयलाई अध्ययन गरिएको हो । शोध अध्ययनको सर्भेक्षण गर्दा कास्कीमा क्रियाशील ४४ जना पत्रकार महिलाहरूलाई १३ वटा खुला प्रश्न र ११ बन्द प्रश्न वटा एउटै प्रश्नावलीहरू निर्माण गरी सर्भेक्षण गरिएको छ । ती अर्ध खुला प्रश्नावलीहरू रहेका छन् । प्रश्नावलीको विस्तृत विवरण अनुसूची ३ मा उल्लेख गरिएको छ ।

## ४.२ क्रियाशिल पत्रकार महिलासँग गरिएको सर्भेक्षण विश्लेषण

यो शोध अध्ययनमा नेपाल पत्रकार महासंघ कास्की शाखामा आवद्ध ५० जना पत्रकार महिला मध्ये ४४ जनासँग प्रश्नावली निर्माण गरी सर्भेक्षण गरिएको छ ।

यस सर्वेक्षणमा समावेश गरिएका पत्रकार महिलाहरूको उमेर, पारिश्रमिक, शैक्षिक अवस्था, पत्रकारितामा उनीहरूको संलग्नता भएको अवधि, पारिवारी स्टाटस, पत्रकार महिलाले उठाउने विषयवस्तु, आदिलाई उनीहरूको व्यक्तिगत विवरण शीर्षकमा राखिएको छ ।

सर्वेक्षण गरिएको नाम र आवद्ध संचारमाध्यम सहितको व्यक्तिगत विवरण अनुसूची ३ मा राखिएको छ । सोही प्रश्नको तालिका सहितको विश्लेषण ।

### ४.२.१ **उमेरगत विवरण**

उत्तरदाताको उमेरलाई पाँच समुहमा विभाजन गरिएको छ । जसबाट कुन उमेर समुहका महिलाहरू कति प्रतिशत यो पेशामा लागेका छन् अध्ययन गर्न खोजिएको छ । जुनतलको तालिकामा देखाइएको छ ।

**तालिका ४.१ : उत्तरदाताको उमेरगत विवरण**

| उमेर समुह | संख्या | प्रतिशत |
|---|---|---|
| २० वर्ष भन्दाकम | ० | ० % |
| २० देखि २९ वर्ष | २० | ४५ % |
| ३० देखि ३९ वर्ष | १७ | ३९ % |
| ४० देखि ४९ वर्ष | ५ | ११ % |
| ५० देखि माथि | २ | ५ % |
| **जम्मा** | **४४** | **१०० %** |

*स्रोत : स्थलगत अध्ययन २०७३ ।*

सर्वेक्षित संख्याको उमेरगत विवरण माथिको तालिकामा देखाईए अनुसार छ । यहाँ सवैभन्दा धेरै जना २० देखि २९ वर्ष उमेर समुहमा २० जना पत्रकार महिलाहरू रहेका छन् भने सवै भन्दा कम ५० देखि माथि उमेर समुहमा रहेका छन् । विद्यालयस्तरको पढाई सकेपछि के गर्ने भन्ने समयको उपयोग गर्ने क्रममा महिलाहरू पत्रकारिता पेशामा नजानेर लागेको र पछि विस्तारै यो पेशा बन्दै गएको अध्ययनले देखाएको छ । नेपालमा पत्रकारिताको सुरुवात विकसित राष्ट्रको तुलनामा धेरै पछि मात्र भएको हो । यसैकारण पनि ५० वर्ष उमेर भन्दा बढी उमेरका व्यक्तिको संख्या न्युन छ । उच्च शिक्षा सँगै पत्रकारिता क्षेत्रमा प्रवेश गरेको कारण युवावस्था उमेरसमुहको सहभागिता बढी अध्ययनले देखाएको छ ।

### ४.२.२ **शैक्षिक अवस्था**

शिक्षा विकासको मेरुदण्ड हो । शिक्षा विना कुनै पनि विषयको वकालत गर्न सकिदैन । राज्यको चौथो अंग पत्रकारिता क्षेत्रमा लाग्ने व्यक्तिको शैक्षिक योग्यता राम्रो हुनुपर्छ ।

त्यसैले कस्तो शैक्षिक योग्यताका पत्रकार महिला कति छन् भनेर अध्ययन गर्न खोजिएको छ ।

**तालिका ४.२ : उत्तरदाताको शैक्षिक स्थिति**

| शैक्षिक स्तर | संख्या | प्रतिशत |
|---|---|---|
| स्नाकोत्तर गरेका महिलाहरू | ५ जना | ११ % |
| स्नातक गरेका महिलाहरू | २५ जना | ५७ % |
| प्रमाणपत्र तह गरेकामहिलाहरू | १४ जना | ३२ % |
| जम्मा | ४४ जना | १०० % |

*स्रोत : क्षेत्र अध्ययन २०७३ ।*

पत्रकारिता पेशामा पढेर भन्दा पनि अनुभवका आधारमा अगाडी बढ्नेको संख्या धेरै छ । महिलामात्र होइन पुरुष पत्रकारहरू पनि शैक्षिक योग्यता महिलाको जस्तो छ । अध्ययनमा देखाए अनुसार कास्कीमा पत्रकार महिलाको शैक्षिक स्थिति स्नाकोत्तर गरेका सवैभन्दाकम ५ जना र स्नातक गरेका सवैभन्दा बढी ३० जना रहेका छन् भने प्रमाणपत्र तह गरेका १४ जना रहेको तथ्याडले देखाएको छ । शैक्षिक योग्यता नतोकिएको हुँदा पत्रकारहरूलाई पढ्नै पर्छ भन्ने बाध्यता नभएको कारण पनि यो तथ्याङ्क आएको अनुमान गर्न सकिन्छ ।

## ४.३ समुदायको आधारमा पत्रकार महिला

नेपाल एक बहुजातीय, बहुसांस्कृतिक, बहुधार्मिक एवं भौगोलिक विविधता भएको मुलुक हो पत्रकारिता पेशामा कस्तो समुदायबाट पत्रकार महिलाहरू आएका छन् यो जानकारीका साथै अध्ययन हुन आवश्यक छ त्यसैले समुदायका आधारमा पत्रकार महिलाको सहभागिताको अध्ययन शोधमा गरिएको छ ।

**तालिका ४.३ : समुदायको आधारमा पत्रकार महिला**

| समुदाय | संख्या | प्रतिशत |
|---|---|---|
| खस आर्य | ३२ | ७३ % |
| मधेसी | ० | ० % |
| आदिबासी | ८ | १८ % |
| दलित | ३ | ७ % |
| मुस्लिम | १ | २ % |
| जम्मा | ४४ | १०० % |

*स्रोत : क्षेत्र अध्ययन २०७३ ।*

नेपाल एक बहुजातीय, बहुसांस्कृतिक, बहुधार्मिक एवं भौगोलिक विविधता भएको मुलुक हो । यहाँ विभिन ठाउँमा विभिन्न जातजाति, धर्म लिङ्गका नागरिकहरू बसोबास गर्दछन् । राज्यका अन्य निकायमा जस्तै कास्कीको पत्रकारितामा पनि सवैभन्दा बढी आर्य खस समुदायका ३२ जना रहेका छन् । त्यस्तै आदिबासी जनजाति समुदायका ९ जना र दलित समुदायका ३ जनाले पत्रकारिता पेशा अगालेको पाइयो । हरेक क्षेत्रमा आर्यखसको बाहुल्यता रहेजस्तै यो क्षेत्रमा पनि छ । यो उनीहरूको इच्छाशक्तिको कारण भएको हो ।

# परिच्छेद पाँच

# पत्रकार महिलाहरूको सहभागिता, अवस्था, पेशागत मर्यादा

## ५.१ मिडियाको स्तर

नेपालमा सरकारी तथा निजि संचारमाध्यम दुवैले सूचना, समाचार तथा मनोरञ्जन प्रदान गर्दै आएका छन् । अध्ययन गर्न संलग्न पत्रकार महिलाहरू कस्तो किसिमको संचारमाध्यममा कति छन् जानकारी पाउँनका लागि सरकारी र निजि मिडिया छुट्याएर अध्ययन गरिएको छ

**तालिका ५.१ : मिडियाको स्तर**

| मिडियाको प्रकार | सख्या | प्रतिशत |
|---|---|---|
| सरकार मिडियामा आबद्ध | ७ जना | १६ % |
| निजी मिडियामा आबद्ध | ३७ जना | ८४ % |
| **जम्मा** | **४४ जना** | **१००%** |

*स्रोत : क्षेत्र अध्ययन २०७३ ।*

सरकारी सञ्चार माध्यममा क्षमता भन्दा पनि राजनितिक नियुक्ती हुने हुँदा कास्कीका ७ जना पत्रकार महिला सरकारी मिडियामा आवद्ध छन् भने बाँकी सवै निजी मिडियामा काम गरिरहेको अवस्था छ । शैक्षिक योग्यता सहित, राजनितिक नियुक्तीका कारण महिलाहरू आफ्नो क्षमता भएपनि सरकारी मिडियामा उल्लेख्य मात्रामा प्रवेश गर्न सकेका छैनन् । तथ्याङ्कलाई आधार मान्ने हो भने यो अत्यन्तै न्यून हो ।

**नाम परिवर्तित विपना थापाका अनुसार**

*म १ वर्ष अगाडी रेडियो नेपालमा नियुक्त भए तर विना कारण ६ महिना मै मलाई निकालियो । मैले रेडियो नेपालमा समय पनि दिएकी थिए मेरो कामप्रति म आफूलाई सक्षम नै ठानेकी थिए तर म निकालिनुको कारण मैले पाउन सकिन ।*

उनको यो भनाई र भोगाईलाई आधार मान्ने हो भने पनि सरकारी मिडियामा नियुत्ती पार्टीगत भागबण्डाका आधारमा हुने गरेको छ ।

## ५.२ क्रियाशिलताको अवस्था

पत्रकार महिलाहरू यो पेशामा पछिल्लो समयमा क्रियाशिल रहेका छन् । कोही आफ्नो रहरले क्रियाशिल छन्, कोही अन्य साथीको प्रेरणाबाट आएका छन् भने कतिपय पत्रकार महिलाहरू देखासिकीबाट त कतिपय सम्भावना देखेर यो पेशामा आएका छन् यसमा परिवार , समाजको पनि भूमिका रहने गर्दछ ।

**तालिका ५.२ : उत्तरदाताको क्रियाशिलताको अवस्था**

| क्रियाशिलताको अवस्था | संख्या | प्रतिशत |
| --- | --- | --- |
| रहरले | २८ | ६३ % |
| अरुको प्रेरणाबाट | १० | २३ % |
| देखासीकीबाट | ३ | ७ % |
| सम्भावना देखेर | ३ | ७ % |
| जम्मा | ४४ | १०० % |

*स्रोत : क्षेत्र अध्ययन २०७३ ।*

पत्रकार महिलाको क्रियाशिलताको अवस्था पहिला भन्दा राम्रो रहेको तथ्याङ्कले देखाए को छ । अधिकांश पत्रकार महिलाहरू यो पेशामा आफनै रहरले प्रवेश गरेको देखियो । ४४ जना पत्रकार महिलाहरूमा गरिएको सर्वेक्षणमा २८ जना पत्रकार महिलाहरू आफनै रहरले यो पेशामा लागेका छन् । आफ्नै रहरले प्रवेश गरेकाले मात्र यो पेशालाई निरन्तरता दिन सक्छन् । अरुको प्रेरणाबाट १० जना, देखासिकीबाट ३ जना र स्कोप देखेर ३ जना पत्रकार महिलाले यो पेशा अगालेको पाइयो ।

**विगत १५ वर्षदेखि आवद्ध पत्रकार सुश्मा पौडेलका अनुसारः**

*सवैभन्दा ठुलो कुरा इच्छाशक्ति हो, इच्छा शक्ति भयो भने असम्भव भन्ने कुरा छैन जुन मेरो जीवनको अनुभव पनि हो । म अहिले पत्रकार महासंघको केन्द्रिय सदस्य छु र आर्दशसमाज राष्ट्रिय दैनिकमा संवाददाताको रुपमा कार्यरत छु । विगतका दिनमा भन्दा अहिले मलाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन आएको छ । म मेरो पेसाप्रति सन्तुष्ट छु ।*

## ५.३ मिडियाका किसिम

सञ्चार समाजको लागि नभइ नहुने माध्यमहरू मध्ये पनि एक हो । जसरी समाजको परिवर्तन हुँदै गएको छ त्यसैगरी सञ्चार माध्यमको उपयोगमा विकास र सहजीकरण हुँदै गएको छ । यसमा पनि पत्रकार महिलाहरू सञ्चारका विभिन्न माध्यममा आवद्ध भएको छन् जसको विवरण तालिका ५.३ बाट प्रस्तुत गरिएको छ ।

**तालिका ५.३ : उत्तरदाताको मिडियामा आवद्धताको अवस्था**

| मिडिया | संख्या | प्रतिशत |
|---|---|---|
| रेडियो | २० | ४५.५ % |
| छापा | १५ | ३४ % |
| टेलिभिजन | ५ | ११.५ % |
| अनलाइन | ४ | ९ % |
| जम्मा | ४४ | १०० % |

*स्रोत : क्षेत्र अध्ययन २०७३ ।*

तालिका ५.३ मा कुल उत्तरदाता ४४ जना मध्ये सबैभन्दा बढी २० जना (४५.५%) रेडियोमा आवद्ध भएको पाइयो । त्यस्तैगरी छापामा १५ जना (३४%), टेलिभिजनमा ५ जना (११.५%), र अनलाइन पत्रिकामा ४ जना (९%) रहेको पाइयो । रेडियो खुल्नेक्रम बढेकै कारण रेडियोको माध्यमबाट पत्रकार महिलाहरू यो क्षेत्रमा बढेका हुन् । त्यसैले माथि उल्लेखित तथ्याङ्कको आधारमा कास्कीमा पत्रकार महिलाहरू सवै भन्दा बढी रेडियोमा रहेको पाइयो । त्यसपछि छापामा आवद्ध रहेको पाइयो । तर सवै भन्दा कम अनलाइनमा आवद्ध रहेको सर्वेक्षणले देखाएको छ ।

## ५.४ वैवाहिक स्थिति

पत्रकारिता आफैमा जिम्मेवार पेशा हो । राज्यको चौथो अंगको रुपमा आम नागरिकले मानेको यो पेशामा निश्चित समय हुँदैन । २४ सैं घण्टा अपडेट हुनुपर्ने भएको हुँदा परिवराको साथ सहयोग महत्वपूर्ण हुन्छ । त्यसैले विवाहित महिलाको संख्या र पेशामा निरन्तरता तथा अविवाहित महिलाको संख्या र क्रियाशिलता पत्ता लगाउनका लागि यो प्रश्वावली सहित अध्ययन गरिएको छ ।

**तालिका ५.४ : उत्तरदाताको पारिवारिक अवस्था**

| स्टाटस | संख्या | प्रतिशत |
|---|---|---|
| विवाहित | ३० | ६८ % |
| अविवाहित | १४ | ३२ % |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्र अध्ययन २०७३ ।*

विवाहपछि पत्रकारिता पेशाबाट पत्रकार महिला पलायन हुन्छन् भन्ने मान्यता हराउँदै गएको छ । माथिको तथ्याङ्कले पनि यही देखाउँछ । पत्रकारिता पेशामा लागेका पत्रकार महिलाहरू विवाहित ३० जना रहेका छन् । पुरुष सरह महिला पनि हरेककाममा अघि बढ्न थालेका छन् । कतिपय महिलाहरू विवाह पछि मात्र यो पेशामा प्रवेश गरेका छन् भने अविवाहित पत्रकार महिला १४ जना मात्र रहेका छन् । पत्रकारिता क्षेत्रमा लागेपछि आर्थिक तथा सामाजिक पहिचान बनाउनुका साथै विभिन्न संघसस्थाबाट मानसम्मान पाउने भएको हुँदा पत्रकारितामा लागेकाहरू यसैमा रमाएका छन् ।

## ५.५ पत्रकारिता सम्वन्धित प्राज्ञिक अध्ययन गरेकाहरू

वौद्धिक जगत्ले मानेको क्षेत्र भएको हुँदा, पत्रकारको पत्रकारिता विषयमा प्राज्ञिक अध्ययन भएका व्यक्ति हुँदा यो पेशालाई निरन्तरता दिन सहज हुन्छ साथै क्षेत्र बुझेको व्यक्तिले मात्र पेशालाई निरन्तरता दिन्छ ।

**तालिका ५.५ : उत्तरदाताको प्राज्ञिक अध्ययन**

| तह | संख्या | प्रतिशत |
|---|---|---|
| प्रमाणपत्र तह | १० | २३% |
| स्नातक तह | ९ | २०.५% |
| स्नाकोत्तर तह | ५ | ११% |
| अन्य विषय | २० | ४५.५% |
| जम्मा | ४४ | १००% |

*स्रोत : क्षेत्र अध्ययन २०७३ ।*

अध्ययनले देखाए अनुसार पत्रकारितामा महिला प्रवेश आकर्षक भएपनि उनीहरू यस क्षेत्रमा प्राज्ञिक अध्ययन नगरिकन आएको पाइयो । अध्ययन अनुसार प्रमाणपत्र तहमा ऐच्छिक विषय अन्तर्गत आम संचार र पत्रकारिता १० जनाले अध्ययन गरेको पाइयो, त्यस्तै स्नातक तहमा ९ जनाले र ५ जनाले स्नाकोत्तर तह अध्ययन गरेको देखाएको छ भने अन्य विषय पढेकाहरूको सख्या २० रहेको छन् । विद्यालयस्तरदेखि नै पत्रकारिता विषयको जानकारी नगराएको हुँदा यो किसिमको अध्ययनले देखिएको हुनसक्छ एकातिर भने अर्कोतिर पत्रकार बन्नलाई पढ्नैपर्छ भन्ने छैन त्यसैले पनि प्राज्ञिक विषयमा अध्ययन कम भएको हो ।

## ५.६ पारिश्रमिकको अवस्था

पेशामा निरन्तरता दिने वा नदिने भन्ने विषय आर्थिक सँग जोडिएको हुन्छ । आम्दानी राम्रो भयो भने कोही पनि पेशा छोडेर जान चाहदैन । यदि पेशामा आम्दानी राम्रो छैन भने यसलाई निरन्तरता दिन सक्दैन ।

**तालिका ५.६ : उत्तरदाताको पारिश्रमिक अवस्था**

| पारिश्रमिक | संख्या | प्रतिशत |
|---|---|---|
| २० हजारभन्दामाथि | ८ | १८ % |
| १५ हजारभन्दामाथि | १२ | २७ % |
| १० हजारभन्दामाथि | १२ | २७ % |
| ७ हजारसम्म | ७ | १६ % |
| ५ हजारभन्दा बढी | ५ | १२ % |
| जम्मा | ४४ | १०० % |

*स्रोत : क्षेत्र अध्ययन २०७३ ।*

माथि तालिका अनुसार पत्रकार महिलाको पारिश्रमिकको अवस्थाको स्थिति देखाइएको छ । माथिको तालिका अनुसार सवै बढी १० देखि १५ हजार पाउनेको संख्या २४ जना रहेको छ । यो सवै भन्दा बढी हो । २० हजार भन्दा बढी पारिश्रमिक पाउनेको सख्या ८ जना र ७ हजार सम्म ७ जना र ५ हजार जम्मा ५ जनाले पाएको देखिएको छ । अहिलेको अवस्थालाई हेर्ने हो भने यो मासिक तलव श्रमजीवी ऐन अनुसार होइन । तर पनि समयमा तोकिएको तलव पाउनु सकारात्मक पक्ष हो । क्षमता अनुसार तलवको स्केल तलमाथि हुने

गर्दछ । अन्य पेशा र पत्रकारिता पेशा फरक छ । अन्य पेसाकर्मी महिला र पत्रकारिता पेशामा लागेका महिलालाई समाजले हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन आएको छ त्यसैले काम सँगै ज्ञान र अनुभव बढ्दै जाने हुदाँ यो तलवमा पत्रकार महिला अधिकाशं सन्तुष्ट छन् ।

## ५.७ पारिवारिक सहयोग

पत्रकारिता पेशा पारिवारी साथ र सहयोग विना निरन्तरता दिन सकिदैन । प्रोत्साहन, समय मापदण्डलाई बुझ्केर साथ सहयोग दिने परिवारबाट आएको व्यक्तिले यो पेशा निरन्तरता दिन सक्दछ ।

**तालिका ५.७ : उत्तरदाताको पारिवारिक सहयोग**

| सहयोग | संख्या | प्रतिशत |
|---|---|---|
| सहयोग छ | ३५ | ७९.५ % |
| सहयोग छैन | ९ | २०.५ % |
| जम्मा | ४४ | १०० % |

*स्रोत : क्षेत्र अध्ययन २०७३ ।*

पत्रकारिता पेशा आफैमा जोखिमको पेशा हो । यसमा कुनै समयको दायरा हुँदैन । पारिवारीक सहयोग विना यो पेशामा टिक्नै सकिदैन । तालिका अनुसार अध्ययन गरिएको ४४ जना पत्रकारहरू मध्ये ३५ जनालाई पारिवारिक सहयोग रहेको पाइयो यसले परिवारको सहयोगमा पत्रकारिता गरिरहेको अध्ययनले देखाएको छ । समाजले पत्रकारलाई हेर्ने दृष्टिकोणमा फरक आउन थालेपछि यस्तो परिणाम आएको हो । भने अन्य ९ जनालाई पारिवारीक सहयोग नरहेको बताएका छन् । पत्रकार महिला समाजका नागरिक पनि हुन् । समाजमा हुने हरेक क्रियाकलापमा उनीहरू पुगेका हुन्छन् त्यसैले समाजले उनीहरूलाई गर्ने व्यवहार र हेर्ने दृष्टिकोणमा परिवर्तन आएसँगै परिवारको साथ सहयोग पनि रहदै गएको पाउन सकिन्छ ।

## ५.८ निरन्तरताको सम्भावना

अहिलेको तथ्याङ्कलाई हरेर मात्र निरन्तरताको सम्भावनालाई आकलन गर्न सकिदैन । उसको पेशाप्रतिको लगाव, प्रतिवद्धता र पेशालाई समाजले हेर्ने दृष्टिकोणले पनि पेसालाई निरन्तरता दिने नदिने भन्ने निक्यौल हुन्छ ।

**तालिका ५.८ : उत्तरदाताको पेसाप्रति निरन्तरता**

| विषय | संख्या | प्रतिशत |
|---|---|---|
| निरन्तर रुपमा लाग्छु | २५ | ५७% |
| आशिंक रुपमा लाग्छु | १७ | ३९% |
| पेशा परिवर्तन गर्ने सोचमा छु | २ | ४% |
| जम्मा | ४४ | १००% |

*स्रोत : क्षेत्र अध्ययन २०७३ ।*

पुरुषको तुलनामा महिलाहरूको सहभागिता यस पेशामा कम भएको हुँदा निरन्तरताका कारण पत्ता लगाउनका लागि यो अध्ययन गरिएको छ । अध्ययन गरिएका मध्ये पेशालाई निरन्तरता दिने २५ जना रहेका छन् । यसले के देखाउछ भने यस पेशामा दिगोपना अर्थात् निरन्तरताको थालनी बढ्दो रुपमा छ । आंशिकरुपमा यो पेशालाई अगाल्ने १७ जना रहेका छन् । त्यस्तै पेशा नै परिवर्तन गर्छु भन्नेमा २ जना रहेको अध्ययनको क्रममा भेटिएको छ । यस्तो किसिमको डाटा अन्य पेशामा पनि देख्न सकिन्छ साथै व्यवसायिकताको विकास सँगै निरन्तरताको सम्भावना बढ्दै गएको पाइन्छ ।

## ५.९ एक दशक भन्दा कम क्रियाशिल पत्रकार महिलाको सर्भेक्षण विश्लेषण

पत्रकारितामा महिलाको आकर्षण २०६२/०६३ सालको जनआन्दोलन पछि ह्वातै बढेको छ । यस अध्ययनमा संलग्न पत्रकार महिलाहरूले जनआन्दोलन पछि कै छन् । यस अध्ययनमा संलग्न ३० जना मध्ये २० जना ६६ सालबाट यस पेशामा लागेका छन् । ७ जना २०६८/०६९ मा लागेका हुन् । भने ३ जना २०७०/०७१ बाट लागेका हुन् । अधिकांश पत्रकार महिलाहरू सामान्य रिर्पोटरबाटै पत्रकारितामा प्रवेश गरेको पाइन्छ । कास्कीलाई नै मुख्य कार्यक्षेत्र बनाएर पत्रकारितामा लागेका पत्रकार महिलाहरू आफ्नै इच्छाले यस पेशामा लागेको अध्ययनले देखाएको छ । अध्ययनमै संलग्न रहेका पत्रकार महिलाहरू कोही दशजोड

दुईको परिक्षा सकेर बसेको समयलाई उपयोग गर्ने क्रममा पत्रकार बन्न पुगेका छन् त यो प्रवेशिका परिक्षा दिने वित्तिकैको समयलाई सदुप्रयोग गरेका छन् । भर्खरै आफ्नो भविष्य निखार्ने क्रममा रहेका पत्रकार महिला पत्रकारिता पेशामै तल्लिन रहेको अध्ययनले देखाएको छ । पछिल्लो पुस्ता छापामा भन्दा पनि एफएम रेडियोमा संलग्न भएको देखिन्छ । स्थानीय एफएम रेडियोमा आफ्नो भविष्य बनाउने क्रममा २५ जना रिर्पोटरको रुपमा कार्यरत छन् भने ५ जना डेक्स इन्चार्जको रुपमा कार्यरत छन् । तालिम विना नै यी सवै पत्रकार महिलाहरूले रहरै रहरले पत्रकारिता सुरु गरेका हुन् । रहर र देखासिकीमा पत्रकारिता पेशा अगाल्नेहरूका लागि क्षमता तथा दक्षता बढाउने किसिमका तालिमको व्यवस्था गर्नुपर्ने उनीहरूको भनाई छ ।

कास्कीका सञ्चारमाध्यमले पत्रकारितामा महिलाहरूलाई सहभागी गराउन महत्वपूर्ण योगदान दिएको छ । महिलालाई पत्रकारिता गर्न सञ्चारमाध्यमबाट प्रोत्साहन मिलेको यो प्रश्नोत्तरमा संलग्न २० जनाको भनाई छ भने अन्यले महत्व नदिएको बताउँछन् । महिलाहरूलाई यो पेशामा लाग्दा हिसां नहुने पनि होइन । समयावधि तोकिएको नहुँदा कार्यस्थल, घरपरिवार, समाजदेखि आफ्नै सहकर्मी सार्थीहरूबाट समेत हिसां भोग्न बाध्य छन् ।

त्यस्तै हामीले अध्ययनको क्रममा सोधिएका प्रश्नलाई आधार मान्ने हो भने पत्रकार सँग स्रोत र साधन निकै कम रहेको देखियो । कार्यरत संस्थाले इलेक्टोनिक्स मिडिया भएमा रेकर्डर सम्म उपलव्ध गराएको पाइयो भने प्रिन्ट मिडियाले अन्य केही पनि उपलव्ध गराएको पाइएन । कापी कलम, क्यामेरा पत्रकार आफैले जोहो गरेको देखिएको छ । त्यस्तै संचारमाध्यममा आवद्ध सवैले संचारमाध्यमको परिचय पत्र प्राप्त गरेका छन् । नियुक्ति पत्रको कुरा गर्ने हो भने यो प्रश्नोत्तरमा सहभागी ३० जना मध्ये २० जनाले नियुक्तिपत्र पाएका छन् अन्य  नियुत्तीपत्र विनै काम गरिरहेका छन् । श्रमजिवी पत्रकार ऐन र नियमावलीको बारेमा अधिकाशंलाई जानकारी भएपनि श्रमजिवी ऐन अनुसारको तलव नपाएको अवस्था पाइयो । त्यस्तै पत्रकार आचारसंहिताको बारेमा जानकारी सवैमा छ तर त्यो भित्र रहेर काम गर्न नसकेको अधिकाशंको गुनासो छ । रिर्पोटिडका क्रममा अन्य छुटै किसिमको सेवा सुविधा नपाएको पत्रकार महिलाहरूको गुनासो छ । तर पनि अध्ययनमा सहभागी सवै जना आफुले पाउने पारिश्रमिक प्रति सन्तुष्ट रहेको बताउछन् । अध्ययनका दिनसम्म उनीहरू यही

पेशालाई निरन्तरता दिनेमा प्रतिवद्ध छन् । उनीहरूलाई उत्प्रेरणको खाँचो छ त्यो साथ सम्वन्धित निकायले दिनुपर्छ ।

## ५.१० एक दशक बढी क्रियाशिल पत्रकार महिलासँगको सर्भेक्षण विश्लेषण

यो अध्ययनमा एक दशक भन्दा बढी पत्रकारिता गरेका पत्रकार महिलाहरूको अनुभव, भोगाई, यस पत्रकारिता क्षेत्रका अवसर, सम्भावना र चुनौतीको विषयमा विस्तृत अध्ययन गरिएको छ । कास्कीमा एक दशक भन्दा बढी समयदेखि यही पेशामा रहेका १४ जना क्रियाशिल पत्रकार महिलासँग गरिएको सर्वेक्षणको आधारमा विषयवस्तुको विश्लेषण गरिएको छ । अधिकांश पत्रकार महिलाहरू यस पेशामा रहर, आर्कषण तथा आफ्नै इच्छाले आएको सर्वेक्षणले देखाएको छ । निरन्तर काम गर्ने क्रममा हुने विभिन्न सामाजिक, आर्थिक तथा पारिवारीक समस्याले पनि पत्रकार महिलाले यसलाई निरन्तरता दिन नसकेको अध्ययनमा देखिन्छ ।

त्यस्तै विवाह पश्चात् र उमेर बढ्दै जाँदा पत्रकार महिलाहरू यस पेशाबाट पलायन हुँदै गएको तथ्याङ्कले देखाएको छ भने अधिकाशंको शैक्षिक योग्यताका कारण पनि अवसरबाट वन्चित हुनु परेको छ । पारिवारिक र पेशागत जिम्मेवारीलाई अध्ययन गरेर यो अध्ययन गरिएको हो । सरसर्ती यो अध्ययनले के देखाउँछ भने अन्य क्षेत्र जस्तै पत्रकारिता क्षेत्रमा पत्रकार महिलाहरूको सहभागिता बढ्दो छ तर त्यसमा टिक्ने र निरन्तरता दिने समस्या कायमै छ । अधिकाश पत्रकारहरू यस पेशामा रहरै रहरले लागेका छन् भने निश्चित समय सम्म रहरले काम गर्छ । केही समयपछि रहरसँगै जिम्मेवारीले थिचेपछि यसपेशामा लाग्न नसकेर महिला मात्र होइन पुरुष पत्रकार पनि पलायन भएको अवस्था छ ।

पछिल्लो समय पत्रकारिता व्यवसायिकता तर्फ उन्मुख नभएको पनि होइन, पत्रकार महिलाहरूको सहभागिता बढेको पनि छ । महिला प्रति समाजले हेर्ने दृष्टिकोणमा क्रमश परिवर्तन पनि आएको छ जसले गर्दा महिलाहरू खुलेर बाहिर आउन सकेका छन् । तर सञ्चारमाध्यम पूर्ण रुपमा महिला मैत्री अझै हुन नसक्नु दुखद पक्ष देखिन्छ ।

नेतृत्व तहमा महिलाको न्यून उपस्थिति हुनु, पारिश्रमिक न्यून हुनु, प्राप्त अवसरमा पत्रकार पुरुषको बाहुल्यता, पेशागत र भौतिक सुरक्षाको अभाव, अस्वस्थ प्रतिस्पर्धा सँगै पत्रकार महिलाको दोहोरो जिम्मेवारीका कारण पत्रकार महिलाले यस पेशालाई निरन्तरता दिन

सकेका छैनन् । पेशागत तालिम र प्रशिक्षण तथा अवसरमा विभेद नगर्ने र श्रमजिवि पत्रकार ऐन लागु गर्ने हो भने पत्रकार महिलाहरू पनि यस पेशामा टिकिरहन सक्छन् । त्यस्तै पेशागत सुरक्षाको प्रत्याभूति गराउन स्थायी नियुक्तीको व्यवस्था गर्नुपर्ने अध्ययनले देखाएको छ । महिला सहभागिताको विषयलाई राज्यले गम्भिर रुपमा लिएर राज्यको निति मै समेट्नुपर्छ । महिलाहरूको सहभागिताको विषयलाई लिएर छलफल, अर्न्तक्रिया लगायतका कार्यक्रमहरू चलाउन आवश्यक देखिन्छ । त्यस्तै महिलाले सञ्चालन गरेका पत्रपक्रिका र एफएम रेडियोहरूलाई राज्यले प्रोत्साहन गर्नुपर्छ । अवसर, भ्रमण तथा बढुवा गर्दा नातावादको आधारमा होइन क्रियाशिलताको आधारमा गरिनुपर्ने अध्ययनले देखाएको छ ।

कास्कीमा एक दशकदेखि पत्रकारितामा क्रियाशील पत्रकार सुष्मा पौडेल महिलाहरूलाई प्रोत्साहनको कमी र पत्रकारितामा श्रम अनुसारको उचित पारिश्रमिक नहुनाले पत्रकार महिलाहरू पेशाबाट पलायन भइरहेको बताउनुहुन्छ (अन्तवार्ता, सुश्मा पौडेल २०७३) ।

## ५.११ पत्रकारिता प्रति आकर्षण बढ्दो

कास्कीमा सञ्चारमाध्यमको विकास सँगै, नयाँ नयाँ संचारमाध्यमहरूको आगमन भैरहेको छ । जसका कारण पछिल्लो समयमा पत्रकारिता प्रति महिलाहरूको आकर्षण बढ्दै गएको पाइन्छ । २०५० साल अघि कास्कीको पत्रकारितामा महिला प्रवेश १ जनामा मात्र सिमित रहेको कास्कीको पत्रकारिता ५० देखि ५५ को अवधिमा ४ जना ५५ देखि ६० को अवधिमा ४ जना त्यस्तै ६० देखि ६५ को अवधिमा १५ जना र ६५ देखि ७० को अवधिमा करिव १९ जना पत्रकार महिला यसपेशामा लागेका छन् । रेडियो तथा पत्रपत्रिकाको स्थापना सँगै विभिन्न कलेजमा आम संचार र पत्रकारिताको विषय पठनपाठन हुन थालेपछि पत्रकारिता पेशामा लाग्नेको संख्या बढ्न थालेको हो एकातिर भने अर्कोतिर पत्रकारिता नामको पेशा समाजमा सवैले चिन्ने पेशा भएको कारणले पनि यसप्रतिको आर्कषण बढेको पाइन्छ । कास्कीको कुरा गर्ने हो भने २७ वटा दैनिक पत्रिका २५ वटा रेडियो स्टेशन संचालनकै अवस्थामा छन् । महिला नेतृत्व तहमा रहेर संचालित रेडियो सफलता र पत्रपत्रिकाका कारण पनि कास्कीमा पत्रकार महिलाहरूको सहभागिता र निरन्तरता अन्य जिल्लाको तुलनामा आशा लाग्दो छ ।

# परिच्छेद छ
# जिविकोपार्जन र जीवन शैलीको अवस्था

## ६.१ जीविकोपार्जन चुनौतीको अवस्था

पत्रकारिता पेशामा लागेका सम्पूर्णको चुनौती एउटै हुन्छ । कास्कीका पत्रकारहरूको चुनौती एक किसिमको र अर्को ठाउँका पत्रकार महिलाको चुनौतीमा खासै फरक हुँदैन । महिलाका समस्या एकै किसिमका हुन्छन् तर पनि हामीले गरिएको सर्वेक्षणलाई आधार मानेर विश्लेषण गर्दा न्यूनतम पारिश्रमिक ऐन लागु नहुन मुख्य चुनौतीको रुपमा रहेको अधिकाशं पत्रकार महिलाले भन्नुभएको छ । पत्रकारिता पेशा नै मुख्य पेशा बनाएका पत्रकार महिलाहरू कमै भएको पाइयो । जिविकोपार्जनका लागि पत्रकारिता सँगै अन्य प्रशिक्षण, अध्ययन अनुसन्धान लगायतका कार्यमा पनि संलग्न रहेको अध्ययनले देखाएको छ ।

पहुँचमैत्री संचारमाध्यमको अभाव अर्को चुनौतीको रुपमा रहेको छ । अध्ययनलाई नै आधार मानेर विश्लेषण गर्दा पारिवारिक र सामाजिक जिम्मेवारीले पनि महिलालाई थप चुनौती बनाएको छ यो पेशामा । राज्यको चौथो अंगको रुपमा स्थापित यो पेशामा समयको दायरा नहुँदा पत्रकार महिलाका पारिवारीक र सामाजिक जिम्मेवारीले पनि पत्रकार महिलाको थप चुनौनीको रुपमा रहेको छ ।

## ६.२ महिला क्रियाशिलताले समाजमा पुऱ्याएको योगदान

पत्रकारिताको माध्यमबाट देश ठाउँमा विकास भएका छन् । राज्यलाई घच्घचाउने काम पत्रकारिताको माध्यमबाट भएको छ । देशको आधा भन्दा बढी जनसंख्या आगटेका महिला वर्गको विभिन्न किसीमबाट पत्रकार महिलाहरू पत्रकारिता पेशामा क्रियाशिल हुँदा महिला सशत्तीकरणामा महत्वपूर्ण योगदान पुगेको छ एकातिर भने समाजका अन्य विषयहरू सामाजिक, आर्थिक, राजनितिक, शिक्षा, स्वाथ्य लगायतका विभिन्न क्षेत्रमा पनि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा योगदान पुगेको छ । त्यस्तै महिलाको सचेतना र नेतृत्व विकास, महिला अधिकार र सृजलशिलता अनि समाजको सोच र चिन्तनमा पनि सकारात्मक परिवर्तन आएको पाउन सकिन्छ । त्यस्तै महिला उद्यमशिलता र विकासको विषयलाई पनि उजागर

गरेको छ । यसरी पत्रकार महिलाको क्रियाशिलताले महिलाले आफ्नो औचित्य र हैसियत बुझ्ने अवस्थामा पुगेका छन् । त्यसैगरी निर्णय गर्ने अधिकार तथा अर्थपूर्ण सहभागितामा राज्यका हरेक संस्थामा सहभागिताको कुरा उठाइएको छ यसको देन पनि पत्रकार महिलाहरूलाई नै जान्छ । सर्वेक्षणमा पनि पत्रकार महिलाले नै महिलाका विषय बढी मात्रामा उठान गरेको पाइएको छ ।

## ६.३ पत्रकार महिलाको सामाजिक अवस्था

पत्रकार महिलाहरूले समाजमा लुकेर रहेका विषयलाई उजागर गरेर समाजमा निकै परिवर्तन ल्याएको पाइन्छ । समाचारका आधारमा राहत नपाएकाले राहत पाएका छन् । वेपत्ता भएका भेटिएका छन्, अलपत्र परेकालाई छहारी मिलेको छ, वेसाहराले साहारा पाएका छन् । छापामा कार्यरत पत्रकार महिलाहरूले कलम चलाएर भने इलेक्ट्रोनिक मिडियामा काम गर्नेहरूले समाजमा रहेका नागरिकहरूका आवाज अन्तवार्ता, रिर्पोट मार्फत् प्रशारण गरेर उनीहरूको मन जित्न सफल भएका छन् । यसले समाजमा निकैले सकारात्मक सन्देश दिएको छ एकातिर भने अर्कोतिर पत्रकार महिलाहरूराज्यको चौथो अंगको रुपमा रहेको पत्रकारिता क्षेत्रमा लागेका महिलाहरू २४ सैं घण्टा काममा खटिएको देखेर अन्य पेशाका महिलाहरूलाई उत्प्रेरण जगाएको छ । विभिन्न संघसंस्थाले सम्मान गर्ने, सामाजिक संघसस्थाका पनि सल्लाहकारको रुपमा राख्ने, विभिन्न कार्यक्रममा पत्रकार महिलालाई स्थान दिने गरेका कार्य यसका उदाहरण हुन् । जसले गर्दा पत्रकार महिलालाई समाजले हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन आएको छ । यसरी समाजको हेराई परिवर्तन हुँदा पारिवारीक मेलमिलाप पनि बढेको अध्ययनले देखाएको छ ।

## ६.४ पत्रकार महिलाको पेशागत मर्यादाको अवस्था

पत्रकार महिलाको पेशागत मर्यादा पनि बढेको छ । पेशागत संगठनमा महिला सहभागिता बढ्न थालेको छ भने नेपाल पत्रकार महासंघद्धारा सञ्चालित विभिन्न पुरस्कारद्धारा पत्रकार महिलाहरू पनि सम्मानित हुन थालेका छन् । विभिन्न संघसंस्थाले आयोजना गरेका कार्यक्रमहरूमा पत्रकार महिलाहरूलाई सम्झने उनीहरूलाई प्राथमिकतामा राख्न थालिएको व्यवहारमा पनि देख्न पाइन्छ भने अध्ययनमा पनि देखिएको छ । साथै पेशागतरुपमा पुरुषका जस्तै पदीय जिम्मेवारी महिलाले पनि वहन गरेका छन् । जस्तै रातीमा डेक्स हेर्न

डेक्स इन्चार्ज, समाचार प्रमुख, कार्यक्रम प्रमुख, सम्पादक, प्रकाशक, रेडियोको अध्यक्ष, प्रवन्ध निर्देशकदेखि स्टेशन म्यानेजर सम्मका पदमा महिलाहरू क्रियाशिल छन् । विभिन्न पेशागत अनुगमनका समितिमा पनि पत्रकार महिलाहरूलाई मर्यादा अनुसार राखिएको पत्रकार महिला स्वयंले महसुस गरेका छन् ।

## ६.५. बदलिदो परिस्थितिमा पत्रकार महिलाको भूमिका

समयको परिवर्तनसँगै काम गर्ने तौर तरिका फरक हुँदै आएको छ । नेपाली पत्रकारिताको इतिहास त्यति लामो छैन । तर पनि विकासको कुरा गर्ने हो भने नेपाली पत्रकारिताको विकास भएको मान्न सकिन्छ । हातले लेखेर टाइपराइटरमा टाइप गरेर छापिने पत्रपत्रिका आज नयाँ नयाँ प्रविधिको विकास सँगै नयाँ प्रविधिबाट प्रकाशन गरिन्छ भने भिएचएसमा रेकर्ड गरिने कार्यक्रम आज डिजिटल प्रविधिमा रेकर्ड गर्न सकिने भएको छ । यसरी विभिन्न प्रविधिको विकास सँगै पत्रकारिता क्षेत्रमा पनि विभिन्न किसीमका परिवर्तन आएका छन् । यस्तो परिवर्तीत समयसँगै पत्रकार महिलाहरूको भुमिका पनि महत्वपूर्ण हुँदै आएको छ । अहिलेको अवस्थामा एकदमै जिम्मेवार र इमान्दार भएर पत्रकार महिलाले आफ्नो जिम्मेवारी पुरा गर्नुपर्छ । यसैले प्रविधि र प्राज्ञिक अध्ययनले मात्र यो पेशा टिक्न सहज हुने भएको हुँदा सोही अनुसार अगाडी बढ्न उपयुक्त हुनेछ ।

## ६.६ कास्कीमा अनुवभी पत्रकारको आँखामा महिला क्रियाशिलता

कास्कीमा अनुभवी पत्रकारको आँखामा क्रियाशिल पत्रकार महिलाको संख्या दिनानुदिन बढ्दै गएको छ । एकातिर संख्या बढ्दै गएको छ भने अर्कोतिर केही मात्रामा निखारिएका पत्रकारका संख्या घट्दै पनि गएको छ । प्रेस काउन्सिलका सदस्य तथा वरिष्ठ पत्रकार माधवशर्मा यस क्षेत्रमा महिलाको संख्या पहिलाको तुलनामा बढ्दै गएको बताउनुहुन्छ । पत्रकारिता क्षेत्रको कुरा गर्दा समस्या, नैराश्यता महिलामा मात्र होइन पुरुषमा पनि हुने गरेको उहाँको बुझाई छ (शर्मा, २०७३) ।

त्यस्तै ३ दशकदेखि पत्रकारितामा आवद्ध वरिष्ठ पत्रकार तथा आर्दशसमाज राष्टिय दैनिकका प्रकाशक सम्पादक कृष्णाप्रसाद बाँस्तोला पछिल्लो समयमा पत्रकार महिलाहरू संख्यात्मकरुपमा बढेको बताउनुहुन्छ तर गुणात्मकरुपमा कमै रहेको उहाँको बुझाई छ ।

महिलाभएकै कारणले संचार क्षेत्रले प्राथमिकतामा नराखेको अवस्था छ भने पुर्ण विश्वास पनि गरेको देखिदैन (वाँस्तोला, २०७३) ।

साँच्चै नै पत्रकारिता क्षेत्रमा महिलाको सहभागिता गुणात्मकरुपमा बढाउने र टिकाउने हो भने राज्यले हरेक क्षेत्रमा ३३ प्रतिशत महिला सहभागिता अनिवार्य भनेजस्तै संचारका हरेक निकायमा पनि कम्तीमा पनि १० प्रतिशत महिला सहभागिता अनिवार्य गराउनुपर्ने उहाँको धारणा छ । त्यस्तै संचारगृह र राज्यले दिने अध्ययन, अवलोकन, तालिम गोष्ठीमा सहभागीको अवसर समान गराउनुपर्ने देखिन्छ । नेपाल पत्रकार महासंघ कास्कीका निवतमान अध्यक्ष बद्रीविनोद प्रतीक पत्रकारितामा सहभागिता भन्दा पनि क्षमता ठुलो कुरा भएको हुदाँ महिला पत्रकारहरूको क्षमता विकास गर्नुपर्नेमा जोड दिनुहुन्छ । साच्चै नै म यस पेशाबाट जिवननिर्वाह गर्दछु भन्ने अवस्थासम्म पुग्न समग्र पत्रकारिता पेशाले सकेको अवस्था छैन । यस पेशामा लाग्नेहरूले आत्मविश्वास बढाउने र लगनशिल भएर काम गर्न आवश्यक एकातिर छ भने अर्कोतिर महिलाहरूका लागिविशेष गरी शिक्षा र तालिममा जोड दिनुपर्दछ । महिलाहरूले अविवाहित अवस्था सम्मकामगर्ने र बच्चा भएपछि खाइ रहेको जागिर छोड्नुपर्ने अवस्था अझै पनि छ । रेडियोको कारण झट्ट हेर्दा संख्या बढेपनि दिर्घकालिनरुपमा बढ्न नसकेको उहाँको बुझाई छ । यसपेशामा बोर्डसिट र ठुला मिडियामा कामगर्ने बाहेक अन्य केटा होस् या केटी टिक्न नसकेको प्रतीक बताउनुहुन्छ । (प्रतीक, २०७३) त्यस्तै पत्रकार महासंघका पुर्व केन्दिय सदस्य दुर्गा भण्डारी पत्रकारितामा महिलालाई टिकाउनको लागि नातावाद र कृपावादलाई हटाउनुपर्ने बताउनुहुन्छ (भण्डारी, २०७३) ।

# परिच्छेद सात

# सारांश, निष्कर्ष र सुझावहरू

## ७.१ सारांश

अध्ययनको सबै भन्दा पहिला परिच्छेद एकमा परिचय शिर्षक दिएर अध्ययनको पृष्ठभूमि त्यसभित्र पत्रकारिताको इतिहासलाई केलाउने कोसिस गरिएको छ । त्यसपछि पत्रकारितामा महिला सहभागिताको विषयलाई विश्लेषण गरिएको छ । जहाँ सहभागी छन् समस्या नहुने ठाउँ हुँदैन त्यसैले समस्याको विषयमा व्याख्या गरिएको छ । समस्या पछि अध्ययनको उदेश्यलाई सामान्य विशिष्ट उद्देश्यमा छुट्याएर प्रस्टाईएको छ । कास्की जिल्लाको पत्रकारिता क्षेत्रमा संलग्न महिलाहरूको सहभागिताको अवस्था पत्ता लगाउनु सामान्य उदेश्य हो भने कास्कीमा कार्यरत पत्रकार महिलाहरूको सहभागिताको अवस्था तथा पेशागत मर्यादा बारे अध्ययन गर्ने, कास्कीमा कार्यरत पत्रकारिता क्षेत्रमा संलग्न महिलाको जिविकोपार्जनको चुनौती बारे अध्ययन गर्ने, पत्रकारिता क्षेत्रमा संलग्न महिलाहरूको जीवनशैलीमा आएको परिवर्तन बारे अध्ययन गर्ने विशिष्ट उद्धेश्य हो । अध्ययनका लागि कास्की जिल्लालाई मात्र समेट्ने गरी त्यो पनि पत्रकार महासंघमा सदस्यता लिएकाहरूको मात्र अध्ययन गर्ने सिमा तोकिएको छ ।

पत्रकारिता क्षेत्रमा महिलाको सहभागिताले समाजमा परेको प्रभावको बारेमा चासो राख्ने समाजशास्त्र मानवशास्त्र अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरूको लागि उपयोगी हुने हुँदा महत्वरहेको बुझिएको छ साथै पत्रकारितामा महिलाको सहभागिता बढाउनका लागि पारिवारी, सामाजिक, कार्यस्थलको बातावरण कस्तो हुनुपर्दछ भन्ने कुराको जानकारी लिन यो अध्ययन सहयोगी हुनेछ ।

परिच्छेद दुईमा साहित्यको पुनरावलोकन शीर्षक दिएर त्यस भित्र विभिन्न उपशिर्षकहरूको व्याख्या गरिएको छ । अध्ययनको सैद्धान्तिक अवधारणा भित्र नेपालमा पत्रकारिताको विकासक्रम त्यसभित्र प्रजातन्त्र स्थापना हुनुअघि (२००७ साल फागुन ७ गते भन्दा अगाडिको पत्रकारिताको अवस्था त्यसपछि प्रजातन्त्र प्राप्ती पछि (२००७ देखि २०१७) सम्मको अवस्थालाई व्याख्या गरिएको छ । त्यसपछि नेपालमा रेडियो कहिलेदेखि कसरी

प्रशारण भएको छ त्यसको व्याख्या गरिएको छ । जसमा पञ्चायती शासनकाल (२०१७ देखि २०४६) पहिलो जनआन्दोलन पश्चात (२०४६ देखि २०६३), दोस्रो जनआन्दोलन पछि ( २०६३ पछि ) शीर्षक दिएर रेडियो, टिभीको स्थापनाका विषयलाई समेटिएको छ ।

त्यसपछि बल्ल नेपाली पत्रकारितामा महिला क्रियाशीलता विषयको उठान गर्दै कास्कीको पत्रकारिताको विकासक्रम त्यसमा पनि छापा, रेडियो, टिभी, अनलाइनलाई छुट्टाछुट्टै व्याख्या गरिएको छ । संचारमाध्यमको विकासक्रम पछि कास्कीको पत्रकारितामा महिला क्रियाशीलताको विश्लेषण गर्दै अध्ययनसँग सम्बन्धित पूर्व प्रकाशित साहित्यको समीक्षा गरिएको छ । त्यस्तै परिच्छेद तीनमा अनुसन्धान पद्धति शिर्षक भित्र अनुसन्धान सँग सम्वन्धित विभिन्न विषयको विश्लेषण गरिएको छ । यो सोध अध्ययनका लागि सर्भेक्षण बिधि र अन्तरवार्ता बिधिको प्रयोग गरिएको छ । कास्कीमा क्रियाशिल ५० जना पत्रकार महिला मध्ये ४४ जना महिला पत्रकारलाई सर्भेक्षणमा समावेश गरिएको छ । त्यसपछि अध्ययन क्षेत्र र क्षेत्र छनौटको उदेश्यको बारेमा प्रस्टाईएको छ । तथ्याङ्कको प्रकृति र स्रोत, समग्रता र नमूना छनोट विधि तथ्याङ्क संकलन विधि, अन्तवार्ता अनुसूचि, अवलोकन विधिको व्याख्या गरिएको छ । यस अध्ययनमा पत्रकार महिला लगायत केही पत्रकार पुरुष र अन्य अनुभवी पत्रकारहरूसँग पनि समुहगत रुपमा छलफल गरि सूचना संकलन गरिएको थियो । त्यसपछि तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण गरिएको छ । तथ्याङ्क संकलनमा प्रयोग भएका औजारहरूको समेत व्याख्या गरिएको छ । प्रश्नावली निर्माण सँगै प्राथमिक तथ्याङ्क संकलनमा प्रयोग भएका विधीहरू र तथ्याङ्क संकलन प्रकृया बारे पनि प्रस्टाईएको छ ।

## मुख्यप्राप्तीहरू

शोध अध्ययनको सर्भेक्षण र अन्तवार्ताको तथ्यांकको विश्लेषण र विवेचनाबाट पत्ता लागेका महत्वपूर्ण नतिजाहरू यस प्रकार छन् :

- अध्ययन अनुसार सञ्चार क्षेत्रमा महिलाहरूको सहभागिता बढ्दो देखियो । पत्रकार महिलाहरूको जिविकोपार्जनको अवस्था पनि सन्तोषजनक रहेको अध्ययनले देखाएको छ ।
- पत्रकारिता पेशामा संलग्न पत्रकार महिलाहरूको पेशागत मर्यादा र सामाजिक प्रतिष्ठा पनि पछिल्लो समयमा सकारात्मक रहेको अध्ययनले देखाएको छ ।

- नेतृत्व तहमा पत्रकार महिलाहरू पुग्न थालेपछि पत्रकार महिलामा थप उत्साह र अगाडी बढ्न प्रेरणा मिलेको छ ।
- समाजमा सवैसँग चिनिएपछि समाजमा छुट्टै किसिमको पहिचान बनेको पत्रकार महिलाको अनुभव छ । पत्रकार महिलाहरूको संख्या यस पेशामा बढेपछि झन् बढी महिलाका मुद्धामा कलम चल्न थालेका छन् । यसले समाजका आवाज विहीनहरूका आवाज बाहिर आउन थालेका छन् भने पत्रकार महिलालाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन आएको छ ।
- संचारगृहले दलित, आदिवासी, जनजाति एवं अन्य सिमान्तकृत समुहका महिलालाई समावेश गर्न ध्यान दिन थालेको छ ।
- महिलाले सधैं काम गर्न सक्दैनन् अथवा महिनावारी, तथा सुत्केरी हुँदा दिनुपर्ने विदालाई पहिलानै सोचेर नियुक्ती वा पदोन्नती जस्ता प्रक्रियामा लैङ्गिक वा कृपावादका आधारमा योग्यता, अनुभव र दक्षताका आधारमा पारदर्शी ढंगबाट नभएको पाइयो ।
- पत्रकारिता गर्न प्राविधिक ज्ञान हुनै पर्छ । जसले आफ्नो क्षमता बढाउँछ उ यो पेशामा टिकिरहन सक्छ, समय अनुसार क्षमता नबढाउनेहरू पलायन भएका छन् । यसैलाई मध्ये नजर गरेर सम्वन्धित संचारमाध्यम र सम्वन्धित पेशागत संगठनले पनि तालिम सेमिनार गरेको पाइयो ।

## ७.२ निष्कर्ष

यो विषयको अध्ययनबाट धेरै निष्कर्ष निकालिएको छ । अध्ययनलाई विश्लेषण गर्दा सञ्चार क्षेत्रमा महिलाहरूको सहभागिता बढ्दो, विभिन्न क्षेत्रमा कार्यरत महिलाहरू यस पेशातर्फ आर्कषित भएका छन् । आर्थिक अवस्थादेखि लिएर सामाजिक अवस्थामा पनि परिवर्तन आएको प्रसंगहरू अध्ययनको क्रममा भेटिएको छ । समाजले हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन भएको कारण पनि पत्रकार महिलाहरूको सहभागिता यस पेशामा आशा लाग्दो छ ।

हरेक क्षेत्रमा समावेशी सहभागिताको कुरा उठिरहेको कारण दलित, आदिवासी, जनजाति एवं अन्य सिमान्तकृत समुहका महिलालाई समावेश गर्न सञ्चारगृहले ध्यान दिन दिएका छन् । कतिपय संचारगृहले साम्प्रदायिक भाषाको लागि मात्र पनि महिलालाई नियुक्त गरेको

पाइन्छ पछि विस्तारै उनीहरूले यसैलाई पेशाको रुपमा अगालेका पनि छन् । योग्यता, अनुभव र दक्षताले स्थान पाउन थालेको महसुस गरिएको छ । पत्रकार महिलाहरूको क्षमताबृद्धि सँगै उनीहरूलाई पेशाप्रति जिम्मेवार बनाउन सम्वन्धित संघसंस्थाहरू पनि लागि परेका छन् । पत्रकार महिलाको क्रियाशिलता पत्रकारिता पेशामा बढ्न थालेपछि महिलाका मुद्धाहरू बाहिर आउन थालेका छन् । यो सकारात्मक पक्ष हो ।

यद्यपी कतिपय संचारमाध्यमले महिलामा हुने विभिन्न शारिरीक समस्यालाई कारण देखाउँदै नियुत्ती वा पदोन्नती जस्ता प्रक्रिया लैङ्गिक वा कृपावादका आधारमा भएको पनि पाइन्छ कतिपय संचार माध्यमहरू महिला मैत्री हुन सकेका छैनन् । पेशागत, सामाजिक र पारिवार जिम्मेवारीको कारण पेशाबाट पलायन हुनुपर्ने अथवा यस पेशालाई आशिंक पेशाको रुपमा अगाल्न बाध्य हुनुपर्ने अवस्था देखियो पनि छ ।

## ७.३ सुझावहरू

**यो शोध अध्ययनबाट निम्न सुझावहरू दिइएको छ :**

- सञ्चार क्षेत्रमा महिलाहरूको सहभागिता बढ्दो छ त्यसलाई टिकाई राख्नको लागि नियुक्ती वा पदोन्नती जस्ता प्रक्रिया लैङ्गिक वा कृपावादका आधारमा नगरी योग्यता, अनुभव र दक्षताका आधारमा पारदर्शी ढंगबाट गर्नुपर्छ ।
- कार्यरत संचार माध्यमबाटै नियुक्तीपत्र र सन्तोषजनक सेवा सुविधा दिन सके आफ्नो पेशालाई निरन्तरता दिन सक्छन् ।
- पत्रकारिता पेशा अगाल्न चाहने पत्रकार महिलालाई राज्यले निशुल्क वा छात्रवृत्ति प्रदान गरी पत्रकारिता विषयमा अध्ययन गर्न पाउने वातावरणको सिर्जना गरिदिनुपर्छ । प्रत्येक कलेज तथा दशजोड दुई कक्षा भएका विद्यालयमा पत्रकारिता विषयको अध्यापन गराउनुपर्छ ।

**मौलिक स्रोत अन्तवार्ता अनुसार**

एनटिभी प्लसका कार्यक्रम निर्माता शान्ता जोशीसँग २०७३ वैशाख १२ गते गरिएको कुराकानीमा आधारित

कार्यक्रम डाइरेक्टर तपनाथ शुक्लासँग २०७२ चैत्र २५ गते गरिएको कुराकानीमा आधारित

क्रियाशिल पत्रकार महिला संस्थाकी अध्यक्ष शुभेच्क्षा बिन्दु तुलाधरसँग २०७२ चैत्र २५ गते गरिएको कुराकानी ।

क्रियाशिल पत्रकार महिला (डव्लुडल्लुजे) का अध्यक्ष शुभेच्छा विन्दु तुलाधरसँग २०७२ चैत्र १५ गते गरिएको कुराकानीमा आधारित

जनकान्तिका प्रकाशक सम्पादक बन्दना भट्राईसँग २०७२ चैत्र २० गते गरिएको कुराकानीमा आधारित

धना लामासँग २०७२ चैत्र २९ गते गरिएको कुराकानीको आधारमा ।

पत्रकार महासंघका पूर्व केन्द्रिय उपाध्यक्ष यशोदा तिम्सिना सँग २०७३ साल बैशाख ११ गते गरिएको कुराकानीमा आधारित

पोखराको पहिलो अनलाइन पोखरा सिटी डटकमका निर्देशक राम गुरुडसँग २०७३ वैशाख २ गते गरिएको कुराकानीमा आधारित ।

बन्दना भटराईका श्रीमान् नारायण भटराईसँग २०७३ वैशाख २५ गते गरिएको कुराकानीमा आधारित

नेपाल पत्रकार महासंघका अध्यक्ष महेन्द्र विष्टसँग २०७३ वैशाख ३० गते काठमाडौंमा गरिएको कुराकानी ।

नेपाल पत्रकार महासंघ कास्की शाखाका अध्यक्ष रामकृष्ण ज्ञवालीसँग  २०७३ वैशाख १५ गते गरिएको कुराकानीमा आधारित ।

नेपाल पत्रकार महासंघ कास्कीका निर्वतमान अध्यक्ष बद्री विनोद प्रतीकसँग २०७३ वैशाख १२ गते गरिएको कुराकानीका आधारमा

नेपाल पत्रकार महासंघका पुर्व केन्द्रिय सदस्य दुर्गा भण्डारीसँग २०७३ साल वैशाख १८गते गरिएको कुराकानीमा आधारित ।

पत्रकार भैरव रिजालसँग २०७३ वैशाख २८ गते गरिएको कुराकानीका आधारमा

उहाँ २०१५ सालदेखि पत्रकारितामा आवद्ध हुनुभयो अन्तवार्ताको आधारमा

गिताकुमारी पौडेलसँग २०७३ वैशाख २२ गते गरिएको कुराकानीमा आधारित ।

रत्न भट्टचनसँग २०७३ वैशाख १५ गते गरिएको कुराकानीमा आधारित

शान्ता श्रेष्ठसँग २०७३ वैशाख २२ गते गरिएको कुराकानीमा आधारित

पत्रकार तथा पर्यवेक्षक साप्ताहिकका सम्पादक तिलकमान गुभाजुसँग २०७३ वैशाख २० गते गरिएको कुराकानीमा आधारित

पत्रकार तथा आदर्श समाज राष्टिय दैनिकका प्रधान सम्पादक कृष्णप्रसाद बाँस्तोलासँग २०७३ बैशाख २९ गते गरिएको कुराकनीका आधारमा

पत्रकार भैरव रिजालसँग २०७३ वैशाख २८ गते गरिएको कुराकानीका आधारमा

पत्रकार तथा प्रेस स्वतन्त्रताका सेनानी केशवराज पराजुली सँग २०७३ साल वैशाख ५ गते गरिएको कुराकानीका आधारमा । उहाँ २०१४ सालदेखि पत्रकारितामा आवद्ध उनीहुन्छ ।

रेडियो नेपालको कार्यक्रम शाखामा कार्यरत पूर्णचन्द्र घिमिरेसँग २०७३ वैशाख १२ गते गरिएको कुराकानीका आधारमा

२०७३ साल वैशाख २२ गते सुश्मा पौडेलसँग गरिएको कुराकानीको आधारमा

२०७३ साल वैशाख १० गते वरिष्ठ पत्रकार माधव शर्मा सँग गरिएको कुराकानीका आधारमा

## सन्दर्भ सामग्रीः


आचार्य, भानुभक्त (२०६७), *आम सञ्चार र पत्रकारिता,* काठमाडौ, नेपाल : नेपाल प्रधान बुक हाउस ।

उप्रेती, टङ्क (२०६६), *सञ्चार अनुसन्धान पद्धति र अभ्यास,* (पहिलो संस्करण) ललितपुर नेपाल : साभ्का प्रकाशन ।

काफ्ले, कपिल (२०६२), *पत्रकारिता डट खोज,* (पहिलो संस्करण), काठमाडौँ, नेपाल मदरल्याण्ड अफ नेपाल ।

कोइराला, तीर्थ (२०५४), *नेपाली पत्रकारिता र महिला पत्रकारहरू विषयक कार्यपत्र पस्तुत,* २०५४ जेठ २३, नेपालगञ्ज ।

गौतम, दिपा (२०६३), *नेपाली टेलिभिजनमा महिला, काँचको पर्दा,* मार्टिन चौतारी ।

देवकोटा, ग्रीष्मबहादुर (२०५९), *नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास,* (तेस्रो संस्करण) काठमाडौ, नेपाल : साभ्का प्रकाशन

नेपाल सरकार, सूचना विभाग (२०७३) *मिडिया डाइरेक्टरी,* काठमाडौँ, नेपाल : सूचना विभाग ।

पन्थी, अर्जुन; महर्जन, हर्षमान; वन्त, प्रत्यूष (२०७०), *नेपाली म्यागेजिनका २५ वर्ष* थापाथली काठमाडौं : मार्टिन चौतारी ।

पराजुली, केशवकुसुम (२०५८), *नेपाली पत्रकारिताको वर्तमान अवस्था,* स्मारिका : नेपाल पत्रकार महासंघ कास्की ।

बस्नेत, लक्ष्मी (२०६७), *काठमाण्डु उपत्यकामा वाहिरका सम्पादक/प्रकाशक महिलाको स्थिती,* अप्रकाशित शोधपत्र आमसञ्चार र पत्रकारिता स्नातकोत्तर तह प्रस्तुत पूर्वाञ्चल विश्व विद्यालय, कीर्तिपुर, काठमाडौं ।

राजथला, अमिका (२०६६ कार्तिक २२), *सम्पादक प्रकाशक महिलाका समस्या र समाधानका उपाय* विषयक राष्ट्रिय सम्मेलनका लागि कार्यपत्र प्रस्तुत ।

सुचना तथा सञ्चार मन्त्रालयबाट २०७३ असार ३० गते सुचना तथा सञ्चार मन्त्रालयको श्रव्यदृश्य शाखाबाट लिइएको तथ्यांक अनुसार ।

हुमागाई, देवराज; वन्त, प्रत्यूष; भट्ट, कोमल (२०६५) *स्वतन्त्र रेडियोको एक दशक,* मार्टिन चौतारी थापाथली काठमाडौं ।

हुमागाई, देवराज (२०६५), *रेडियो नेटवर्क,* मार्टिन चौतारी ।

http://www.wwj.org.np/uindex.php Date Accessed: September 10, 2014.

# अनुसूची एक

## अर्न्तवार्तामा सहभागी प्रकाशक सम्पादक

जमुना वर्षा शर्मा सम्पादक पोखरा एक्सप्रेस पाक्षिक पत्रिका

ईश्वरी पौडेल प्रकाशक सम्पादक परिज्ञान राष्ट्रिय साप्ताहिक

सरश्वती गुरुङ्ग प्रकाशक कास्की आवाज राष्ट्रिय दैनिक

मीना गुरुङ्ग प्रकाशक प्राप्ति त्रैमासिक

## अनुसूची दुई

### अर्न्तवार्तामा सहभागी उत्तरदाताहरू

१. जमुना वर्षा शर्मा पोखरा एक्सप्रेस पाक्षिक पत्रिका

२. ईश्वरी पौडेल परिज्ञान राष्ट्रिय साप्ताहिक

३. सरश्वती गुरुङ्ग कास्की आवाज राष्ट्रिय दैनिक

४. मीना गुरुङ्ग प्राप्ति त्रैमासिक

५. शुश्मा पौडेल आर्दशसमाज राष्टिय दैनिक

६. स्मिता अधिकारी समाधान राष्टिय दैनिक

७. कञ्चन थापा माछापुच्छे एफएम

८. विमला भण्डारी रेडियो जननी

९. सरिता तिमिल्सेना रेडियो अन्नपूर्ण

१०. रविना आलेमगर रेडियो तरङ्ग

११. गिता विष्ट पोखरा अभियान मासिक

१२. शान्ति राणा रेडियो नेपाल

१३. शिला गुरुड रेडियो नेपाल

१४. इन्दिरा गुरुड रेडियो नेपाल

१५. शान्ति गुरुड रेडियो नेपाल

१६. दुर्गा भण्डारी कास्की सन्देश साप्ताहिक

१७. विमला थापा रेडियो अन्नपूर्ण

१८. सीता रेग्मी ज्योतिष भविष्यवाणी साप्ताहिक

१९. दुर्गा रानामगर माछापुच्छे एफएम

२०. लक्ष्मी जि.सी माछापुच्छे एफएम

२१. कविता श्रेष्ठ रेडियो अन्नपूर्ण

२२. राधिका कँडेल पिस पोखरा राष्ट्रिय दैनिक

२३. कृपा भण्डारी रेडियो नेपाल

२४. तारा पौडेल विग एफएम पोखरा

२५. पार्वती पौडेल कास्की सन्देश साप्ताहिक

२६. गोमा घिमिरे रेडियो गण्डकी

२७. कृष्णमाया पोखरेल रेडियो गण्डकी

२८. सावित्री खनाल हिमदुत राष्टिय दैनिक

२९. उमा आलेमगर रेडियो अन्नपूर्ण

३०. ज्योति हमाल रेडियो जननी

३१. रोशनी गुरुड रेडियो गण्डकी

३२. जैनव खातुन फेवा टेलिभिजन

३३. लिना गुरुड सगरमाथा टेलिभिजन

३४. सावित्री कोइराला रेडियो सफलता

३५. प्रमिला बञ्जरा गण्डकी मिडिया हाउस

३६. विना थापा, मगर गण्डकी मिडिया हाउस

३७. शोभा बराल, गण्डकी मिडिया हाउस

३८. शोभा नेपाल, रेडियो अन्नपूर्ण

३९. नरमाया रसाइली, रेडियो जननी

४०. अस्मिता खनाल, गण्डकी मिडिया हाउस

४१. रिता पालिखे, रेडियो अन्नपूर्ण

४२. सोनिका कार्की, रेडियो सराङ्कोट

४३. सम्पदा बाँस्तोला, रेडियो अन्नपूर्ण

४४. शुकमाया हिराचन, गण्डकी मिडिया हाउस

# अनुसूची तीन
# अर्न्तवार्ता प्रश्नावली

*- शोधकर्ता : दुर्गा अधिकारी*

त्रिभुवन विश्वविद्यालयको पृथ्वीनारायण क्याम्पस समाजशास्त्र स्नाकोत्तरको अन्तिम वर्षको शोधपत्रका लागि **"कास्की जिल्लामा पत्रकारिता क्षेत्रमा महिला सहभागिताको समाजशास्त्रीय अध्ययन"** शीर्षकको अनुसन्धान सर्भेक्षणका लागि कास्की जिल्लामा पत्रकारिता पेशा गरिरहेका पत्रकार महिलासँगको अन्तवार्ताका लागि तयार गरिएको प्रश्नावली ।

अध्ययन प्रयोजनका लागि तयार गरिएको प्रश्नहरू ।

नाम : सम्बद्ध सञ्चार संस्था :

कार्यक्षेत्र : पद:

अन्तवार्ता लिएको मिति : अन्तर्वार्ता लिएको स्थान :

दस्तखत :

१) तपाईंले पत्रकारिता कहिलेदेखि कुन सञ्चारमाध्यमबाट शुरु गर्नुभएको हो ?
२) तपाईंले पत्रकारिता शुरु गर्दा भोग्नुपरेका समस्याहरू के के छन् ?
३) तपाईंले पत्रकारिता शुरु गर्दाको अवस्था र अहिलेको अवस्थामा के फरक पाउनुहुन्छ ?
४) कास्कीमा पत्रकार महिलाको सहभागीता कस्तो रहेको छ ?
५) कास्कीका सञ्चारमाध्यम पत्रकार महिला मैत्री भएको कत्तिको पाउनुहुन्छ ?
६) के तपाईंको पत्रकारिता पेशाबाट जीवन निर्वाह भइरहेको छ ?
७) पत्रकारिता पेशासँगै सामाजिक जिम्मेवारी कत्तिको बढेको महसुस गर्नुभएको छ ।
८) यो पेशा अगालेपछि तपाईको जिवन शैलीमा कस्तो परिवर्तन आएको छ ?
९) कास्कीमा क्रियाशील पत्रकार महिलाले भोग्नुपरेका मुख्य समस्याहरू के के रहेका छन् ?
१०) कास्कीको पत्रकारितामा महिलाको सहभागीताले कुन कुन क्षेत्रमा योगदान पुगेको पाउनुहुन्छ ?
११) कास्कीमा पत्रकार महिलाहरूको सहभागितालाई बढाउनका लागि कुन कुन निकायले के गर्न जरुरी छ ?
१२) तपाईंले पत्रकारिता पेशा कत्तिको मर्यादित भएको पाउनुभएको छ ?

१३) राज्यले पत्रकार महिलाको क्षमता अभिवृद्धि र पेशागत सुरक्षाका लागि कस्तो भूमिका खेल्नुपर्ने देख्नुहुन्छ ?

**खुल्ला प्रश्नावली :**

१) तपाईको उमेर कति हो ?

१. २० वर्ष भन्दा कम २. २० देखि २९ वर्ष

३. ३० देखि ३९ वर्ष ४. ४० देखि ४९ वर्ष

५. ५० देखि माथि

२) तपाईं पत्रकारितामा कसरी क्रियाशील हुनुभयो ?

१. आफ्नै इच्छाले

२. अरुको प्रेरणाले

३. स्कोपको क्षेत्र ब्यापक भएकाले

४. अरुको देखासिकीबाट

५. यस वाहेक

३) तपाईको शैक्षिक योग्यता कति हो ?

१) स्कूलमा अध्ययनरत २) प्रविणता प्रमाणपत्र तह ३) स्नातक

४) स्नातकोत्तर ५) अन्य भए

४) तपाईले काम गर्ने सञ्चारमाध्यम कस्तो प्रकारको हो ?

१) सरकारी २) निजी

५) तपाईं आफूलाई कुन समुदायमा राख्न रुचाउनुहुन्छ ?

१ खस आर्य २ मधेशी ३ आदिवासी जनजाति ४ दलित

५ मुस्लिम ६ अन्य भए

६) तपाईं सम्बद्ध सञ्चार संस्था कुन प्रकारको हो ?

१ छापा २ रेडियो ३ टिभी ४ अनलाइन

५ समाचार एजेन्सी ६ अन्य भए

७) तपाई हाल विवाहित वा अविवाहित के हुनुहुन्छ ?

१) अविवाहित २) विवाहित

८) पत्रकारिता सम्बन्धी प्राज्ञिक अध्ययन गर्नुभएको छ ?

१) प्रविणता प्रमाणपत्र तह २) स्नातक ३) स्नातकोत्तर ४) यस वाहेक

९) काम गरे वापत मासिक कति तलव पाउनुहुन्छ ?

१) स्वयंसेवी रुपमा काम गरिरहेकी छु

२) ४ हजार भन्दा कम

३) ४ हजारदेखि ६ हजार सम्म

४) ६ हजार भन्दा बढि ८ हजार सम्म

५) ८ हजार भन्दा बढि १० हजारसम्म

६) १० हजार भन्दा बढि १२ हजारसम्म

६) १२ हजार भन्दा बढि १५ हजारसम्म

७) १५ हजार भन्दा बढि १८ हजारसम्म

८) १८ हजार भन्दा बढि २० हजारसम्म

९) यस वाहेक

१०) तपाईलाई यो पेशामा लाग्नका लागि पारिवारीक सहयोग छ कि छैन ?

१. पारिवारीक सहयोग छ २. पारिवारीक सहयोग छैन

११) यो पेशा प्रति तपाईको सोच के छ ?

१. निरन्तरता दिन्छु २. आंशिकरुपमा लाग्छु

३. पेशा परिवर्तन गर्ने सोचमा छु ।